



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

बुधबार, माघ २४, २०७४ | Wednesday, February 7, 2018 | www.newsofnepal.com | नेसं ११३८ शिल्लागा ७ | वर्ष २४, अंक २८ | पृष्ठ १२ | मूल्य रू १०/–



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ०१-४२६११७९

एक्सटेन्सन: ११३ (९ बजेदेखि ६ बजेसम्म)





## फोर्ड गाडी ठगी प्रकरण

# प्रहरीलाई जिम्मा लगाउने तयारी

**नेपाल समाचारपत्र**

काठमाडौं

थापाथलीमा रहेको जीओ अटोमोबाइल्स प्रालिले बिक्री गर्ने चारपांग्रे सवारीसाधनमा ग्राहकबाट अस्वाभाविक रकम असुली गरेको पुष्टि भएको छ।

आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले गरेको बजार अनुगमनका क्रममा कम्पनीले बेच्ने 'ईको स्पोर्ट फोर्ड १ दशमलव ५ लिटर पेट्रोल गाडीको मूल्यसूचीमा जम्मा लागतभन्दा बढी मूल्य लिएको भेटाएको थियो। कम्पनीका प्रबन्धक तेजकरण जैनको बयानबाट ईको स्पोर्ट गाडीमा भएको अतिरिक्त मूल्य असुलीका विषयमा कारण खुल्न नसकेको तथा अनुगमनका क्रममा भेटिएका कैफियतबाट कम्पनीले ठगी गरेको पुष्टि भएपछि थप अनुसन्धान र कारबाहीका लागि प्रहरीलाई जिम्मा लगाउने तयारी थालिएको हो। 'विभागले आन्तरिक अनुसन्धानका सबै कार्य पूरा गरेको छ। अनुसन्धानबाट उक्त कम्पनीले ईको स्पोर्ट फोर्ड गाडीमा कानुनविपरीत अतिरिक्त शुल्क असुल गरेको भेटिएको छ।

(क्रमशः पृष्ठ ९ मा)



## गोल्छाले विभागलाई ढाँटे

काठमाडौं, (नेस)



आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले उपभोक्ता ठगीका विषयमा मुद्दा शुरू गरेपछि गतहप्ता कम्पनीका तर्फबाट लोकमान्य गोल्छा गाडीको मूल्यमा थपघट नगर्ने तथा ग्राहकबाट अतिरिक्त शुल्क नलिने भन्दै विभाग पुगेका थिए। तर, विभागले गोल्छालाई लिखित प्रतिबद्धता जनाउन भनेको थियो।

(क्रमशः पृष्ठ ९ मा)



# सुमार्गीको २ अर्ब नरोक : सर्वोच्च

**नेपाल समाचारपत्र**

काठमाडौं

सर्वोच्च अदालतले व्यवसायी अजयेराज सुमार्गीको नेपाल स्याटलाइट कम्पनीका लागि आएको करिब सवा २ अर्ब रुपियाँ नरोक्न मंगलबार अन्तरिम आदेश दिएको छ।

न्यायाधीश तेजबहादुर केसीको एकल इजलासले वैदेशिक लगानीका नाममा विदेशबाट ल्याएको पैसा नरोक्न अन्तरिम आदेश दिएको हो।

सन् २०१० जनवरीमा साइप्रसबाट नेपाल इन्भेस्टमेन्ट बैंकको खातामा सुमार्गी र उहाँ संलग्न कम्पनीको नाममा आएको २ करोड १३ लाख अमेरिकी डलर रोकिएको थियो। उद्योग विभागले लगानीको स्रोत नखुलेको भन्दै २०६९ चैत २८ गते रोक्का गर्न भन्दै नेपाल राष्ट्र बैंकलाई पत्र लेखेको थियो। सोही पत्रअनुसार बैंकले बाँकी निकासा रोकेको थियो। त्यस बेला राष्ट्र बैंकको गभर्नर डा. युवराज खतिवडा हुनुहुन्थ्यो।



राष्ट्र बैंकले रकमको स्रोत खुल्न नसकेको भन्दै विदेशबाट ल्याउन लागेको करिब ४ अर्ब रुपियाँ पनि रोक्का गरेको थियो। यसअघि सुमार्गीले आफ्नो नाममा विदेशबाट आएको ८ अर्ब रुपियाँ निकासा र खर्च गरिसकेको सन्दर्भमा राष्ट्र बैंकले रोक्का गरेको थियो।

सुमार्गीको कम्पनी नेपाल स्याटेलाइट टेलिकम प्रालिले आफूले ल्याएको वैदेशिक लगानीको रकम राष्ट्र बैंकले अवैधानिकरूपमा रोकेको भन्दै फुकुवा गरिदिन मागसहित आइतबार सर्वोच्च अदालतमा रिट दायर गरेको थियो। कम्पनी प्रालिका तर्फबाट सुमार्गी र सुवासचन्द्र पौडेलले रकम निकासा माग गर्दै रिट दर्ता गराउनुभएको थियो।

अदालतको आदेशमा बाँकी रहेको रकम रोक्नुपर्ने कुनै स्पष्ट कानुनी आधार र कारण नदेखिएको भन्दै निवेदकको मागअनुसार तत्काल भुक्तानी गराउन नरोक्नू भन्ने उल्लेख गरिएको छ। आदेशमा भनिएको छ- 'पैसा रोक्ने कानुनी आधार वस्तुगतरूपमा देखिन नआउँदा रोक्नुपर्ने अवस्था रहेन।'

(क्रमशः पृष्ठ ९ मा)




समाचार टिप्पणी

## नागरिकमा बढ्दो निराशा

**मधुसूदन रायमाझी, काठमाडौं**

निर्वाचनसँगै आर्थिक समृद्धिको बाटोमा अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरेका दलहरू राजनीतिक किचलोमा रुमलिएका छन्। निर्वाचनपछि जनमतअनुसार सरकार गठनको बाटो सहज बनाउनुपर्ने शेरबहादुर देउवा नेतृत्वको सरकार संवैधानिक अड्चन देखाएर सरकारको आयु लम्ब्याउने खेलमा व्यस्त छ।

निर्वाचनको जनादेशअनुसार अहिलेसम्म नयाँ सरकार गठन भइसक्नुपर्ने थियो। तर, निर्वाचन सम्पन्न भएको दुई महिनाको अवधिमा बल्ल राष्ट्रिय सभाको निर्वाचनमा राजनीतिक दलहरू जुटेका छन्। निर्वाचन भएको एक महिनासम्म राष्ट्रिय सभाको निर्वाचन प्रणालीकै बारेमा सरकार र वाम गठबन्धनबीच किचलो, विवाद र असमझदारी रहयो।

> 'राजनीतिक दलमा नैतिकता र इमानदारिता देखिएन'
> -संविधानविद् डा. आचार्य

> 'जनताले गोल हानेर पनि गोल भन्न पाएनन्'
> -समाजशास्त्री डा. लुइँटेल

(क्रमशः पृष्ठ ९ मा)

## आज राष्ट्रिय सभा निर्वाचन

**सुनील महर्जन, काठमाडौं**

राष्ट्रिय सभाको आज बुधबार हुने निर्वाचनमा ५२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका छन्। कुल ५६ सदस्यका लागि हुने निर्वाचनमा यसअघि २४ जना निर्विरोध भइसकेका छन्। यसले गर्दा ३२ सदस्यका लागि ५२ जना उम्मेदवार निर्वाचनको प्रतिस्पर्धामा रहेका हुन्।

प्रदेश नं १, ३, ४, ६ र ७ वटा प्रदेशमा मात्र मतदान हुनेछ। प्रदेश नं १ को मोरङ, ३ को ललितपुर, ४ को कास्की, ५ को दाङ, ६ को सुर्खेत र ७ को डोटीको दिपायलमा मतदानस्थल तोकिएको छ। प्रदेश नम्बर २ मा आठै जना सदस्य निर्विरोध निर्वाचित भएकाले त्यहाँ मतदान गर्नु नपरेको हो।

प्रत्येक प्रदेशमा मतदान गराउनका लागि १४ वटा मतदान केन्द्रको व्यवस्था गरेको आयोगले जनाएको छ। आयोगले उच्च अदालत रहेको जिल्लाको सदरमुकाममा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेको थियो।

निर्वाचनको अवधि बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म तोकिएको छ। निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको आयोगले जनाएको छ। प्रत्येक प्रदेशमा स्थापना गरिएका निर्वाचन अधिकृतको कार्यालयले मतदानका लागि गर्नुपर्ने सबै प्रकारका तयारी पूरा गरेको जानकारी आयोगलाई प्राप्त भएको मंगलबार आयोजित पत्रकार भेटघाटमा बताइयो।

> ३२ का लागि ५२ भिड्दै

(क्रमशः पृष्ठ ९ मा)



# हँगेरी | जनताको नाम सरकारले जुराउने देश

पुष्करलाल श्रेष्ठ
pushkarlal@gmail.com

यसभन्दा अधिका युरोप भ्रमणसम्बन्धी लेखहरूमा युरोपका अधिकांश देशमा त्यहाँका जनताले शिक्षा र स्वास्थ्यको नि:शुल्क सुविधा पाउने कुरा त पढ्नुभएकै होला, तर जनताको नामसमेत देशले नै जुराइदिने कुराचाहिँ पक्कै पनि पढ्नुभएको छैन होला। हो, मध्ययुरोपकै हँगेरी नामको देशमा जनताको नामसमेत देशले नै जुराइदिने कुरा थाहा पाएपछि यो स्तम्भकारलाई पनि अचम्म लागेको थियो।

हँगेरीमा जन्मने नागरिकले हामीकहाँ जस्तो आफूखुसी नाम राख्न पाइँदो रहेनछ। जन्मने एक-एक नागरिक खोज्दै नाम राख्न जाने कुरा पनि आएन। त्यसैले देशले नै केही निश्चित नामहरू तोकेर राखेको हुँदो रहेछ। यसरी देशले तोकेर राखेका नामहरूभन्दा बाहिर गएर कसैले पनि आफ्नो बच्चाको नाम राख्न नसकिने हँगेरी एउटा संसारकै अचम्मको देश रहेको कुरा त्यहीँ पुगेपछि मात्र थाहा पाइयो।

> धेरैलाई थाहा नहुन सक्छ, पत्रकारिताका पिता मानिने अखबार 'सेन्ट लुइस पोस्ट डिस्प्याच' र 'दि न्युयोर्क वर्ल्ड' प्रकाशित गर्ने जोसेफ पुलिट्जरको जन्म पनि हँगेरीमै भएको थियो। हँगेरीको माको भन्ने ठाउँमा सन् १८४७ अप्रिल १० तारिखका दिन जन्मेका पुलिट्जरको सेना बन्ने सपना साकार हुन नसकेपछि उनी हँगेरी छोडेर सन् १८६४ मा अमेरिकाको बोस्टनमा बसाइँ सरेका थिए।

अस्ट्रिया, युक्रेन, रोमानिया, सर्बिया, क्रोएसिया, स्लोभेनिया र स्लोभाकियाले घेरिएको यस्तो अचम्मको देश ९३ हजार ३० वर्गकिलोमिटर क्षेत्रमा फैलिएको छ। अस्ट्रिया-हँगेरीको नाममा यो देश पहिले निकै ठूलो रहेछ। तर, प्रथम विश्वयुद्धमा नराम्ररी हारेपछि यसले झन्डै ७१ प्रतिशत आफ्नो भूभाग गुमाउनुपरेको थियो। यसरी आफ्नो धेरै भूभाग गुमाउनुपरेको पीडामा दोस्रो विश्वयुद्धमा हिटलरसँग मिलेर युद्धमा होमिन पुगेको हँगेरी यस युद्धमा पनि हार खानुपरेपछि लामो समयसम्म तत्कालीन सोभियत संघको कठपुतली भएर बस्न विवश हुनुपरेको थियो।

प्रथम विश्वयुद्धमा हारेपछि धेरै भूभागसँगै ५८ प्रतिशत हँगेरियन जनतासमेत गुमाउनुपरेको थियो। यसरी धेरै जनता गुमेपछि अहिले हँगेरी मात्र १ करोड जनतामा सीमित भएको छ। दोस्रो विश्वयुद्ध हारेपछि चार दशकसम्म सोभियत संघको मातहतमा रहेको हँगेरी लामो समयको शान्तिपूर्ण आन्दोलनपश्चात् सन् १९८९ मा मात्र स्वतन्त्र राष्ट्र बन्न सफल भएको थियो। हँगेरी स्वतन्त्र भएको एक वर्षपछि मात्र सोभियत संघले त्यहाँ रहेका आफ्ना १ लाख सैनिकलाई फिर्ता लगेको थियो। सोभियत संघले छोडेलगत्तै २३ अक्टोबर १९८९ मा हँगेरीलाई संसदीय व्यवस्थासहितको प्रजातान्त्रिक देश घोषणा गरिएको थियो।

> हामी नेपालीले मद्यपान गर्ने बहानामा छिनछिनमा दुईवटा गिलास समातेर चियर्स गरेजस्तो हँगेरीमा पुगेर यसो गरियो भने तपाईं नराम्ररी फस्न सक्नुहुन्छ। यसो गरेबापत तपाईंलाई कुनै जरिवाना नगरे पनि उनीहरुले तपाईंलाई आफ्ना अगाडि असभ्य मानिस उभिएको जस्तै व्यवहार गर्छन्। यसरी चियर्स गरेको हँगेरियनलाई बिल्कुलै मन नपर्ने कुरा पनि त्यहीं पुगेर थाहा पाइयो।

नेपालमा प्रजातन्त्रको पुन:स्थापना भएकै वर्ष सन् १९८९ मा प्रजातान्त्रिक मुलुक बनेको हँगेरी त्यहाँका त्यागी र दूरदर्शी नेताका कारण अहिले यो मुलुक संसारकै ४०औं धनी बन्न सफल भएको छ। यहाँको जीडीबीअनुसार हँगेरी अहिले संसारकै ५८औं ठूलो अर्थतन्त्र भएको देश हो। यो मुलुक अहिले संसारको ३५औं ठूलो निर्यातकर्ता र ३४औं ठूलो आयातकर्ता पनि हो। हँगेरीका जनताले शिक्षा र स्वास्थ्यको सुविधा सहज तथा नि:शुल्करूपमा उपभोग गर्छन्। यहाँ शिक्षा र स्वास्थ्यका लागि डा. गोविन्द केसीले जस्तो अनशन बसिरहनुपर्दैन।

प्रजातन्त्र स्थापना भएको २८ वर्षभित्र यो मुलुकले गरेको विकासका कारण हँगेरियनहरू अहिले संसारकै २० औं सुखी जीवनस्तर जिउने भाग्यमानी जनता बनेका छन्। यो संसारकै १५औं शान्त र सुरक्षित देश भएकाले यहाँ बर्सेनि करोडौं पर्यटक ओइरिने गर्छन्। सन् २०१५ मा ४ करोड पर्यटकले हँगेरीको भ्रमण गरेको तथ्यांक देखेपछि आफ्नो देशको स्थिति सम्झेर रुनै मन लाग्यो।

हँगेरीलाई दाँतको पर्यटकीय देश पनि भनिँदो रहेछ। यो मुलुकका दन्तचिकित्सक संसारकै अब्बल मानिन्छन्। तुलनात्मकरूपमा अन्य युरोपेली राष्ट्रभन्दा यहाँ स्तरीय र कम खर्चमा दाँतको उपचार हुने भएकाले प्राय: अधिकांश युरोपियन दाँतको उपचार गराउन हँगेरी आउने गर्दा रहेछन्। हँगेरी धेरै पर्यटक पुग्ने संसारकै ११औं देश हो।



पुलिट्जरले अमेरिकामा स्थापना गरेको पत्रकारितासम्बन्धी संसारकै पहिलो स्कुल 'दि मिजोरी स्कुल अफ जर्नालिजम' स्कुलमा लेखक।

नेपालकै जस्तो राजनीतिक प्रणाली भएको हँगेरी १९ राज्य मिलेर बनेको छ। यहाँ राष्ट्रपति मुलुकको प्रमुख भए पनि प्रधानमन्त्री नै सर्वेसर्वा हुन्छन्। बहुमतीय प्रणालीमा संसद्बाटै चुनिने प्रधानमन्त्रीमै मुलुकको कार्यकारी अधिकार निहित हुन्छ। सन् १९८९ मा कम्युनिस्टको अन्त्य भएपछि अहिले हँगेरीमा फिडेल नामको कन्जर्वेटिभ, लेफ्ट विङ्ग हँगेरियन र नेसनलिस्ट आयोविक नामको तीन राजनीतिक पार्टी अस्तित्वमा रहेको देखियो। हाल फिडेल कन्जर्वेटिभ पार्टीले बहुमत हासिल गरी सत्ता चलाइरहेको छ।

धेरै देशसँग राम्रो कूटनीतिक सम्बन्ध राख्न सफल भएका कारण अहिले हँगेरीको राजधानी बुडापेस्टमा विश्वका १ सयभन्दा बढी देशका राजदूतावास देख्न सकिन्छ। सोभियत संघको लामो दबाबमा बस्नुपरेकाले होला, अहिले हँगेरी पश्चिमेली मुलकहरू र अमेरिकासँग नजिक रहेको देखिन्छ। त्यसैले यहाँ आईएलओ, हाई कमिसन रिफ्युजी, इन्टरनेसनल रेडक्रसजस्ता संसारका ठूला-ठूला मुख्यालय रहेका छन्। हँगेरी सन् २००४ मा युरोपियन युनियनको सदस्यता लिँदै सन् २००७ मा सिन्जेनमा सहभागी भएको थियो। त्यसै गरी हँगेरी संयुक्त राष्ट्रसंघ, नेटो, विश्व बैंक र काउन्सिल अफ युरोपको पनि सदस्य हो।

कला, संस्कृति, संगीत, खेलकुद, प्रविधि र विज्ञान क्षेत्रमा समेत कहलिएको यो देशले थुप्रै विद्वान् जन्माएको छ। यति सानो मुलुकका विद्वान्ले विज्ञान र प्रविधिमा मात्र १३ वटा नोबेल पुरस्कार जितिसकेका छन् भन्दा हामीजस्ता नकारात्मक र अनुत्पादक सोच भएका नेपालीलाई पत्याउनै गाह्रो पर्छ। धेरैलाई थाहा नहुन सक्छ, पत्रकारिताका पिता मानिने अखबार 'सेन्ट लुइस पोस्ट डिस्प्याच' र 'दि न्युयोर्क वर्ल्ड' प्रकाशित गर्ने जोसेफ पुलिट्जरको जन्म पनि हँगेरीमै भएको थियो। हँगेरीको माको भन्ने ठाउँमा सन् १८४७ अप्रिल १० तारिखका दिन जन्मेका पुलिट्जरको सेना बन्ने सपना साकार हुन नसकेपछि उनी हँगेरी छोडेर सन् १८६४ मा अमेरिकाको बोस्टनमा बसाइँ सरेका थिए। अमेरिकाको कोलोम्बोमा पुलिट्जरले संसारकै पहिलो पत्रकारिताको स्कुल खोलेका थिए। सन् १९०८ मा खोलेको 'दि मिजोरी स्कुल अफ जर्नालिजम' स्कुलमा अमेरिकी सरकारको निम्तोमा केही समय यस लेखकले पनि अध्ययन गर्ने अवसर प्राप्त गरेको थियो।



जोसेफ पुलिट्जर र उनको पत्रिका 'दि न्युयोर्क वर्ल्ड'।

खेलकुदमा समेत अब्बल यो मुलुकका खेलाडीले अहिलेसम्म ४ सय ९७ वटा ओलम्पिक पदक जितिसकेका छन्। हँगेरीपछि धेरै ओलम्पिक पदक जित्ने संसारमा अरू जम्मा ७ वटा मात्र मुलुक छन्। वाटरपोलोमा त हँगेरीलाई जित्न सक्ने विरलै देश होलान् जस्तो लाग्छ। ओलम्पिकको वाटरपोलोमा हँगेरीका खेलाडीले जस्तो अरू कुनै मुलुकका खेलाडीले पदक जित्न सकेका छैनन्। यसरी ओलम्पिक खेलमा एक किसिमले दादागिरी नै गर्दै आएको हँगेरी आफैंले ओलम्पिक खेलको आयोजना गर्ने लामो प्रयासलाई भने सार्थक बनाउन सकिरहेको छैन। हँगेरीको सन् १९१६, १९२०, १९३६, १९४४ र १९६० मा ओलम्पिक खेलको आयोजना गर्ने प्रयास व्यर्थ भइसकेको छ भने सन् २०२४ का लागि समर ओलम्पिकको आयोजना गर्ने सपनालाई पनि फ्रान्सले चकनाचुर पारिदिएको छ।

हँगेरी आफ्नै फर्मुला वन ट्र्याक भएको सम्पन्न देश हो। चेस खेलमा पनि हँगेरियन च्याम्पियन छन्। यहाँका चेस खेलाडी विश्वकै १०औं अब्बल श्रेणीमा पर्छन्। यहाँका चेस खेलाडी फ्रान्स र बेलायतका भन्दा राम्ररी चेस खेल्छन्। सन् १९३८, १९५४ र १९६४ मा गरी तीनपटक विश्वकप फुटबलमा उपविजेता बन्न सफल हँगेरीले फुटबलमै तीनवटा ओलम्पिक मेडल पनि जितिसकेको छ। संसारकै सबैभन्दा नामुद संगीतकार हेरी हुडिनी हँगेरियन नै हुन् भन्ने कुरा पनि धेरैलाई थाहा नहुन सक्छ।

लगभग शतप्रतिशत साक्षर भएको हँगेरीको मुख्य आयआर्जन खाद्यान्न, औषधि, अटोमोबाइल, आईटी, केमिकल्स, मेटल्स, मेसिनरी इलेक्ट्रिकल, विभिन्न वस्तुको उत्पादन र पर्यटनबाट हुने गरेको छ। विद्युतीय उत्पादनमा हँगेरी मध्य र पूर्वी युरोपकै सबैभन्दा ठूलो देश हो। हँगेरी उद्योगमा २९.७ प्रतिशत, नोकरीमा ६३.३ प्रतिशत र कृषिमा ७.१ प्रतिशतमा निर्भर हुने देश हो। ८० प्रतिशत अर्थतन्त्र निजी क्षेत्रको हातमा रहेको हँगेरीमा झन्डै ४० प्रतिशत कर तिर्नुपर्ने भए पनि जनताबाट उठेको कर जनताकै हित र विकासमा लगानी गर्ने राज्यको नीतिले गर्दा यहाँका जनता करको दर चर्को भए पनि खुसीराजीले कर तिर्न मन पराउँछन्।

देशको सबै कुरा व्यवस्थित र पारदर्शीरूपमा चल्ने भएकाले हँगेरीमा विदेशका ठूला-ठूला कम्पनी लगानी गर्न उत्साहित हुने रहेछन्। सन् २०१५ मा मात्र हँगेरीमा सय बिलियन डलरभन्दा बढी विदेशी लगानी भित्रिएको रहेछ। हँगेरीले देशबाहिर पनि बर्सेनि ५० बिलियन डलरभन्दा बढी लगानी गर्ने गरेको छ। हँगेरीको जर्मनी, अस्ट्रिया, रोमानिया, स्लोभाकिया, फ्रान्स, इटली, पोल्यान्ड र चेक गणतन्त्रसँग असाध्यै राम्रो आर्थिक सम्बन्ध भएको पाइयो।

सन् १८९६ मै भूमिगत रेल सञ्चालनमा आइसकेको हँगेरीको राजधानी बुडापेस्टको भूमिगत रेलसेवालाई संसारकै दोस्रो पुरानो भूमिगत रेलसेवा मानिन्छ। सानो मुलुक भएर पनि पाँचवटा अन्तर्राष्ट्रिय विमानस्थलको सुविधा भएको देश हँगेरीको सडक र सामुद्रिक यातायातको सुविधालाई संसारभरले प्रशंसा गर्ने गरेका छन्। १३ सय १४ किलोमिटर आरामदायी पिच सडकमा गाडी गुडाउन यहाँ युरोपका धेरै देशबाट व्यावसायिक गाडी चालकहरू आउने गरेका छन्।

हँगेरियन पुरुषको सरदर आयु ७१ र महिलाको ७९ वर्ष भए पनि यहाँका धेरै मान्छे हृदयाघात र क्यान्सरले मर्ने भएकाले यहाँ धूमपानलाई लगभग निषेधजस्तै गरिएको देखिन्छ। हँगेरीको कुनै पनि सार्वजनिक ठाउँमा धूमपान गर्न पाइँदैन। हुन पनि जतिसुकै सफा भए पनि युरोपका अन्य शहरमा जस्तो यहाँ चुरोटका ठुटाहरू जथाभावी फालिएको देखिँदैन। चुरोटमा निकै चर्को कर राखिएको हँगेरीमा सरकारी पसलमा बाहेक अन्यत्र चुरोट किन्न पाइँदैन।

हामी नेपालीले मद्यपान गर्ने बहानामा छिनछिनमा दुईवटा गिलास समातेर चियर्स गरेजस्तो हँगेरीमा पुगेर यसो गरियो भने तपाईं नराम्ररी फस्न सक्नुहुन्छ। यसो गरेबापत तपाईंलाई कुनै जरिवाना नगरे पनि उनीहरूले तपाईंलाई आफ्ना अगाडि असभ्य मानिस उभिएको जस्तै व्यवहार गर्छन्। यसरी चियर्स गरेको हँगेरियनलाई बिल्कुलै मन नपर्ने कुरा पनि त्यहीँ पुगेर थाहा पाइयो।

मौसमको हिसाबले धेरै उत्तारचढाव देखिने हँगेरीमा सरदर ९.७ डिग्री सेल्सियस तापक्रम भए पनि २० जुलाई २००७ मा यहाँको तापक्रम बढेर ४१ डिग्रीसम्म पुगेको रहेछ। त्यसै गरी १६ फेब्रुअरी १९४० मा तापक्रम घटेर माइनस ३५ डिग्री पुगेबाट पनि यहाँको मौसममा कति उत्तारचढाव आउने रहेछ भन्ने कुरा थाहा पाउन सकिन्छ। लगभग ५० प्रतिशत विदेशमा बस्ने हँगेरियनहरू जर्मनीका तानाशाह हिटलरको हाहामा लागेर हँगेरीमा बसोबास गरिरहेका ५ लाख ५० हजार यहुदीलाई जबर्जस्ती जर्मनी पलायन गरेर मार्न लगाएकोमा अहिले पनि पश्चात्ताप गरिरहेका भेटिन्छन्।

हँगेरीको राजधानी बुडापेस्टपछि यो देशमा हेर्नलायक अन्य शहर डरब्रेक्यान, सिजेड र मिसकोललाई पहिलो प्राथमिकतामा राख्दा हुन्छ।

हँगेरीमा बसोबास गर्दै आइरहनुभएका गैरआवासीय नेपाली नारायण भण्डारीका अनुसार हाल हँगेरीमा अध्ययन गरिरहेका विद्यार्थीसमेत करिब ७० जना नेपाली बसोबास गर्छन्।

हँगेरी भ्रमण गर्नुअघि यस देशका लागि अवैतनिक महावाणिज्यदूत प्रसिद्ध उद्योगपति अरुण चौधरीसँग सल्लाह लिएर जान सके झनै भ्रमण सहज र उपयोगी हुने लेखकको सल्लाह छ। महावाणिज्यदूत चौधरीका अनुसार सन् २००९ देखि २०१६ सम्म नेपालबाट ३० लाख डलर बराबरको वस्तु निर्यात र हँगेरीबाट ४८ लाख डलर बराबरको वस्तु आयात भएको छ।



राजधानी बुडापेस्टको सुन्दर फिसरम्यान्स् बास्चियन।



हँगेरीको सिजिनी राष्ट्रिय पुस्तकालय।



हँगेरीको सांसद भवन अगाडि लेखक श्रीमती राजेश्वरी श्रेष्ठसँग।

## एकीकृत नमुना सन्तपुर बस्ती हस्तान्तरण

# १ सय ७ वर्षीया वृद्धादेखि ४७ परिवारलाई मिल्यो खुसी



**सञ्जय कार्की, गौर, रौतहट**

पक्की घरमा बस्छु भनेर कहिल्यै कल्पना नगरेकी चन्द्रपुर-८ सन्तपुरकी रामकलीदेवी माझी १ सय ७ वर्षको उमेरमा भने पक्की घरमा बस्ने भएकी छिन्।

बालापनदेखि वृद्धावस्थासम्मको जीवन झुपडीमै बिताएर परिवार गुमाएकी माझीलाई यो उमेरमा आएर पक्की घरमा बस्ने शौभाग्य मिलेको छ। उनी मंगलबारबाट पक्की घरमा सरिन्। उनलाई यो शौभाग्य हास्य कलाकार दम्पती सीताराम कट्टेल 'धुर्मुस' र कुञ्जना घिमिरे 'सुन्तली' को धुर्मुस-सुन्तली फाउन्डेसनले जुराइदिएको हो।

माझी मात्र हैन, त्यस बस्तीका ४७ घरधुरी परिवारले मंगलबारबाट पक्की घरमा बस्ने अवसर पाए। टेलिभिजनको पर्दामा देखिन छाडेका धुर्मुस र सुन्तली गरिब, असहाय र विपन्नको मनमा बस्ने पुण्य कार्यमा लागेपछि रौतहटको सन्तपुरका पुस्तौंदेखि झुपडीमा बस्दै आएका मुसहर, चमार, साह, थारूलगायतले मंलबारदेखि दुईतले आधुनिक पक्की घरमा बस्न पाएका छन्। आफ्नो स्वामित्वमा जमिनसमेत नभएका कारण ऐलानी जमिनमा भए पनि बसोबास गरेका ती समुदायको जीविकोपार्जन भनेको दैनिक ज्यालादारी नै हो। स्वदेश र विदेशमा बस्ने मनकारीदाताहरूको सहयोगमा धुर्मुस-सुन्तलीले गत असोज २८ गतेदेखि निर्माण थालेको एकीकृत नमुना सन्तपुर बस्ती १ सय १४ दिनमा नै निर्माण सम्पन्न गर्न सफल भए। फिल्ममा देखाएझैं चमत्कारी हिसाबले त्यस क्षेत्रको बस्ती निर्माण सम्पन्न भएको छ।

१२ कट्ठा जमिनको क्षेत्रफलमा धुर्मुस-सुन्तली फाउन्डेसनले कम्पाउन्डवालसहित एक विद्यालय भवन, एक सामुदायिक भवन, एक क्लब घर, एक बाल उद्यान र पार्किङसहितको एक फलामको अग्लो भ्यु टावर तथा ४७ वटा पक्की घर निर्माण गरेको छ। सोभित्र साढे तीन धुर जमिनमा शौचालय र बाथरुमसहितको पक्की घर निर्माण भएको छ। बाटो, आँगन, खानेपानीको धारा, बिजुली सबै उक्त बस्तीको प्रत्येक घरमा छ। एउटा घरमा एक परिवार बस्छन्। प्रतिपरिवारमा ५ देखि ९ जना सदस्य छन्। वृद्धवृद्धा र ९२ जना बालबालिकासहित २ सय ८४ जना विपन्नले नमुना बस्तीको पक्की घरमा बस्ने अवसर पाएका हुन्।

उनीहरूले पक्की घर मात्र पाएका छैनन्, आनिबानी र संस्कारमा समेत परिवर्तन गरेका छन्। बाहिरबाट आएका मानिस हेरेर लजाउने, नबोल्ने, टाढा बस्ने बानी हटाएर सबैसँग बोल्ने, आफ्नो हक-अधिकारको कुरा गर्ने गर्न थालको बस्तीकी सुगान्धी पासवानले बताइन्।

सो बस्ती निर्माण गर्न ५ करोड ९५ लाख रुपियाँ लागेको जानकारी दिने क्रममा फाउन्डेसनले बस्ती निर्माणमा अझै ७० लाख रुपियाँ ऋण रहेको जानकारी गराएको छ। बस्ती निर्माण समितिका अध्यक्ष शतनारायण माझीले भने- 'जीवनमा कल्पना गर्न नसकेको चिज प्राप्त गरेका छौं। धुर्मुस-सुन्तली हाम्रा लागि भगवान् हुन्।' अहिले सो बस्तीका बालबालिका विद्यालय जान थालेका छन्। सधैं मदिरामा लठिने उनीहरू मदिरा पिउन छाडेर अनुशासित जीवनमा बाँधिएका छन्।

बस्ती निर्माण भएपछि मंगलबार एक समारोहका बीच राष्ट्रपति विद्यादेवी भण्डारीले बस्ती निर्माण समितिका अध्यक्ष शतनारायण माझीलाई साँचो हस्तान्तरण गरेकी छिन्। कार्यक्रममा राष्ट्रपति भण्डारीले देशको उन्नतिका लागि सबै क्षेत्र वर्ग र समुदायको समान सन्तुलित विकास गर्न जरुरी रहेकोमा जोड दिइन्। उनले समाजिक र आर्थिक विकासले नै सुखी नेपाली र सम्वृद्ध नेपाल बनाउने संविधानको भावनालाई यो सुन्दर बस्तीले समेटेको बताइन्। कार्यक्रममा फाउन्डेसनका अध्यक्ष हास्यकलाकार सीताराम कट्टेल 'धुर्मुस' ले सकारात्मक सोच लिएर अघि बढ्दा मानवीय सेवामा जुटिरहेको आफूलाई थाहा नभएको बताए। 'यो खुसी हाम्रो मात्र नभई ३ करोड नेपालीको खुसीको क्षण र पल हो जस्तो हामीलाई लागेको छु' -कट्टेलले भने।

बस्ती हस्तान्तरण कार्यक्रममा सहभागी हुन काडमाडौंबाट ठूलो संख्यामा कलाकर्मी तथा शुभचिन्तक रौतहट पुगेका थिए।






# एलिशाको झ्याइँ पार्ने रहर



अभिनेतृ तथा नृत्यांगना एलिशा राई झ्याइँ झ्याइँ पार्ने रहरसहित देखिएकी छिन्।

गायिका सरू राई सरस्वतीको नयाँ गीत *झ्याइँ झ्याइँ झ्याइँ* बोलको म्युजिक भिडियोमा एलिशाले अभिनेता निराजन प्रधानसँगै झ्याइँ पार्ने चाहना व्यक्त गरेकी हुन्। हालै सार्वजनिक उक्त गीतको म्युजिक भिडियोमा गायिका सरू राईकै शब्द तथा संगीत रहेको छ। गीतमा प्रदीप जोशीले संगीत संयोजन गरेका छन्।

आधुनिक शैलीको गीतको म्युजिक भिडियो नृत्यपरक छ। भिडियोमा चर्चित नृत्यांगना एलिशा राईले दर्शकको मन जित्ने शैलीको नृत्य गरेकी छिन्। युवराज वाइबाद्वारा निर्देशित भिडियाको छायांकन उत्सव दाहालले गरेका छन् भने निशान घिमिरेले सम्पादन गरेका छन्।

# गायिका परियारलाई २ लाख रुपियाँ सहयोग

मृगौलाले काम गर्न छाडेपछि त्रिभुवन शिक्षण अस्पतालमा उपचार गराइरहेकी गायिका जलजला परियारलाई नेपाल राष्ट्रिय लोकदोहोरी व्यवसायी संघले २ लाख रुपियाँ सहयोग रकम उपलब्ध गराएको छ।

संघका अध्यक्ष विनोद श्रेष्ठको संयोजकत्वमा अस्पतालमा पुगेको टोलीले गायिका जलजलाकी आमालाई सो रकम हस्तान्तरण गरेको हो। श्रेष्ठले गायिका परियारको स्वास्थ्य स्थिति बुझ्दै अझै सकेको सहयोग गर्न तत्पर रहेको बताए। संघका कोषाध्यक्ष अशोक गिरीले गायिका परियारको मृगौलाले काम गर्न छाडेको अवस्थामा अहिलेसम्म कार्यसमितिबाट जम्मा भएको रकमलाई मात्र हस्तान्तरण गरेको बताए।

त्यसै गरी गुल्मी मदाने गाउँपालिकाका वसन्त कुँवरलाई पनि संघले ३५ हजार रुपियाँ सहयोग हस्तान्तरण गरेको छ। मृगौला फेल भएर शिक्षण अस्पतालमै उपचार गराइरहेका वसन्तलाई संघले बिनायोजना तत्काल ३५ हजार रुपियाँ सहयोग गरेको हो।





सर्वत्र बजारमा उपलब्ध छ।

# विचार

विद्यार्थीको आवाज स्यालको हुइयाँ मात्र होइन, एक कुशल सिकारीको अचुक निशाना हो।

- लेनिन

मैले नेपालको हिमाल देखेको छु र सबैभन्दा बढी त बहादुर नेपालीहरूलाई चिनेको छु।

- माओत्सेतुङ

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# सुरुङ मार्ग घोषणामा मात्रै सीमित नहोस्

सरकारले सहज, छिटो र छरितो ढंगले सवारीसाधन सञ्चालन गर्नको लागि राजधानी काठमाडौंलगायतका विभिन्न स्थानमा सुरुङ मार्ग निर्माण गर्ने घोषणा गरेको छ । सरकारको नीति तथा कार्यक्रममा नै समावेश गरिए पनि अहिलेसम्म ती स्थानहरूमा सुरुङ मार्गको कामको शुरुवात हुन सकेको छैन । त्यसैले सुरुङ मार्गको काम घोषणामा नै सीमित हुने हो कि भन्ने लाग्नु स्वाभाविक नै हो ।

निर्माणको चरणमा सुरुङ मार्ग महँगो भए पनि दीर्घकालीनरूपमा सहज र सस्तो मानिन्छ । सोही योजनाअनुसार सरकारले राजधानी भित्रिने मुख्य नाकाहरूको विकल्पको रूपमा निर्माण गर्ने भनिएको सुरुङ मार्गको काम अगाडि बढाउनको लागि जाँगर देखाएको छैन । बजेट विनियोजन गरे पनि काम शुरु गर्नको लागि आलटाल र ढिलासुस्ती गर्दै आएको छ । सरकारले सस्तो लोकप्रियताको लागि विभिन्न स्थानमा सुरुङ मार्ग निर्माण गर्ने घोषणाले नागरिकहरू उत्साहित बने पनि घोषणा भएको वर्षौंसम्म काम अगाडि नबढ्दा निराशा छाएको छ ।

अहिले देशको केन्द्रीय राजधानी प्रवेश गर्ने मुख्य नाका नागढुंगामा सुरुङ मार्ग निर्माण हुने विषयले लाखौं नागरिक खुशी भएका छन् । सुरुङ निर्माण तोकिएकै समयमा सम्पन्न भएको खण्डमा नागढुंगामा दैनिक घन्टौंसम्म हुने सवारी जामको समस्या हटनुको साथै राजधानी भित्रिने र बाहिरिने यात्रुहरूको लागि निकै सहज हुनेछ । अहिले विभिन्न जिल्लाका हजारौं सवारीसाधन मुख्य नाका नागढुंगाबाट राजधानी प्रवेश गर्ने गरेका छन् । यसको विकल्पको रूपमा हुन लागेको सुरुङ मार्गलाई निकै महत्वको साथ हेरिएको छ ।  सुरुङ मार्गको घोषणा हुने तर कार्यान्वयन नहुने पुरानो परम्परा पनि विद्ययमान नै छ । सुरुङ मार्ग पाँच वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

सुरुङ मार्ग निर्माण गर्नु राम्रो प्रक्रिया हो । काभ्रे हुँदै विभिन्न जिल्लाबाट राजधानी भित्रिने सवारीसाधनलाई सहज बनाउनको लागि कोटेश्वर–जटीबुटी, साँगामा सुरुङ निर्माण गर्ने चर्चा पनि शुरु भएको छ । तर सुरुङ मार्ग निर्माणले बेलाबखतमा चर्चा पाउने र आफैं सेलाएर जाने गरेको छ । कोटेश्वरमा बढ्दो सवारी जामलाई सहज बनाउनको लागि यस आर्थिक वर्षमा नै सुरुङ निर्माण गर्ने घोषणा गरे पनि काम हुन सकेको छैन । कोटेश्वर हुँदै पेस्सीकोलासम्म सुरुङ मार्ग निर्माण गर्ने विषय पनि चर्चामा नआएको होइन । तर कहिलेसम्म निर्माण हुन्छ भन्ने कुरा अन्योलमा नै रहेको छ । राजधानी काठमाडौं–हेटौंडासम्मको सुरुङ मार्ग निर्माण कार्य पनि अहिले अलपत्र परेको छ । त्यसैले सुरुङ मार्ग निर्माणको घोषणासँगै कार्यान्वयनमा पनि उत्तिकै ध्यान दिनुपर्ने आवश्यकता छ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख–रचना एवम् छोटा पाठक–पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# माथिल्लो तामाकोशीले जगाएको आशा



दुनबहादुर बुढाथोकी

माथिल्लो तामाकोशी आयोजना निर्माणपूर्व दुईवटा अध्ययनहरू भएका थिए। वि.सं. २०४१ मा जापान सरकारबाट शुरु गरिएको कोशी नदी जलस्रोत विकास गुरु आयोजनामा टिए-६ नाम दिई ११३ मेगावाट क्षताको आयोजना यसको नजिक पहिचान भएको देखिन्छ। २०५५ मा अस्ट्रेलियन नागरिक डा. किश्चियन उल्हरले रोल्वालिङ क्षेत्रको भौगर्भिक अध्ययनका सिलसिलामा रोल्वालिङ जलविद्युत् आयोजनाको नामवाट पूर्वसम्भाव्यता अध्ययन गरी जडित क्षमता १२० मेगावाट हुने र लागत प्रतिकिलोवाट ११०० अमेरिकी डलर हुने बताएका थिए। त्यसपछिको एउटा अध्ययनले २५० मेगावाट र अर्को अध्ययनले ३०९ मेगावाट क्षमताको आयोजना निर्माण हुन सक्ने देखाएको पाइन्छ। नेपाल विद्युत प्राधिकरणले २०५६ सालदेखि गहन अध्ययन थालको थियो। र, अहिले माथिल्लो तामाकोशीको क्षमता ४५६ मेगावाट तय भएको छ। आयोजना निर्माणार्थ २०६३ फागुन २५ मा अपर तामाकोशी हाइड्रो पावर लिमिटेड (युटीकेएचपीएल) स्थपना भएको छ।

निर्माणको अन्तिम चरणमा पुगेको ४ सय ५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी अहिलेसम्मकै सर्वाधिक ठूलो आयोजना हो। नेपाल विद्युत् प्राधिकरण, सञ्चयकोष, नागरिक लगानी कोष, नेपाल टेलिकम र राष्ट्रिय बिमा संस्थानजस्ता सार्वजनिक संस्थाहरूको ५१ प्रतिशतभन्दा अधिक लगानी रहेको छ। यस आयोजनामा स्थानीयवासी र सर्वसाधारणको समेत लगानी रहेको छ। दोलखाको लामाबगरमा निर्माण भइरहेको माथिल्लो तामाकोशी सम्भाव्यता अध्ययन नेपाल विद्युत् प्राधिकरणले २०५७/६० को अवधिमा गरेको थियो। २०६०/६२ को अवधिमा नर्वे सरकारको सहयोगमा विस्तृत डिजाइन र बोलपत्र तयार भएको थियो। आयोजना निर्माणार्थ २०६३ फागुन २५ मा अपर तामाकोशी हाइड्रो पावर लिमिटेड स्थापना भएको थियो। ०६७/६८ मा निर्माण शुरुवात भएको आयोजना ०७२/७३ मा पूरा गर्ने लक्ष्य रहेकोमा निर्धारित समयभन्दा दुई वर्ष विलम्ब भइसकेको छ।

> माथिल्लो तामकोशी अधिकतम स्वदेशी सीप र श्रम उपयोग भएको आयोजना मात्र होइन, पूर्णतया स्वदेशी वित्तीय साधन उपयोग भएको आयोजना पनि हो। यो आयोजना निर्माण सम्पन्न भएपछि नेपालको लोडसेडिङ मात्र अन्त्य हुनेछैन कि भारतबाट विद्युत् आयात गर्ने कुरा पनि इतिहास बन्नेछ।

नेपाल विद्युत् प्राधिकरण, सञ्चयकोष, नेपाल टेलिकमलगायतका सार्वजनिक संस्थानहरूको लगानी ५१ प्रतिशतभन्दा अधिक लगानी रहेको सार्वजनिक निजी साझेदारी मोडलको आयोजना हो यो। आयोजना मूलतः नेपाली श्रम र प्रविधिमा निर्मित भइरहेको छ। सिभिल कार्य चिनियाँ कम्पनी सिनो हाइड्रोले गरिरहेको भए तापनि नेपाली ठेकेदार हिमाल हाइड्रो पनि आयोजना निर्माणमा संलग्न छ। तामाकोशीमा लगानी पूँजीको बनावट ७० प्रतिशत ऋण र ३० प्रतिशत शेयर रहेको छ। आयोजनामा नेपाल विद्युत् प्राधिकरणको ४१ प्रतिशत, कर्मचारी सञ्चयकोषको २० प्रतिशत, दूरसञ्चार कम्पनी लिमिटेडको ६ प्रतिशत, नागरिक लगानीकोष र राष्ट्रिय बिमा संस्थानको २/२ प्रतिशत, दोलखावासी १० प्रतिशत, सर्वसाधारणको १५ प्रतिशत, ऋणप्रवाह गर्ने संस्थाहरूको ३ प्रतिशत, अपर तामाकोशी र प्राधिकरणका कर्मचारीहरूको ६ प्रतिशत स्वपूँजी रहेको छ भने सञ्चयकोषको १२ अर्ब, दूरसञ्चार कम्पनी लिमिटेडको ६ अर्ब, राष्ट्रिय बिमा संस्थान र नागरिक लगानी कोषको २/२ अर्ब, नेपाल सरकारको ११ अर्ब ८ करोड लगानी रहेको छ।

तामाकोशी समयमै सम्पन्न हुन्छ भन्ने विश्वास थियो। २०६७ भाद्र २७ मा शुरु भएको आयोजना २०७२ चैत्रमा पूरा गर्ने लक्ष्य तय भएको थियो। तर उक्त आशा, भरोशा र विश्वास पूरा भएन। २०७२ वैशाख १२ र २९ को महाभूकम्पले आयोजनालाई अझ विलम्ब गराइदियो। तथापि राष्ट्रिय गौरवका २१ वटा आयोजनामध्ये सबैभन्दा पहिले निर्माण सम्पन्न हुने आयोजना हो माथिल्लो तामाकोशी। स्मरण रहोस्, राष्ट्रिय गौरवका २१ वटा आयोजनाहरूमध्ये कतिपय आयोजनाहरूको विस्तृत परियोजना अध्ययन प्रतिवेदन (डीपीआर) तयार हुन सकेको छैन। कतिपयको मोडालिटी चयनमै अलमल छ। कतिपयको वित्तीय व्यवस्थाको अत्तोपत्तो छैन। जबकि माथिल्लो तामाकोशी सञ्चालनको सम्मुखमा छ।

तामाकोशी अहिलेसम्मकै ठूलो जलविद्युत् आयोजना हो। अहिलेसम्मकै ठूलो मानिने १ सय ४४ मेगावाट क्षमतको कालीगण्डकी परियोजनाभन्दा ३.१६ गुना ठूलो आयोजना हो। गतवर्षको फागुनसम्ममा जलविद्युत् परियोजनाबाट ९०७.६ मेगावाट, थर्मल प्लान्टबाट ५३.४ मेगावाट गरी जडित क्षमता ९६१ मेगावाट पुगेको छ। यस हिसाबले तामाकाशी आयोजना निर्माण हुनु भनेको वर्तमान क्षमतामा ५०.२४ प्रतिशत थप हुनु हो। २०८० सम्ममा चालू ६ वटा आयोजनाहरूबाट ७४० मेगाबाट थप हुने बताइको छ। जसमा तामाकोशीको एकल हिस्सा ६१.६२ प्रतिशत छ।

आयोजना निर्माण हुनु र किफायती लागतको आयोजना निर्माण हुनु फरक-फरक कुरा हुन्। जब किफायती मूल्यमा जलविद्युत् आयोजना निर्माण हुन सक्छ तब आयोजना अर्थपूर्ण हुन सक्छ। भौगर्भिक बनावट, जग्गा अधिग्रहण, पहुँच मार्ग र पुलपुलेसा निर्माणको अवस्थाले लागतको निर्धारण गर्दछ। यस हिसाबले माथिल्लो तामाकोशी अब्बल दर्जाको आयोजना हो। मुआब्जा र पुनर्वासको खासै समस्या झेल्नु नपरेको अवस्था छ। प्रारम्भिक अध्ययनले आयोजनाको ब्याजबाहेक प्रतिकिलोवाट १ हजार अमेरिकी डलरमा निर्माण हुने देखाएको छ। जबकि अन्य आयोजनाको न्यूनतम लागत प्रतिकिलोवाट २५ सय अमेरिकी डलरभन्दा अधिक रहेन गरेको छ। चमेलियाको लागत अहिले प्रतिमेगावाट ५० करोड रुपियाँभन्दा नाघिसकेको छ। माथिल्लो तामाकोशी आयोजना दुई-अढाइ वर्ष विलम्ब भइसकेको सन्दर्भमा लागत ५० अर्बभन्दा अधिक हुँदैन भन्ने विज्ञहरूको ठम्याइ छ। लागत वृद्धि हुँदा पनि प्रतिमेगावाट १० करोड ९६ लाखभन्दा अधिक हुँदैन।

माथिल्लो तामाकोशी सुख्खा समयमा पनि दैनिक ४ घन्टा विद्युत् उत्पादन गर्न सकिने आयोजना हो। लामाबगरमा हजारौं वर्ष पहिले निर्मित प्राकृतिक बाँध माथिल्लो तामाकोशीको लागि प्राकृतिक वरदान साबित भएको छ। जहाँ छोटो सुरुङ मार्गबाट अग्लो वाटर हेड (८२२ मिटर ग्रेस हेड) प्राप्त भएको छ। यही छोटो सुरुङ मार्गबाट पानी खसाली ४५६ मेगावाट विद्युत् उत्पादन गर्न सकिन्छ। ड्यामको उचाइ २२ मिटर, लम्बाइ ६० मिटर रहेको छ भने २.५ किमि लामो तालमा १२ लाख घनमिटर पानी जम्मा गर्न सकिन्छ। जुन दैनिक पिकिङ जलाशयको लागि उपयुक्त हो। नदीको बहाव उतारचढाव खासै नरहेको अवस्था छ। अर्थात् हिउँदको मासिक बहाव राम्रो रहेको छ। बर्खामा नदीको बालुवा सेडिमेन्ट तुलनात्मकरूपमा न्यून रहेको छ। अधिकांश संरचना भूमिगत रहेकाले बस्ती र कृषियोग्य भूमिमा प्रभाव न्यून छ।

सामान्यता आयोजना निर्माण हुँदा स्थानीयवासीले केही न केही त्याग गर्नुपर्छ। पुस्तौंदेखि बसोबास गर्दै आएको थातथलो गुमाउनुपर्छ। तर माथिल्लो तामाकोशी त्यसको अपवाद हो। आयोजना निर्माण हुँदा सिंगटी, लामाबगर र आसपासमा आर्थिक गतिविधि मौलाएका छन्। दोलखाको सदरमुकाम चरिकोटदेखि लामाबगर ६८ किमि सडक र थुप्रै पुलपुलेसाहरू निर्माण भएका छन्। प्रभावित क्षेत्रमा प्रवर्द्धकबाट शिक्षा, स्वास्थ्य, खानेपानी आयोजनालगायत आयआर्जनमूलक परियोजनाहरू विकास गरिएका छन्। प्रभावित क्षेत्रका प्रत्येक घरधुरीले शेयरको हिस्सा प्राप्त गर्ने भएका छन्।

माथिल्लो तामाकोशीमा ०७३/७४ मा १ अर्ब विनियोजन भएको थियो। बजेट वक्तव्यमा माथिल्लो तामाकोशी आयोजना सम्पन्न गरी राष्ट्रिय प्रसारण लाइनमा जोडिने उल्लेख भएकोमा हेडबक्स र कन्सटिङको कार्य ८६.५ प्रतिशत, मुख्य सुरुङ खन्ने कार्य ८५.८ प्रतिशत, ट्रान्सफरमर क्याभर्न कनक्रेट कार्य ९४.३ प्रतिशत पूरा भएको थियो। चालू आ.व.मा ५० करोड विनियोजन भएको छ। वार्षिक विकास कार्यक्रमअन्तर्गत (रातो किताब) सिभिल निर्माण कार्य, प्रसारण लाइन निर्माण गरिने उल्लेख छ। त्यस्तै चौधौं योजनाकालमा (७३/७४-७५/७६) माथिल्लो तामाकोशी पूरा हुने उल्लेख छ।

२०७१ चैत्रसम्ममा ७९ प्रतिशत कार्य पूरा भएको थियो। २०७२ वैशाख १२ र २९ को महाभूकम्पका कारण आयोजनामा अवरोध पैदा भए तापनि ०७३/७४ सम्ममा ८७ प्रतिशत कार्य पूरा भएको छ। हालसम्म विद्युत् गृह, मुख्य टनेल र बाँध निर्माण भइसकेको छ। टर्बाइन, प्रसारण लाइन, सिभिल, हाइड्रो मेट्रोलोजी मेकानिकल, इलोक्ट्रोनिक्स, सब स्टेसनको कार्य छुट्टाछुट्टै अघि बढिरहेको छ। ३ सिफ्टमा कार्य हुँदा हालसम्ममा ९० प्रतिशत कार्य पूरा भएको छ। उत्पादित बिजुली राष्ट्रिय ग्रिडमा जोड्न खिम्ती सबस्टेसनसम्म २२० केभीए प्रसारण लाइनको कार्य भइरहेको छ। २०७५ असारसम्ममा पहिलो युनिटबाट विद्युत् उत्पादन हुने र २०७५ पुसदेखि पूरै युनिटबाट विद्युत् उत्पादन हुने अनुमान गरिएको छ। माथिल्लो तामकोशी अधिकतम स्वदेशी सीप र श्रम उपयोग भएको आयोजना मात्र होइन, पूर्णतया स्वदेशी वित्तीय साधन उपयोग भएको आयोजना पनि हो। यो आयोजना निर्माण सम्पन्न भएपछि नेपालको लोडसेडिङ मात्र अन्त्य हुनेछैन कि भारतबाट विद्युत् आयात गर्ने कुरा पनि इतिहास बन्नेछ।

## पाठक पत्र

# काठको बन्द बाकस

बिखेको आधा जीवन गरिबीको ओढारमै बितेर गयो। घरमा एउटी बूढी आमा जसलाई दिनरात छोरा बिखेको चिन्ता थियो, छोरा बिहे गर्नलायकको भइसकेको थियो तर गरिबीको कारणले बूढी आमा आफ्नो छोराको लागि केही पनि गर्न असमर्थ थिइन्। सम्पत्तिको नाममा एउटा सानो झुपडी थियो, त्यो पनि साहूकोमा बन्धकी थियो। ऋणले टुपी बिकिसकेको थियो। यही कुराले बूढी आमालाई पीडाले मुटुमा छेस्को बिझेझैं बिझाएको थियो।

गाउँमा अरूको चाकरी गर्दै बिखे घरको निम्ति दुई-चार पैसा जोड्दै थियो। बूढी आमा पनि सकी नसकी वनदेखि दाउरा ल्याई बजारमा बेच्ने गर्थिन्। आमा-छोरा दिनरात केही पैसा जोड्न लागिपरेका थिए। दिन बित्दै गए। बिखेको पनि बिहे हुन्छ। गाँस, बास, कपासको चाँजोपाँजो जुटाउँदै बिखे श्रीमतीलाई खुशी राख्ने प्रयास गर्दै थियो। आमालाई टीबी रोगले ग्रस्त पारेको हुन्छ, नजिकैको स्वास्थ्य चौकीमा निःशुल्क उपचार गराउँदै आमाको लागि तागतिला खानेकुरा जुटाउनतर्फ बिखे दिनरात काम गरिरहेको हुन्छ।

एकातिर आमाको स्वास्थ्य, अर्कोतिर साइँली (बिखेकी श्रीमती) दुई जीउकी भएकी हुन्छे। बिखेलाई जीवन धान्न गाह्रो भइसकेको थियो, कसरी गरोस् उसले पनि एक्लैले सबथोक ? कुनै उपाय नदेखेपछि बिखे विदेश जाने निर्णय लिन्छ। ऊ खाडी देश जानका निम्ति साहू बासँग ऋण माग्न जान्छ।

'के छ त तँसँग बन्धकी राख्नको लागि हँ ?' साहूको कुरा सुनेर बिखे जिब्रो लर्बराउँदै भन्छ- 'साहु बा मसँग केही पनि छैन, म छिट्टै कमाएर टक्र्याउँछु, मलाई विश्वास गर्नुस् साहु बा।' बिखे बिन्ति बिसाउँदै जान्छ भने साहू बा हुक्का तान्दै केही सोचिरहेका हुन्छन्। परबाट साइँली र आमालाई आउँदै गरेको बिखेले देख्छ।

'ए बाबु, किन जानुपर्‍यो तँलाई विदेश ? यतै केही गरे हुँदैन ?' आमाको कुरा सुनेर बिखे बोल्छ- 'आमा, साहू बाको ऋण पनि त तिर्नु छ अनि तिमी सधैं बिरामी, उता साइँली दुई जीउकी, सधैं पैसाको अभाव छ। त्यसैले जान्छु आमा।' आमाका आँखा रसाउँछन्। बल्ल साहू बा बोल्छन्- 'जा त जा बिखे, म तँलाई ऋण दिन्छु तर के राख्छ ?' साइँलीले गलाको तिलहरी फुकालेर साहूलाई दिँदै भन्छे- 'ल लिनुस् साहू बा, यसैलाई धितो राख्नुस्।' साहू बा तिलहरी लिएर भित्र छिर्छन् र क्षणभरमै पैसा ल्याएर 'ल लेऊ साइँली' भन्दै साइँलीकै हातमा राखिदिन्छन्।

बिखे निःशब्द हुन्छ, सबै जना निस्कन्छन्। केही दिनपश्चात् बिखे घरमा बिदावारी हुँदै खाडी मुलुक जान भनी निस्कन्छ, घरमा रुवाबासी हुन्छ। बिखे आँखाभरि आँसु लिई गाडी चढ्छ। साइँली रुँदै बिखेलाई बिदा गर्छे।

खाडी मुलुक पुगेपछि बिखेले काम त पाउँछ तर उसलाई घरको यादले दिनरात सताउन थाल्छ। जीवनको सेरोफेरोलाई बिखेले राम्रोसँग बुझेको थियो, सानैदेखि आमाले पेट पाल्नका लागि गरेका दुःखहरू बिखेको आँखाअगाडि झलझली आउँथ्यो भने साइँलीको सम्झनाले पिरोलिँदै बिखे आफूलाई सम्हाल्न नसकी बेला-बेलामा सुँकसुँकाउने गर्दथ्यो।

समय बित्दै जान्छ। बिखे गएको पनि ६ महिना पुग्छ तर पनि उसले पर्याप्त पैसा कमाएको भने हुँदैन। दिनरात कामको चापले गर्दा बिखे कमजोर भएको हुन्छ। खानाको कुनै ठेगान नभएपछि उसको शरीरले पनि साथ दिन छोड्छ। बिखेले पैसा नपठाएपछि यता साइँली अनि आमाको दुःखले सीमा नाघिसकेको हुन्छ।

जीवन भोगाइका गतिविधिहरूसँग खेल्दाखेल्दै शायद साइँली अनि आमाको बाँच्ने आधार बिखे मात्रै थियो, जसको आउने पर्खाइमा उनीहरू दिन गन्दै बसिरहेका थिए। खोक्दै आमा बिँडी पिउन थाल्छिन् भने साइँली ओछ्यान लगाउँदै बोल्छे- 'आमा, ए आमा, कति बिँडी पिउनुभएको ? भयो अब त छोड्नुस्, खोकीले छोडेको छैन हजुरलाई, त्यहीं माथि औषधि पनि खान छोड्नुभयो।' आमाले भनिन्- 'मेरो चिन्ता नली बुहारी, दुई दिनको झुल्किने घामसरि भएको छु, आज हो कि भोलि हो, मर्नुभन्दा अघि छोराको मुख हेरेर मर्न पाए हुन्थ्यो, खोई कहिले आउँछ छोरा पनि ?'

आमाले बोलेका शब्दहरूले साइँली मौन हुन्छे। पेटमा रहेको नासोले सात महिना काटिसकेको हुन्छ। अय्या गर्दै आमा ओछ्यानमा पल्टिन्छिन्। साइँली पनि निदाउन खोज्छे। बिहानै चराहरूको चिरबिर आवाजसँगै साइँली ब्युझिन्छे अनि उठेर गोठतिर लाग्छे भने बूढी आमा आगो फुक्न थाल्छिन्। बाहिर आँगनमा कोही गुनगुन गर्छ- 'आमा, ए आमा, होइन को हुनुहुन्छभित्र ?' आँखा मिच्दै बूढी आमा बाहिर निस्किन्छिन्।

आँगनमा गाउँलेसहित धेरै जना भेला भएका हुन्छन्। साहू बा बोल्छन्- 'यहाँ राख्नुस् अगाडि।' चारजनाले बोकी ल्याएको काठको बाकस आँगनमा राख्दै उनीहरू पछाडि हट्छन्। अचम्म मान्दै बूढी आमा बोल्छिन्- 'के हो यो ? बाबु, के बोकी ल्यायौ ? मैले त मेसो नै पाइनन।' साहू बा अप्ठ्यारो मान्दै बोली फुटाउँछन्- 'बिखे काम गर्ने बेलामा १० तला माथिबाट खसेको रे, अस्पताल लैजाँदै गर्दा बाटोमै दम तोडेछ।' बूढी आमा निमुख हुन्छिन्, एकोहोरो काठको बाकसतिर टोलाइरहन्छिन्।

साइँली एकाएक चिच्याएर के भयो भनी दौडिँदै आँगनमा आइपुग्छे। गाउँले मौन उभिइरहेका हुन्छन्। छोपी राखेको काठको बाकस खोलेर साइँलीले भित्र चिहाएकी मात्र के हुन्छे, बिखेको शव देखेर आँगनमै अचेत हुन पुग्छे। साहू बा बूढी आमाको नजिकै गएर 'आफूलाई सम्हाल ए बिखेकी आमा' भनी छुन खोज्दा उनको शरीर पनि निर्जीवसरि भुइँमा लड्छ। साहू बा अचम्म मान्दै बूढी आमाको नाडी छाम्न थाल्छन् तर अफसोस, उनले प्राण त्यागिसकेकी हुन्छिन्। प्रत्येक नेपालीको कथा एक समान नभए पनि अधिकांश नेपालीको कथावस्तु यस्तै नै हो।

गरिबीको चपेटाले दिनहुँ नेपाली दाजुभाइ सपनाको संसार बुन्दै मुङ्लान धाउँछन् भने फर्कंदा काठको बाकसमा भित्रिने गर्छन्। यसको पीडाले पूरै परिवारले समेत आहुति दिनुपरेको हुन्छ। कहिले अनि कसरी निर्मूल तथा निवारण होला हामी नेपालीको यस्तो कथा-व्यथा ?

*- सुरेन्द्र पाण्डे, ओखलढुंगा*

## सामाजिक सञ्जाल



सरकारले धमाधम शान्ति सम्झौता विपरीत सत्यनिरूपण र बेपत्ता आयोगहरूको काम नसकिँदै विद्रोही पक्षबाट मारिएकालाई मात्र शहीद घोषणा गर्ने जुन काम गरिरहेको छ, त्यसबारे जनयुद्धका कमान्डर प्रचण्ड के भन्नुहुन्छ ? अन्यथा, क्रान्तिकारी जनपरिषद्को प्रमुखको हैसियतले मैले जिम्मेवारी लिनुपर्ने हुन्छ।

**Baburam Bhattarai**
**@brb1954**



आजसम्म आइपुग्दा सातवटै प्रदेशको प्रदेशसभाको बैठक प्रारम्भ भयो। नेपालमा संघीयता कार्यान्वयनको प्रक्रिया अघि बढ्यो। सबैलाई बधाई तथा शुभकामना। तर अगामी दिनका चुनौतीहरु गम्भीर छन् भन्ने यथार्थलाई पनि बुझौं र सफलताको दिशामा अघि बढौं।

**NKShresthaPrakash**
**@nksthaprakash**

अदालतद्वारा रिट खारेज भएको पत्र प्राप्त भएसँगै पुरानै निर्णयअनुसार नै विद्यालयलाई सिल्ड प्रदान र पुरस्कृत गर्ने कार्यक्रम तय गरिएको मन्त्रालयका प्रवक्ता डा. हरि लम्सालले जानकारी गराउनुभयो। दिवसका अवसरमा पुरस्कृत विद्यालयको छनोट प्रक्रियामा विरोध जनाउँदै प्रसादी एकेडेमीका तर्फबाट विक्रम राईले मुद्दा दायर गरेका थिए।

# नेपाल

# बाढी प्रभावितको सहयोगसम्बन्धी भेला सम्पन्न



नेपाल समाचारपत्र

काठमाडौं

नेपाल रेडक्रस सोसाइटीले गत साउनको बाढीपछि रौतहटमा ८ हजार परिवारलाई नगद वितरण र ४ हजार परिवारलाई खाद्यान्न वितरण गरेको बताएको छ। १ हजार १ सय २९ जनालाई गैरखाद्य सामग्री समेत वितरण गरेको सोसाइटीले जनाएको छ।

सोसाइटीले विभिन्न निकायको सहयोगमा ती सहयोगका काम सम्पन्न भएको जनाएको छ। गत साउनको अन्तिम साता तराई क्षेत्रमा गएको बाढीपश्चात् सोसाइटीले सञ्चालन गरेको तत्काल उद्धार र राहतको विषयमा अनुभव आदानप्रदान गर्न, सिकिएका अनुभवहरूको लेखाजोखा गर्न र अबको पुनर्लाभबारे छलफल गर्न तराई मधेस क्षेत्रका १९ जिल्लाका शाखाको नेतृत्व र कर्मचारीहरूको भेला चितवनमा सम्पन्न भएको छ। भेलामा केन्द्रीय नेतृत्व र कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो।

सोसाइटीका अध्यक्ष सञ्जीव थापाले उद्घाटन गर्नुभएको कार्यक्रममा सोसाइटीका उपाध्यक्षहरू अजीतकुमार शर्मा, हरि निरौला र सुदर्शनप्रसाद नेपाल, उपमहामन्त्री हरिप्रसाद न्यौपाने, राष्ट्रिय विपद् व्यवस्थापन र केन्द्रीय स्वास्थ्य समितिका सभापति मनोज थापा र उत्तम जोशी, रेडक्रसको अन्तर्राष्ट्रिय समितिका प्रतिनिधि हाजिमीलगायतको सहभागिता रहेको थियो।

अध्यक्ष थापाले पूर्वतयारी, स्वयंसेवकहरूको तत्परता, सरकारलगायत सरोकारवालासँगको सहकार्य, केन्द्रीय नेतृत्वको टोलीको भ्रमण र आवश्यक समन्वय र निर्णय प्रक्रियामा सहभागिता नै नेरेसोको बाढीपीडितलाई सहयोग अभियानको सफलताको कडी भएको बताउनुभयो।

### साउनको बाढी र तत्काल प्रतिकार्य

साउनको बाढीले झण्डै १७ लाख मानिसलाई प्रभावित पारेको थियो। जसमा ९० जनाभन्दा बढी मानिसले ज्यान गुमाउनुपरेको थियो। सामाजिक क्षेत्र, उत्पादन क्षेत्र र पूर्वाधार क्षेत्रमा गम्भीर क्षति पुऱ्याएको थियो। सोसाइटीका बाढी पुनर्लाभ कार्यक्रम संयोजक डा. कृष्ण देवकोटाले बाढीपश्चात् २२ जिल्लामा सोसाइटीका १० हजार ५ सय सेट राहत सामग्री, १६ जिल्लामा ८ हजार त्रिपाल, ३ जिल्लामा ३ हजार झुल वितरण गरिएको तथा प्रभावित जिल्लामा ४ लाख पानी शुद्धीकरण ट्याबलेटहरूसहित सरसफाई र पुनर्जलीय औषधि वितरण गरिएको जानकारी दिनुभयो।

### मुख्य सिकाइहरू

पूर्वचेतना प्रणालीको विस्तार, प्रभावितहरूको सहभागितामा सामग्री र सहयोग वितरण योजना, सरोकारवालासँगको सहकार्य र पारदर्शी सहयोग कार्यक्रमले नै भविष्यमा यस्ता विपद्हरूमा प्रभावकारी काम गर्न सघाउ पुग्ने पाठ सिकिएको सोसाइटीका विपद् व्यवस्थापन विभागका प्रमुख धर्मराज पाण्डेयले बताउनुभयो।

### नेरेसोले ८ जिल्लामा पुनर्लाभ कार्यक्रम शुरू गर्ने

सोसाइटीले ८ वटा जिल्लामा बाढी प्रभावितहरूलाई लक्षित गरी पुनर्लाभ कार्यक्रम शुरू गर्ने घोषणा गरेको छ। सुनसरी, सप्तरी, सिरहा, महोत्तरी, रौतहट, उदयपुर र बर्दिया जिल्लामा रेडक्रसको अन्तर्राष्ट्रिय महासंघको सहयोगमा ७ हजार घरधुरीलाई केन्द्रमा राखी आवास, जीविकोपार्जन, स्वास्थ्य, पानी तथा सरसफाई कार्यक्रम सञ्चालन हुनेछ भने सर्लाहीमा अमेरिकन रेडक्रसको सहयोगमा पुनर्लाभ गतिविधि सञ्चालन हुनेछ।

## प्रधानन्यायाधीशविरुद्धको मुद्दा दर्ता भएन

काठमाडौं, (नेस)

प्रधानन्यायाधीश गोपाल पराजुलीले नै अदालतको अवलेहना गरेको दाबी गर्दै परेको निवेदन सर्वोच्च अदालतमा मंगलबार दर्ता हुन सकेन। निवेदक मनोज अधिकारीले दिएको निवेदन कारण नखुलेको भन्दै सर्वोच्चले फिर्ता गरेको सर्वोच्चका सञ्चार विज्ञ किशोर पौडेलले जानकारी दिनुभयो। अब कारण खुलाएर निवेदन दिएमा दर्ता वा दरपीठ हुनेछ। डा.गोविन्द केसीविरुद्ध परेको अवहेलना मुद्दाका क्रममा प्रधानन्यायाधीशले आफूलाई बोलाएर धम्क्याएको डा. सुरेन्द्र भण्डारीको दाबी र उहाँले जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दिएको निवेदनका आधारमा अधिकारीले अवहेलनाको निवेदन दर्ता गर्नुभएको थियो।

## शिक्षा दिवस माघ २८ मा

काठमाडौं, (नेस)

गत भदौमा पाटन उच्च अदालतमा मुद्दा परेपछि स्थगित ३८औं राष्ट्रिय शिक्षा दिवस यही माघ २८ गते हुने भएको छ। अदालतमा परेको रिट खारेज भएपछि शिक्षा मन्त्रालयले शिक्षा दिवसको सबै कार्यक्रम आयोजना गर्ने जनाएको छ। अदालतद्वारा रिट खारेज भएको पत्र प्राप्त भएसँगै पुरानै निर्णयअनुसार नै विद्यालयलाई सिल्ड प्रदान र पुरस्कृत गर्ने कार्यक्रम तय गरिएको मन्त्रालयका प्रवक्ता डा. हरि लम्सालले जानकारी गराउनुभयो। दिवसका अवसरमा पुरस्कृत विद्यालयको छनोट प्रक्रियामा विरोध जनाउँदै प्रसादी एकेडेमीका तर्फबाट विक्रम राईले मुद्दा दायर गरेका थिए। उक्त रिटउपर सुनुवाई गर्दै उच्च अदालत पाटनले कार्यक्रम रोक्न अन्तरिम आदेश दिएको थियो। शिक्षा दिवसको कार्यक्रम भदौ २३ गते थियो। अदालतले अन्तरिम आदेश दिएपछि मन्त्रालयले भदौ २१ गते शिक्षा दिवसका सम्पूर्ण कार्यक्रम स्थगित गरेको थियो।

**सुनसरी जिल्ला अदालतबाट जारी भएको नर बहादुरको नाती शंकरलाल मगरको छोरा जिल्ला धनकुटा धनकुटा न.पा. वडा नं. ८ बुधबारे बस्ने अन्दाजी बर्ष ४६ को तिल कुमार मगरका नामको ३० दिने ईतलायनामा म्याद ।**

उप्रान्त जिल्ला सुनसरी इटहरी न. पा. वडा नं. २२ बस्ने डोमी थरुनीको हकवाला मनिलाल भन्ने फनिलाल तपाई उपर मिति : २०७३।११।१८ मा धितो राखेको जग्गा फिर्ता पास गराई करारीय दायित्व पूरा गराई पाउँ (मुद्दा नं. ०७३-CP-०९८४) मुद्दाको फिराद पत्र यस अदालतमा दिएको र तपाईको नाम वतनमा जारी भई आएको ईतलायनामा म्याद मिति : २०७४।०४।२० मा तपाईको घरद्वार समेत फेला नपरेको भनि बेपत्ते ब्यहोराले तामेल भई आएको हुदा मिति : २०७४।१०।०३ का आदेशानुसार जिल्ला अदालत नियमावली , २०५२ को नियम २२ क को देहाय (१) को (ख) बमोजिम यो म्याद सूचना तपाईका नाममा प्रकाशित गरिएको छ । यो म्याद सूचना पत्रिकामा प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक ३० (तिस) दिन भीत्र आफनो भएको सबूद प्रमाण सहित आफै वा कानून बमोजिमको प्रतिनिधि मार्फत यस अदालतमा प्रतिउत्तरपत्र फिराउन हाजिर हुनु होला । प्रतिउत्तर नफिराई बसेमा मुद्दा कानुन बमोजिम फैसला हुनेछ । पछि तपाईको कुनै उजुर बाजुर समेत लाग्ने छैन । ईति सम्वत् २०७४ साल माघ १५ गते रोज २ शुभम........।

## नेसनल कलेजमा आँखा जाँच शिविर सम्पन्न



काठमाडौं, (नेस)

जटिल समस्या निम्तिनुअघि नै आँखाको नियमित परीक्षण गराएमा आँखाका अधिकांश रोगबाट बच्न सकिन्छ। तर सर्वसाधारणमा नियमित जाँच गर्ने बानी नहुँदा अधिकांश आँखासम्बन्धी समस्यामा पर्ने गरेको पाइएको छ।

मंगलबार नेसनल कलेजमा आयोजित आँखा जाँच शिविरमा पनि यस्तै उदाहरण देखियो। शिविरमा सहभागीमध्ये अधिकांशको नियमित आँखा जाँच गर्ने बानी नभएको पाइएको थियो। सहभागीमध्ये ७० जनाले आफूले नियमित आँखा जाँच गर्ने नगरेको बताएका थिए जसमध्ये अधिकांशमा आँखा सुख्खा हुने तथा अधिक रातो हुनोले नानीमा असर परेको पाइएको थियो। यस्तै नियमित आँखा जाँच नगराउनाले चस्माको पावरमा आउने परिवर्तनले सहभागीमा असहज महसुस भएको सहभागीले बताएका छन्।

नेसनल कलेजको तेस्रो वर्षमा डेभलपमेन्ट स्टडिज अध्ययनरत विद्यार्थीले नियमित आँखा जाँच गरी स्वस्थ आँखा सुनिश्चित गर्ने बानी विकास गर्ने उद्देश्यले शिविर आयोजना गरेका हुन्। कलेज हाताभित्र आयोजित 'दृष्टिः आँखा जाँच शिविर' मा १० स्थानीयसहित ८५ जनाको सहभागिता रहेको थियो।

आँखा जाँच शिविर संयोजक सिजन अधिकारीका अनुसार राजधानीमा बढेको प्रदूषण तथा मोबाइललगायत डिजिटल ग्याजेटको प्रयोगले आँखामा पर्ने हानिबारे विद्यार्थी सचेत भए पनि नियमित डाक्टरलाई देखाउने बानी नभएको बताउनुभयो। उहाँका अनुसार विद्यार्थी तथा स्थानीयमा आँखाको नियमित स्वास्थ्य परीक्षण बारेमा जनचेतना फैलाउने उद्देश्यले शिविर सञ्चालन गरिएको हो।

उहाँ भन्नुभयो- 'शिविरमा आँखा जाँच गराएकामध्ये ७ जनामा मोतीविन्दु तथा जलविन्दुको शुरुआती समस्या देखा परेको छ। त्यस्तै आधाभन्दा बढीमा पावरको समस्या छ। बाँकीमा केही समस्या नदेखिए पनि उहाँहरूमा आँखा जाँच गर्ने बानी छैन।'

शिविरमा सहभागीलाई आँखा कसरी स्वस्थ राख्ने, केकस्ता व्यायाम गर्ने तथा केकस्ता खानेकुरा खानेलगायत विषयमा भिडियोमार्फत् सचेत गराइएको थियो।

शिविरमा डा. अनिष खराल तथा नर्स मनिषा रिजालले आँखाको जाँच गर्नुभएको थियो। शिविरमा आँखा जाँच गराएकामध्ये केहीमा समेत उच्च रक्तचाप, मधुमेहको लक्षण पनि देखिएको थियो। शिविरबाट आँखामा समस्या भएकालाई थप परीक्षणका लागि अस्पताल जान सुझाव दिइएको थियो।

तेस्रो वर्षमा अध्ययनरत विद्यार्थीले 'प्रोजेक्ट म्यानेजमेन्ट' विषयअन्तर्गत शिविर आयोजना गरेका हुन्। उक्त विषयको अध्ययनले विद्यार्थीले आयोजना व्यवस्थापन गर्दा आउने विभिन्न चरणबारे अभ्यासबाट सिक्ने अवसर पाउँदछन्।

Government of Nepal
**Ministry of Urban Development**
**Department of Urban Development and Building Construction**
**Division Office, Dhading**

**Invitation for Sealed Bids**

IFB No. 01/074/75 (Dhading)
**Date of Publication: 2074/10/24**

1. The Department of Urban Development and Building Construction, Division Office, Dhading, invites sealed bids or electronic bids from eligible bidders for following works under National Competitive Bidding – Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:

| S. N. | Contract No. | Description of Work | Major Work Experience in One Contract | Key Qualification (without VAT) | | Bid Security Amount (NRs.) | Price of Bid Document |
|---|---|---|---|---|---|---|---|
| 1. | DUDBC/ Dhading/ NCB Works/01/074/ 075 | Upgradation of Daregouda Jyamire-Moudi Bhanjyang-Mewabari-Kharka-Taargaun Ghumti (Murali Bhanjyang) Road | a) Stone Masonry Work 1220 cum b) Gabion 2350 Cum c) Premix carpet 1200 Cum | Turnover (best 3 years of last 10 years) | Rs. 12,00,00,000.00 | 26,50,000/- | 10,000.00 |
| | | | | Experience | 5 years Minimum | | |
| | | | | Similar Nature | Rs. 8,50,00,000.00 | | |

2. A complete set of Bidding Document may be purchased from DUDBC Division Office Dhading, by interested bidders on submission of a written application, on or before Office hours of 2074/11/25 along with copy of company / firm registration / Vat registration/Tax clearance certificate for the FY 073/074, and upon payment of a non-refundable fee (as mentioned above in the table). Bidders may submit their bid electronically for e-submission from **www.bolpatra.gov.np/egp.** Bidders, submitting their bid electronically should deposit the cost (as specified above) of bidding document in the project's Rajaswa (revenue) account as specified below and the scanned copy (PDF format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : **Rastriya Banijya Bank, Banking Office Dhadingbesi**
   Name of Office : DUDBC, Division Office, Dhading
   Rajaswa Khata No. (Revenue Account) : Ka 1-1-004
   Office Code No. (DUDBC, Division Office) : 25-347-02 Revenue Topic No. : 14227
   Security Deposit (Dharauti Khata) No. : 1030203000001
3. Pre-bid meeting shall be held in ***DUDBC, Division Office Dhading at 2074/11/18 (2 Mar, 2018)*** at 13:00.
4. Sealed Bids must be submitted to DUDBC Division Office Dhading whereas electronic bids must be submitted through web portal **www.bolpatra.gov.np/egp** on or before ***12:00*** on ***2074/11/27 (11 Mar, 2018).*** Bids received after this deadline will be rejected.
5. The Technical bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00*** on ***2074/11/27 (11 Mar, 2018)*** at the office of ***DUDBC, Division Office Dhading.*** Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in PDF format in case of e-bid, amounting to a minimum of **as specified above** which shall be valid for 30 days beyond the validity period (i.e. 150 days) of the bid after deadline for Bid submission last date.
6. In case of E-bidding, hard-copy of all the required documents should be submitted within 7 days of the bid opening date.
7. If the last date of Pre-Bid meeting/purchasing/submission day falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders may withdraw or modify its bids by sending a written notice in a sealed envelope, duly signed by an authorized representative, and shall include a copy of the authorization in accordance with ITB 20.2 before 24 hours prior to the deadline of submission of bids.
9. Bidders may submit modification or withdrawal prior to the deadline prescribed for submission of bid through e-GP system by using the forms and instructions provided by the system. Once a bid is withdrawn, bidder will no be able to submit another bid response for the same bid.
10. After the completion of evaluation of Technical Bids, which are substantially responsive evaluated bidders, will be invited to attend the opening of Price Bids. The date, time and location of opening of Price Bid shall be notified in writing and/or published in national daily.
11. Other information not mentioned above is as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 (Amended).
12. Employer Name :
   DUDBC, Division Office    Location : Dhaing Besi, Dhading
   Attention :Division Chief    Telephone : 010-521298, Fax No. : 010-521298    Email : dudbcdhading@gmail.com

**Division Chief**

सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : लाभ, समस्या समाधान, कार्य सफल।
**वृष** : आर्थिक लाभ, विजय, काममा सफलता प्राप्ति।
**मिथुन** : कार्य असफल, कष्ट, आर्थिक क्षति, खर्चमा वृद्धि।
**कर्कट** : पेटको स्वास्थ्य समस्या, दौडधुप, तनाव परिवारिक विवाद।
**सिंह** : आर्थिक लाभ हुने, सम्मान बढ्ने, शुभ समाचार मिल्नेछ।
**कन्या** : धननाश, चिन्ता, दु:ख-कष्ट, व्यर्थको खर्च, असफलता।
**तुला** : लाभ, उपहार प्राप्ति, मिष्ठान्न भोजन, कार्यकुशलता।
**वृश्चिक** : स्वास्थ्य बाधा, चोटपटकको भय, इष्टमित्रसँग विवाद।
**धनु** : आर्थिक लाभ, मिष्ठान्न भोजन प्राप्ति, हर्षविभोर।
**मकर** : सुख-सन्तोष, स्वस्थताको महसुस, जाँगर बढ्ने।
**कुम्भ** : राजनीतिककर्मी बाट डर, असफलता, मान-प्रतिष्ठामा आघात।
**मीन** : चोटपटकको भय, कार्य बाधा, नोक्सानी, मानसिक चिन्ता।

# नेपाल

करेन्ट प्रवाह भए नभएको थाहा पाउने फेज भोल्टेज सेन्सर, ब्याट्रीको चार्ज पत्ता लगाउने उपकरण, ट्यांकीको पानी पत्ता लगाउने लेभल, विद्युतीय लुडो, बढी भोल्टेज भए व्यवस्थापन गर्ने डिभाइस, एलईडी डान्सर, एलईडी चेञ्जर, मान्छे कोठाभित्र पस्दा आफैं विद्युत् स्वीच अन हुने मोसन सेन्सर, टाइमर स्वीचलगायत तीस वटाभन्दा बढी उपकरण निर्माण गरेको र अझै केही निर्माणको क्रममा रहेको उहाँले बताउनुभयो।

## स्वास्थ्य बीमा कार्यक्रम लागू हुँदै

**दयाराम पण्डित, बाजुरा**

देशकै गरिबीको रेखामुनि रहेको बाजुरामा पनि अब स्वास्थ्य बीमा कार्यक्रम लागू हुने भएको छ। यही माघदेखि चैत्र महिनासम्म स्वास्थ्य बीमा कार्यक्रमका लागि दर्ता गरिने छ भने आगामी जेठ एक गतेदेखि कार्यक्रम पूर्णरूपमा लागू हुने कार्यक्रमका सहजकर्ता एवं सामाजिक स्वास्थ्य बीमाका संयोजक भरत बोहराले जनाकारी दिनुभएको छ।

बाजुरेली नागरिकको प्रत्यक्ष स्वास्थ्य उपचारम सहज पहुँच पुर्‍याउने उद्देश्यले स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्न लागेको हो। बाजुराका अति गरिबीको सूचीमा परेका नागरिकले नि:शुल्क सुविधा पाउनेछन् भने गरिबलाई ७५ र सीमान्तकृतलाई ५० प्रतिशत छुटको व्यवस्था गरेको बताइएको छ।

पाँच जना परिवारका लागि वार्षिक २५ सय रुपियाँ र सोभन्दा बढी भए प्रतिजना थप ४ सय २५ रुपियाँबराबरको बीमा गर्नुपर्ने छ। ।सो बीमा गरेवापत् वार्षिक ५० हजारदेखि १ लाख रुपियाँसम्मको उपचार खर्च पाउने छन्। बीमित व्यक्तिले स्वास्थ्य सेवा लिँदा बहिरंग सेवावापत् आफैंले रोजेको प्राथमिक स्वास्थ्य केन्द्र वा अस्पतालबाट लिनुपर्ने छ।

आकस्मिक सेवा भने सूचीकृत जुनसुकै स्वास्थ्य संस्थाबाट पनि लिन सकिने व्यवस्था भएको उल्लेख गरिएको छ। पश्चिम नेपालको नागरिककले गरेको बीमाबाट पूर्वी नेपालका नागरिकले स्वास्थ्य सुबिधा पाउने र अति गरिबको हकमा नि:शुल्क उपचार पाउने भएपछि यो कार्यक्रम बाजुराजस्तो जिल्लाका लागि अत्यन्त उपयोगी हुने जिल्ला जनस्वास्थ्य अधिकृत रमेश कुँवरले बताउनुभएको छ। बाजुराका अति गरिब बिरामीले आर्थिक अभावकै कारण अकालमा ज्यान फाल्न विवश छन्। यो कार्यक्रम पूर्णरूपमा लागू भएमा नागरिकका लागि वरदानस्वरुप हुने स्थानीय जनक थापाले बताएका छन्। एक तथ्यांकअनुसार बाजुरामा ६४ प्रतिशत मानिस गरिबीको रेखामुनि छन्। गरिब घरधुरी पहिचानका लागि हालसम्म बाजुराको स्वामीकात्तिक गाउँपालिकाका गरिब घर पहिचान गरी परिचयपत्र वितरण गरेको छ।



स्वास्थ्य विकास बोर्डको सहयोग तथा जिल्ला स्वास्थ्य कार्यालय बाजुराले आज दिउँसो स्वाथ्य बीमासम्बन्धी सञ्चारकर्मीलाई एक दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गरेको हो। कार्यक्रम अत्यन्त प्रभावकारी हुने ठहर गर्दै बाजुरामा स्वास्थ्य बीमाका लागि पत्रकारघर परिवारवाटै शुरुआत गर्ने सहभागी पत्रकारले बताएका छन् ।

कार्यममा जिल्लामा कार्यरत पत्रकारहरूको उपस्थिति थियो। नेपालमा स्वास्थ्य बीमा कार्यक्रमका लागि हालसम्म ४ लाख ५१ हजार जनसंख्याले स्वास्थ्य बीमा भरेका छन् भने १६ करोडभन्दा बढी रकम बीमांक प्राप्त गरिसकेको तथ्यांक सहजकर्ता बोहराले सार्वजनिक गर्नुभएको छ। हालसम्म नेपालका २५ जिल्लामा स्वास्थ्य बीमा कार्यक्रम लागू भएको छ।

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकका रुपमा प्रत्याभूति गरेको छ। संविधानको धारा ५१ (ज) १५ मा राज्यका नीतिअन्तरगत नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने उल्लेख छ।

## घरमा चोर पसेको सूचना दिने यन्त्र निर्माण

**नरेन्द्र केसी, घोराही, दाङ**

दाङमा एक विद्यार्थीले घरमा चोर पसेको सूचना दिने यन्त्रसहित तीसभन्दा बढी विभिन्न आविष्कार गरेका छन्। रुकुमको मुसीकोट-११ भलाक्चा स्यावाङ घर भई हाल पद्मोदय नमुना माविमा इलेक्ट्रिकल इन्जिनियरिङ तेस्रो वर्षमा अध्ययनरत वसन्त ओलीले यस्तो आविष्कार गरेका हुन्।

ओलीले बनाएका केही उपकरण बिक्रीका लागि समेत बजारमा आइसकेका छन्। 'मैले बनाएको सबैभन्दा राम्रो उपकरण सेक्युरिटी सिस्टम हो', २१ वर्षे ओलीले भन्नुभयो- 'यसमा पहिले नै मोबाइल नम्बर सेट गरिएको हुन्छ, कोठामा प्रवेश गऱ्यो भने मोसन र हिटका आधारमा उसले जुन व्यक्तिको फोन नम्बर लिंक दिइएको हुन्छ, उसलाई फोन गर्छ।' सम्बन्धित व्यक्तिले फोन उठाएपछि कोठाभित्र भइरहेको गतिविधिको आवाजसमेत सुन्न सकिने उहाँले बताउनुभयो। रातिको समयमा पसलमा हुने चोरीको सूचना दिन यो उपकरण सहयोगी बन्ने विश्वाससहित आफूले राम्रो उपकरण तयार पार्न निरन्तर मेहनत गरिरहेको पनि ओलीले बताउनुभयो।

त्यस्तै ओलीले घरको छतमा राखिएको पानीको ट्यांकीमा आवश्यक पर्ने वाटर सेन्सर पनि बनाउनुभएको छ। यसले ट्यांकीमा पानी सकिएपछि स्वत: विद्युत्को मोटर अन गर्ने र पानी भरिएपछि स्वत: मोटर बन्द गर्ने काम गर्ने उहाँले बताउनुभयो। आफूले तयार पारेका १ सय वटा वाटर सेन्टर बिक्रीका लागि बजारमा गएको र माग बढेको उहाँले जानकारी दिनुभयो। त्यस्तै दिउँसोमा आफैं निभ्ने र रातिमा आफैं बल्ने अमोमेटिक बत्ती पनि बनाएर रुकुम प्रयोगका लागि पठाइसकेको उहाँले जानकारी दिनुभयो।

त्यस्तै रिमोटदेखि कोठाको चुलुक, पंखा र बत्ती खोल्न सकिने उपकरण पनि उहाँले बताउनुभयो।



त्यस्तै करेन्ट प्रवाह भए नभएको थाहा पाउने फेज भोल्टेज सेन्सर, ब्याट्रीको चार्ज पत्ता लगाउने उपकरण, ट्यांकीको पानी पत्ता लगाउने लेभल, विद्युतीय लुडो, बढी भोल्टेज भए व्यवस्थापन गर्ने डिभाइस, एलईडी डान्सर, एलईडी चेञ्जर, मान्छे कोठाभित्र पस्दा आफैं विद्युत् स्वीच अन हुने मोसन सेन्सर, टाइमर स्वीचलगायत तीस वटाभन्दा बढी उपकरण निर्माण गरेको र अझै केही निर्माणको क्रममा रहेको उहाँले बताउनुभयो।

### आलुदेखि सेक्युरिटी सिस्टमसम्म

रुकुमको बालकल्याण मावि झुल्खेतबाट माध्यामिक शिक्षा उत्तीर्ण गरेका ओलीले सानो कक्षामै पढ्दादेखि घरेलु प्रविधिबाट विद्युत् उपकरण बनाउनेतर्फ चासो बढेको बताउनुभयो। 'सानोमा आलुबाट, गोबरबाट बत्ती बालिसकेको छु', उहाँले भन्नुभयो- 'यसले पनि मलाई विद्युतीय उपकरण निर्माणमा चासो बढायो र अहिले सेक्युरिटी सिस्टम निर्माणसम्म सफल भएको छु, सबै क्षेत्रको सहयोग पाएमा अझै अघि बढ्न सक्छु भन्ने विश्वास छ।'

अहिले पढाइ खर्चका लागि घरबाट आउने रकमबाट आधा खर्च बचाएर विद्युतीय उपकरण निर्माणमा लगाउने गरेको उहाँले बताउनुभयो। 'घरबाट आएको खर्चबाट जोगाएर उपकरण निर्माणको काम गरिरहेको छु', उहाँले भन्नुभयो- 'सरकारले हामीजस्ता प्रतिभालाई स्थान दिए अझ धेरै काम गर्न सकिन्छ भन्ने विश्वास छ।'

## झापाको चुनावी खर्च विवरण
### २७ करोड ५९ लाख

भद्रपुर, (नेस)

तीन तहको निर्वाचन सम्पन्न गराउन झापामा २७ करोड ५९ लाख २३ हजार ३ सय ९१ रुपियाँ ८४ पैसाबराबरको रकम खर्च भएको छ।

स्थानीय तह, प्रदेशसभा तथा प्रतिनिधिसभा गरी तीनै तहमा जनशक्ति परिचालन, बुथ निर्माण, ढुवानी, विविध, कर्मचारीको पारिश्रमिक, कार्यालय सञ्चालन, मतदाता शिक्षा, तालिम, मतदान अधिकृत र सहायक मतदान अधिकृत प्रशिक्षण गरी उक्त रकम खर्च भएको जिल्ला निर्वाचन कार्यालय झापाका निर्वाचन अधिकारी गोपाल आचार्यले जानकारी दिए। उनका अनुसार जेठ १४ सम्पन्न स्थानीय तहको चुनावका लागि १२ करोड २८ लाख ३८ हजार १ सय ७० रुपियाँ ६९ पैसा खर्च भएको छ, भने मंसिर २१ गते प्रदेश तथा प्रतिनिनिसभाको निर्वाचनका लागि १५ करोड ३० लाख ८५ हजार २ सय २० रुपियाँ ७९ पैसा खर्च भएको छ।

प्रतिनिधि र प्रदेशसभाको निर्वाचन सम्पन्न गराउन एमालेका अध्यक्ष केपी शर्मा ओलीको निर्वाचन क्षेत्र ५ मा ३ करोड ८६ लाख १५ हजार ५ सय ४० रुपियाँ ३६ पैसा खर्च भएको छ। नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्मा र माओवादी केन्द्रका नेता सुरेन्द्रकुमार कार्कीको निर्वाचन क्षेत्र नम्बर १ मा २ करोड १४ लाख ७१ हजार ४ सय ३ रुपियाँ ६२ पैसा, नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौला र राप्रपाका महामन्त्री राजेन्द्र लिङदेनको निर्वाचन क्षेत्र नम्बर ३ मा २ करोड ५९ लाख ५१ हजार ३१ रुपियाँ ९९ पैसा, झापा क्षेत्र नम्बर २ मा २ करोड ३८ लाख २ हजार २९ रुपियाँ ६ पैसा, र क्षेत्र नम्बर ४ मा २ करोड ४३ लाख १५ हजार ५ सय रुपियाँ खर्च भएको निर्वाचन अधिकारी आचार्यले बताए।

त्यसै गरी स्थानीय तह निर्वाचन सम्पन्न गराउन मुख्य निर्वाचनको कार्यालयले भद्रपुर नगरपालिका क्षेत्रमा ५ करोड ६१ लाख २८ हजार ९ सय ६० रुपियाँ खर्च गरेको थियो। त्यस्तै निर्वाचन कार्यालयहरू अर्जुनधारा नगरपालिकाले २४ लाख ४० हजार ३ रुपियाँ, कचनकवल गाउँपालिकाले २१ लाख ६६ हजार ७ सय ४९ रुपियाँ, कमल गाउँपालिकाले १८ लाख १५ हजार ७ सय ५४ रुपियाँ खर्च गरेको छ। त्यस्तै गौरादह नगरपालिकाले २२ लाख ८८ हजार ५ सय १५ रुपियाँ ५८ पैसा, गौरीगञ्ज गाउँपालिकाले १९ लाख ६३ हजार ५० रुपियाँ, बाह्रदशी गाउँपालिकाले १६ लाख ५३ हजार ७ सय ५६, बुद्धशान्ति गाउँपालिकाले १९ लाख ६ हजार ३ सय १८ रुपियाँ ५६ पैसा, मेचीनगर नगरपालिकाले ३१ लाख ३८ हजार ७ सय ६२ रुपियाँ ५७ पैसा खर्च गरेको छ। त्यसै गरी बिर्तामोड नगरपालिकाले २८ लाख १७ हजार ९ सय, शिवसताक्षी नगरपालिकाले २९ लाख ४० हजार, कनकाई नगरपालिकाले २२ लाख २ हजार ९ सय ९५, झापा गाउँपालिकाले १५ लाख ७४ हजार ६ सय ८८ रुपियाँ ५४ पैसा, दमक नगरपालिकाले ३० लाख २५ हजार र हल्दीवारी गाउँपालिकाले लागि १९ लाख ९ हजार ७ सय रुपियाँ खर्च गरेको निर्वाचन कार्यालयले जनाएको छ।

## राप्रपाको माग राजसंस्थासहितको लोकतन्त्र

**नेपाल समाचारपत्र**

दोलखा

राप्रपा नेपालका अध्यक्ष एवं उपप्रधानमन्त्री कमल थापाले राष्ट्रिय स्वार्थको लागि आफ्नो पार्टीले नेपाली कांग्रेस, एमालेलगायत सबै पार्टीसँग सहकार्य गर्ने बताएका छन्।

राप्रपा नेपाल दोलखाले आयोजना गरेको कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उपप्रधानमन्त्री थापाले आफ्नो पार्टीको सम्बन्ध सबै दलसँग सौहाद्र पूर्ण रहेको बताए। 'राप्रपा नेपालले राजतन्त्रलाई हैन लोकतन्त्रलाई मन पराउँछ', अध्यक्ष थापाले भने- 'तर देशको नेतृत्व गर्न राजनीतिभन्दा माथि उठेर काम गर्ने शक्ति आवश्यक भएकोले हामीले राजसंस्थासहितको लोकतन्त्र खोजेका हौं।' उनले भने- 'हामी राजतन्त्रको पक्षमा कदापि छैनौं र हुँदैनौं, तर मुलुकको हितको लागि राजसंस्थासहितको लोकतन्त्र आवश्यक छ।'

उनले राप्रपा नेपालले अन्य धर्मको विरोध नगर्ने उल्लेख गर्दै नेपाल र नेपालीहरूको पहिचानको लागि हिन्दु राज्यको माग गरेको बताए। 'हामी क्रिश्चियन, हिन्दु, बौद्ध सबै धर्म र सम्पदायको उत्तिकै आदर र सम्मान गर्छौं' थापाले भने- 'तर नेपालीको पहिचानको लागि हिन्दु राज्य खोजेका हौं।' धर्म निरपेक्षताले असहिष्णुता जन्माएको थापाको भनाइ छ।

निर्वाचनमा राप्रपा नेपालको हार हुनुको मुख्य कारण नेपाली कांग्रेससँगको सहकार्य इमानदारीपूर्ण नभएको उनले बताए। निर्वाचनको बेला पार्टी विभाजन हुनु र सबै क्षेत्रमा उम्मेदवार उठाउन नसक्नु पनि पार्टीको हारको मुख्य कारण रहेको थापाले बताए। निर्वाचनमा हार भए पनि आफूहरू निराश नभएको उल्लेख गर्दै अध्यक्ष थापाले अब जनताको अभिमतअनुसार सडकबाट समृद्धिको पक्षमा वकालत गर्ने बताए।

### कुटनीतिक पहल गर्ने

उपप्रधानमन्त्री थापाले भारतीय कम्पनीले सामान ढुवानीमा ढिलाई गरेकै कारण दोलखामा निर्माणाधीन माथिल्लो तामाकोसीको कामलाई प्रभाव पार्ने भए सरकारले भारत सरकारसँग त्यसबारे कुटनीतिक पहल थाल्ने बताए। उनले राष्ट्रिय प्राथमिकताको माथिल्लो तामाकोसी आयोजना निर्धारित समयमा सक्न सरकारले सबै प्रकारको सहयोग गर्नेसमेत बताए।

दोलखाकै तामाकोसी तेस्रो निर्माणको लागि नयाँ कम्पनीलाई दिइएको उल्लेख गर्दै मन्त्री थापाले काम गर्ने कम्पनीले पुरानो डीपीआरअनुसार गर्छ या नयाँ डीपीआरअनुसार गर्छ भन्ने कुरा कम्पनीको आफ्नो अधिकार क्षेत्रमा पर्ने बताए।

## ढुंगाले च्यापिएर दुईको मृत्यु

डोटी, (नेस)

अछामको मेल्लेख गाउँपालिका-१ रिसिदहमा ढुंगाले च्यापिएर दुई जनाको मृत्यु भएको छ। ढुंगाले च्यापिएर मेल्लेख गाउँपालिका-१ का ४० वर्षीय मनसिंह धामी र ४१ वर्षीय हरिदेव धामीको मृत्यु भएको ७ नम्बर प्रदेश प्रहरी कार्यालय दिपायल डोटीले जनाएको छ।

सोही ठाउँका नन्द विष्टको घर छाउन ढुंगा निकाल्ने क्रममा दुवै जनाको मृत्यु भएको हो। ढुंगाले च्यापिएर नन्दसमेत घाइते भएको प्रहरीले जनाएको छ।

## महिलालाई कुखुरा वितरण

सल्यान, (नेस)

गर्भवती तथा सुत्केरी भएको अवस्थामा आमा र बच्चालाई अन्य समयको तुलनामा पोषणको आवश्यकता हुन्छ। गर्भावस्था र सुत्केरी अवस्था एक विशेष अवस्था हो। यस बेला पोषण सुधारमा ध्यान दिएन भने कहिलेकाहीं यस अवस्थामा महिलालाई जटिल समस्या पनि आउन सक्छ।

हाम्रो गाउँघरमा अझै पनि गर्भवती तथा सुत्केरी महिलाले पोषणको महत्त्व बुझेर पनि व्यवहारमा लागू गर्न सकेका छैनन्। केही दिन पहिले प्रदेश नम्बर ६ का मानिसमा कुपोषणको मात्रा सबैभन्दा धेरै रहेको तथ्यांकसमेत सार्वजनिक भएको थियो।

यसै कुरालाई मध्यनजर गर्दै पोषणमा सुधार ल्याउनका लागि सुआहारा सल्यानले जिल्लाका गर्भवती तथा सुत्केरी आमालाई १ हजार १ सय ३० वटा कुखुरा सित्तैमा वितरण गरेको छ।

पोषणका क्षेत्रमा विगत लामो समयदेखि काम गर्दै आएको यस सुआहाराले गर्भवती तथा सुत्केरी महिलाका पोषणमा सुधार तथा आयआर्जनका लागि कुखुरा वितरण गरेको जनाएको छ। सुआहाराका घरायसी खाद्यान्न तथा बजारीकरण अधिकृत मनोज चौधरीले पहिलो चरणअन्तरगत जिल्लाका साविकका ३ वटा गाविसका गर्भवती तथा सुत्केरी महिलालाई कुखुरा वितरण गरिएको बताए। उनले भने- 'जिल्लामा रहेका सुनौला हजार दिनका आमाको पोषणमा सुधार ल्याउन हामीले कुखुरा वितरण गेरका हौं।'

उनले साविकका तीन वटा गाविस लेखपोखरामा १ सय ६५, सिनबांगमा ३५ र रिममा २६ गरी २ सय २६ महिलालाई कुखरा वितरण गरेको जनाए। एक घरपरिवार वा एक आमालाई ५ वटाका दरले कुखुरा वितरण गरिएको संस्थाले जानकारी दिएको छ। उनीहरूलाई २ वटा भाले र ३ वटा पोथी वितरण गरिएको हो। सुआहारा सल्याका कार्यक्रम संयोजक हरि घिमिरेले बताए। उनका अनुसार सुनौलो हजार दिनभित्रका आमाहरूलाई न्यू हेम्पसायर र ब्ल्याक स्टरलक नामक कुखुरा वितरण गरिएको हो। संयोजक घिमिरे भने- 'यो प्रजातीका कुखुराले १ वर्षमा २ सय ८० भन्दा बढी अण्डा उत्पादन गर्छ, अण्डा आमा र बच्चालाई पोषणयुक्त खानाका लागि राम्रो हुने भएकाले कुखुरा वितरण गरेका हौं।'

सुआहाराले नि:शुल्क रूपमा प्रदान गरेको कुखुरा लिन पुगेकी लेखपोखरा-७ की गायत्री कवर र हिरा कवर निकै हर्षित बनेकी छन्। उनीजस्तै सो क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाहरूले पनि सित्तैमा कुखुरा पाएपछि खुसी भएका छन्। उता रीमकी भुमा बुढाथोकीले पनि अबदेखि आफ्नो छोराले नियमित अण्डा खान पाउने भएकाले खुसी व्यक्त गरेकी छन्। उनले भनिन्- 'गाँउ घरमा सधैं अण्डा किनेर खान सक्ने अवस्था हुँदैन, अब सित्तैमा पाएको कुखुराले दिएको अण्डा दैनिकरूपमा छोरालाई खुवाउँछु।'

यस्तै ग्रामीण क्षेत्रमा रहेका विपन्न परिवारमा रहेका महिलाले कुखुराबाट पनि आयआर्जन गर्न सकिने भएकाले कुखुरा पालनका साथै अर्धबन्देज खोर बनाउने तरिकाबारे समेत तालीम दिएको सुआहारका फिल्ड कोअर्डिनेटर तोरण बुढाथोकीले बताए।

'पहिलो चरणमा कुखुरा वितरणसँगै तालीम दिने काम पनि सम्पन्न भइसकेको छ', बुढाथोकीले भन- 'अब दोस्रो चरणमा कुपिण्डेका गर्भवती तथा सुत्केरी आमाहरूलाई १० हजार ६० कुखुरा बाँड्ने योजना छ। सुआहाराले जिल्लामा दलित विकास समाजमार्फत् आफ्ना विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ।

## पानीका मुहान सुके

**विमल विष्ट, डोटी**

डोटी जिल्लाका ग्रामीण क्षेत्रका गाउँपालिकामा पानीका मुहान सुक्न थालेपछि स्थानीय बासिन्दा खानेपानीको जोहो गर्न निकै समस्या भोगिरहेका छन्। खानेपानीको पर्याप्त सुविधा नभएका यहाँका विभिन्न क्षेत्रका दर्जनौं बस्तीमा कुवा, पँधेरो र पोखरीबाट पानी उपभोग गरिन्छ।

वर्षौंदेखि खानेपानी उपभोग गर्दै आएका पानीका मुहान सुक्न थालेपछि स्थानीयमा खानेपानीका लागि हाहाकार हुने गरेको छ। वर्षात्मा खानेपानीको समस्या खासै नहुने भए पनि वर्षात् सकिएसँगै खानेपानीका मुहान सुक्न थालेकाले यहाँका स्थानीय बासिन्दा काकाकुल बन्ने अवस्था रहेको शिखर नगरपालिका-२ सेरीका स्थानीय गोरखबहादुर भुलले बताउनुभयो।

यहाँको शिखर नगरपालिकाअन्तर्गत सेरी, कपल्लेकी, गुम, केआईसिंह गाउँपालिकाको कुलाउ, जमलकटिया, फन्डी, जोरायल गाउँपालिकाको देउथला, अल्याडी, थलीलगायतका दर्जनौं बस्तीमा खानेपानीका मुहान सुक्दै गएको स्थानीय बताउँछन्। पानीका मुहान सुक्न थालेपछि स्थानीयवासीहरू पानीका लागि घण्टौं टाढाका पुराना पानीका मुहान धाउन थालेका छन्। अधिकांश बस्तीमा कुवा र पोखरीबाट खानेपानी उपभोग गर्दै आएका स्थानीय



खानेपानीको मुहान सुक्दै गएपछि निकै चिन्तित बन्दै गएका छन्।

त्यस्तै पानीका मुहान सुक्न थालेपछि यहाँको सबैभन्दा पुरानो दिपायल सिलगढी नगरपालिकास्थित राजपुर, सिलगढी तथा दिपायल पिपल्लामा पनि पानीको समस्या उत्पन्न भएको छ। पानीको अभावका कारण यहाँका होटेल व्यवसायीहरू सबैभन्दा बढी मारमा परेका छन्।

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नुअघि शाह वंशका १० जना राजाले उक्त दरबारबाट शासन चलाएको इतिहास छ।

# ३ सय ८८ वर्षपछि भत्काइयो गोरखा दरबार

सन्तोष अधिकारी, गोरखा

गोरखा दरबारको पुनर्निर्माण शुरू भएको छ। भूकम्पले ध्वस्त ऐतिहासिक गोरखा दरबारको पुनर्निर्माणका लागि जग नै भत्काउन थालिएको हो। १९९० को भूकम्पले समेत क्षति नपुगेको दरबारमा २०७२ वैशाखको भूकम्पले जगैसम्म भत्काएको थियो।

गोरखा दरबार निर्माण भएको ३ सय ८८ वर्षपछि पुनर्निर्माणका लागि जग भत्काइएको हो। विसं. १६८६ मा राजा राम शाहका पालामा निर्माण भएको दरबार २०७२ को भूकम्पले क्षति पुऱ्याएपछि पुनर्निर्माण गर्न जगैसम्म भत्काइएको गोरखा दरबार हेरचाह अड्डाका प्रमुख हरिप्रसाद भुसालले बताए।



'अहिले पुराना सामाग्रीहरू हटाउने काम भइरहेको छ' उनले भने- 'पुरातत्व विभागको नियमित निगरानीमा मूल दरबार भत्काइयो। अब पुनर्निर्माणका लागि साइत हेरेर जग हाल्ने तयारी छ।' ऐतिहासिक गोरखा दरबार पुनर्निर्माणको जिम्मा पचलीशिभा जेभी कम्पनीले ४ करोड ३७ लाख रुपियाँमा पाएको छ। भूकम्पका कारणले मूल दरबार, गोरखनाथ गुफा, लक्ष्मी मन्दिर, रोट पकाउने ठाउँ सबै ध्वस्त भएको थियो। भूकम्पपछि उक्त दरबारको जगबाट पानी छिरेर अन्यत्र र नजिकै रहेको गोरखनाथ गुफामा निस्कने गरेको थियो।

पृथ्वीनारायण शाहलगायतले प्रयोग गरेको राजगद्दी भने पुनर्निर्माणका लागि सुरक्षित स्थलमा राखिएको गोरखा दरबार हेरचाह अड्डाका प्रमुख हरिप्रसाद भुसालले बताए। जगैसम्म भत्काउने क्रममा विसं. १८६३ अभिलेख भएका बुट्टेदार इँटाहरूसमेत भेटिएका छन्। पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नुअघि शाह वंशका १० जना राजाले उक्त दरबारबाट शासन चलाएको इतिहास छ।

केही प्राविधिकहरूले दरबारको जग भूकम्पका कारणले कमजोर रहेकोसमेत बताएको भुसालले जानकारी दिए। 'प्राविधिकका अनुसार दरबारको नयाँ जग हाल्ने क्षेत्र भूकम्पका कारणले कमजोर भएको अनुमान छ' उनले भने- 'थप विज्ञ टोली झिकाएर सुझाव लिएपछि मात्रै काम अघि बढाउँछौं।' साँढे दुई वर्षभित्र गोरखा दरबार पुरानैशैलीमा पुनर्निर्माण सक्ने गरी ठेक्का सम्झौता भएको हो।

दरबार भत्काए पनि यहाँ हुने नियमित पूजा भने नरोक्ने दरबार हेरचाह अड्डाले जनाएको छ। 'यहाँ हुने कालीलगायत भगवानको पूजा भने रोकिनेछ' दरबार हेरचाह अड्डाका सुब्बा रामेश्वर कट्टेलले भने 'निर्माणको कामले सामान्य पूजाहरूमा असर त पर्ने नै भयो तर, पूजा नै रोकिने भन्ने हुँदैन।' नयाँ दरबार बनाउँदा प्रयोग गर्न मिल्ने झिँगटी, काठ, इँटालगायतका सामग्रीहरू सुरक्षित ठाउँमा राखिएको उनले जानकारी दिए। गोरखा दरबार भत्काउन मात्र दुई महिना समय लागेको हो। भूकम्पले ध्वस्त पारेको दरबार परिसरभित्रका राम शाह चौतारो, पाहुना घर, सिँढी बाटो, छानाहरू, गोरखनाथ मन्दिर, रोटपाटी र दमै पाटी मर्मत गरी सकिएको छ।

# महानगरका काहुँ–सराङकोट–पुम्दीकोट धार्मिक सर्किट बन्दै

## सराङकोटमा बौद्ध बिहारका लागि एकै व्यक्तिद्वारा १५ करोड सहयोग

धन बस्नेत, पोखरा

पोखरा लेखनाथ महानगरपालिका धार्मिक पर्यटनको गन्तव्यस्थल बन्दै छ। महानगरपालिका भित्रका तीन डाँडालाई धार्मिक पर्यटन गन्तव्य बनाउन स्थानीयबासी जुटिरहेका छन्। गुरुयोजना पूरा भए पोखराको काहुँडाँडा–सराङकोट–पुम्दीकोट धार्मिक पर्यटनको सर्किटका रूपमा विकास हुने छ।

तीनै डाँडामा धार्मिक पर्यटनका लागि आवश्यक पूर्वाधार निर्माण गर्न आर्थिक सहयोग अभियान चलिरहेको छ। पोखरा लेखनाथ २२ स्थित पुम्दीकोटमा विशाल शिवमूर्ति निर्माण गरिनेछ। पुम्दीकोट धार्मिक विकास समितिले त्यसको लागि आवश्यक कदम चालेको छ। धार्मिक पर्यटकीय गन्तव्य बनाउन विशाल महादेव मूर्ति निर्माणका लागि महानगरले ३ करोड दिने सम्झौता गरिसकेको छ। गत जेठमा पशुपतिनाथका मूल पुजारी हिलियाना भट्टले मूर्ति शिलान्यास गरेका थिए। करिब ६ करोडमा निर्माण हुने १ सय ८ फिटको शिव मूर्तिका लागि आधा रकम महानगरले उपलब्ध गराउने सम्झौता भएको पुम्दीकोट विकास समितिका सहसचिव प्रकाश बरालले जानकारी दिए। सम्झौतामा पोखरा लेखनाथ महानगरका कार्यकारी अधिकृत दीर्घनारायण पौडेल र समितिका अध्यक्ष चन्द्रकान्त बरालले हस्ताक्षर गरेका छन्। पुम्दीकोटमा बन्ने संरचनाको टेन्डर र अनुगमन महानगरले गर्ने भएको छ। महनगरले दिने उक्त रकम मूर्तिको आसन निर्माणमा खर्च गर्ने समितिको योजना छ। आसनसहितका संरचना निर्माण भएपछि भारतीय नागरिक कमल जैनले करिब ३ करोड २६ लाख गर्ने शिवको मूर्ति निःशुल्क उपलब्ध गराउने प्रतिवद्धता गरिसकेको छन्।' समितिका सचिव बराल भन्छन्।

बेस बनेपछि मूर्ति आइपुग्ने उनको भनाइ छ। जैन आफैंले भारतबाट इन्जिनियर ल्याएर इस्टिमेट गरिसकेका छन्। उनले मेटालिक ग्लास फाइबरको मूर्ति दिने जनाएका छन्। २१ रोपनीमा ४० करोड लागतमा पुम्दीकोटमा विभिन्न संरचना निर्माण हुँदै छन्। महादेवको विशाल मूर्ति स्थापनाका लागि पुम्दीकोटमा गत वर्ष भएको शिव महापुराण महायज्ञ तथा धार्मिक पर्यटन महोत्सवबाट १० करोड रूपियाँ संकलन भइसकेको छ।

सराङकोटलाई धार्मिक पर्यटकीय गन्तव्य बनाउन शुरु गरिएको गुरुयोजना १४ वर्ष बितिसकेको छ। योजना पूरा १४ वर्षको अन्तरमा चारपटक महायज्ञसमेत लगाइयो। २ दिन अघिदेखि फेरि महायज्ञ शुरु भएको छ। महायज्ञमा एकै व्यक्तिले १६ करोड १० लाख सहयोग दिएका छन्। बौद्ध अध्ययन केन्द्र महाकरुणा आवासीय विद्यालयका संस्थापक समाजसेवी ङवाङ कुङ्गा विष्टले बुद्ध मूर्तिका लागि १५ करोड तथा शिव मूर्तिका लागि १ करोड १० लाख रुपियाँ सहयोग घोषणा गरेका हुन्। २९ करोडको प्रस्तावित योजना १०० रोपनीमा बनाइनेछ। सराङकोटमा ५१ फिटको शिवमूर्ति स्थापना गर्ने लक्ष्य छ। मन्दिरको पूर्णताका लागि १०८ शिवलिङ्ग, १०८ शहस्त्र धारा, विभिन्न देवदेवीको मन्दिर, विशाल बौद्ध मन्दिरको निर्माण गरिने सराङकोट धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष प्रेमबहादुर जिसीले बताए।

नेपालकै विशाल घण्ट शिव मन्दिर परिसरमा स्थापना गर्ने, धार्मिक प्रवचनका साथै बहुउद्देश्यीय भवनको निर्माण गर्ने, ऐतिहासिक संग्रहालय निर्माण गर्ने र भ्यु-टावर, बालउद्यान पार्क, फुट ट्र्याक, हेलिप्याड, वनभोजस्थल आदिको निर्माण गरिने पहिलो चरणको योजना रहेको अध्यक्ष जिसीले सुनाए। समुद्री सतहदेखि १५९२ मिटरको उचाइमा रहेको सराङकोट विशेष गरी साहसिक पर्यटनको केन्द्रविन्दु हो। प्याराग्लाइडिङ, जिप फ्ल्याएर सञ्चालित छ।

महानगरपालिकाकै वडा नं ११ काहुँडाँडामा निर्माण हुने ८० मिटर बुद्धसहितको धर्मकाया बुद्ध मण्डला निर्माण बृहत योजनाका लागि विभिन्न व्यक्तित्वले सहयोग जुटाएका छन्। मण्डला निर्माणका लागि १७० रोपनी जग्गा धारापानी वन उपभोक्ता समितिले, २ रोपनी जग्गा काहुँघोताने परिवारका इन्द्रबहादुर गुरुङ, मिनबहादुर गुरुङलगायतले भूमिदान गरिसकेका छन्। पर्यटनको राजधानी शहर पोखरामा धार्मिक पर्यटक भित्र्याउन मण्डलालगायत महत्वपूर्ण केन्द्र बन्ने विश्वास स्थानीयबासीले लिएका छन्। सहारा क्लब हङकङका अध्यक्ष दीपक गुरुङले धर्मकाया बुद्ध मण्डला निर्माणमा आफ्नोतर्फबाट सक्दो सहयोग हुने बताएका छन्। ८ रोपनी जग्गा खरिद गर्नुपर्ने खाँचो छ। त्यसका लागि जग्गा नै सट्टाभर्ना गर्ने गृहकार्य भइरहेको छ। गुरुयोजनाका लागि ६ करोड ८५ लाख रुपियाँ आर्थिक सहयोग जुटिसकेको छ। धर्मकाया बुद्ध मण्डला निर्माणस्थलमा भूमिदानका लागि १० लाख ९४ हजार ९५३ रुपियाँ सहयोग हस्तान्तरण गरिएको छ। भूमिदानका लागि डाइमन्ड बुद्धिस्ट सेन्टरबाट ३ लाख १४ हजार १४० रुपियाँ धर्मकाया बुद्ध मण्डला विकास तथा व्यवस्थापन समितिका अध्यक्ष रुद्रकुमारी गुरुङ मैनालाई हस्तान्तरण गरिएको थियो।

बुद्ध मूर्तिको आसनका लागि थप ७ करोडको जग्गा खरिद गर्नुपरेकाले समितिले भूमिदानका लागि सहयोगको आह्वानपश्चात देशविदेशबाट नागरिकस्तरबाट सहयोग भएको हो। मण्डला निर्माण योजनाका लागि नेपाल सरकारबाट एक करोड रुपियाँ यस वर्षको बजेटमा परेको छ भने महानगरको तर्फबाट पनि सहयोग परको छ।

# प्रहरीका दरबन्दी मात्रै धेरै

शालिकराम चालिसे, नुवाकोट

पहाडी संरचना रहेको नुवाकोटमा प्रहरीको अभाव भएको छ। जसका कारण सेवा प्रवाहमा समस्या परेको जिल्ला प्रहरी कार्यलय नुवाकोटले जनाएको छ।

नुवाकोटमा १ जना प्रहरीले ८ सय जनाको सुरक्षा दिनुपरेको जिल्ला प्रहरी प्रमुख तथा प्रहरी उपरिक्षक वसन्तबहादुर कुँवरले बताउनुभयो। २ नगरपालिका र १० गाउँपालिका रहेको नुवाकोटमा प्रहरीको संख्या ८ सय ४६ रहेको छ। केन्द्रीय विभागको पछिल्लो तथ्याङ्कअनुसार नुवाकोटको जनसंख्या २ लाख ७७ हजार ४ सय ७१ रहेको छ।

जिल्लामा आवश्यक दरबन्दी नहुँदा प्रहरीले ८ सय ४६ जनालाई सुरक्षा दिनुपर्ने बाध्यता रहेको जिल्ला प्रहरी प्रमुख कुँवरले बताउनुभयो। नुवाकोटलाई नयाँ संरचनाअनुसार २ प्रतिनिधिसभा र ४ प्रदेश तहमा बाँडिएको छ। आवश्यकताअनुसार दरबन्दी नहुँदा समास्या परिरहेको कुँवरले बताउनुभयो। नुवाकोटमा ४ सय २७ जना विभिन्न पदका प्रहरीको दरबन्दी भए पनि हाल ३२८ प्रहरी मात्र कार्यरत छन्।

नुवाकोटमा १ जना प्रहरी उपरिक्षक १ जना प्रहरी नायब उपरिक्षक ४ जना प्रहरी निरीक्षक १५ जना प्रहरी नायब निरीक्षक ३६ जना प्रहरी सहायक निरीक्षक ८६ जना प्रहरी हल्दार २३१ जना जवान र प्रहरी सहयोगीसहित ३२८ जना कार्यरत छन्। ९९ जना प्रहरीको विविध कारणले दरबन्दी रित्त रहेको छ। हाल २ जना प्रहरी निरीक्षकसहित ठूलो मात्रामा प्रहरी हवल्दार र जवानको पद खालि रहेको नुवाकोट प्रहरी प्रमुख कुँवरले बताउनुभयो।

दरबन्दीअनुसार प्रहरी नहुँदा प्रभावकारी र उचित रूपमा शान्ति सुरक्षा कायम गर्न समस्या परिरहेको नुवाकोट प्रहरीले बताएको छ। नुवाकोटमा हाल जिल्ला प्रहरी कार्यलयसहित ३२ वटा युनिटले सेवा प्रवाह गरिरहेको छ।

# दुई रुपियाँले करोडौं ठगी

रोशन पराजुली, हेटौंडा

हेटौंडाको हर्नामाडीमा सार्वजनिक सवारी चढ्नासाथ कति रुपियाँ तिर्नुपर्छ ? भिन्न भिन्न ठाउँ जानेले सजिलै उत्तर दिन्छन्-४० रुपियाँ। उक्त रुटमा गाडी सञ्चालन गर्दै आएको नारायणी यातायात व्यवसायी संघले तोकेको भाडादर हेटौंडा-हर्नामाडीसम्म ३८ रुपियाँमात्र हो।

हर्नामाडीको यो त उदाहरणमात्र हो। हेटौंडा बजारबाट मकवानपुरका कुनाकुना जान घोषित र अघोषित गरी करिब १० वटा 'बसपार्क' छन्। दैनिक करिब ५ हजार यात्रु सार्वजनिक बसमा आवतजावत गर्छन्। र, एक/एक गरी दिनहुँ ठगिने गरेका छन्।

२ रुपियाँका दरले ठगिएका यात्रुको आउँदाजाँदा ५ हजारको दोब्बर गर्दा दैनिक भाडामा करिब ४० हजार रुपियाँभन्दा बढी ठगी हुन्छ। यसले वर्षमा करिब १ करोड ६० लाख ठगी हुने गरेको देखिन्छ। सबै सार्वजनिक सवारीले न्यूनतम भाडा ताकेका भने छन्। तर, २२ रुपियाँ तोकिएकोमा २५ लिने, २८ तोकिएकोमा ३० रुपियाँ लिने र ३८ रुपियाँ तोकिएकोमा ४० रुपियाँ असुलिरहेका छन्।

कसैले पैसा फिर्ता मागे बसका सहचालकसँग रेडिमेड जवाफ हुन्छ- 'खुद्रा पैसा छैन।' मकवानपुरका विभिन्न भागमा चल्ने ८५ प्रतिशत बसले यसरी तोकिएभन्दा बढी भाडा लिइरहेको सर्वसाधारण यात्रीको गुनासो छ।

धेरैजसो यात्रु खुद्रा पैसा बोक्दैनन्। २२ रुपियाँ भाडा तोकिएको रुटमा गाडी चढ्दा सहचालक २५ रुपियाँ नै लिन्छन्। फिर्ता गर्ने चासो त परै जाओस्, फिर्ता नै दिँदैनन्। यसो गर्दा खुद्रा पैसा नभएको बहानामा व्यवसायीलाई लुट्ने मेलो बनेको छ।

प्रायः यात्रु २ रुपियाँमा किन विवाद झिक्नु भन्ने मानसिकतामा हुन्छन्। ४३ रुपियाँ भाडा भएको रुटमा ४५ रुपियाँ दिँदा दुई रुपियाँ फिर्ता पाइने सम्भावना शून्य रहन्छ। हेटौंडादेखि गढी गाउँपालिकाका लागि बस चढेका एक यात्रु भन्छन्- 'दुई रुपियाँमा किन झगडा गर्नु, खाऊन्।' उपभोक्ताको यही सोचाइका कारण दैनिकी करिब ४० हजार रुपियाँभन्दा बढी ठगी हुँदै आएको छ। उपभोक्तालाई एउटा बस चढ्दा २ रुपियाँ बढी दिनु सामान्य लाग्न सक्छ। व्यवसायीलाई भने सबै यात्रुसँग २ रुपियाँ बढी उठाउँदा समग्रमा ठूलो 'आम्दानी' हुन्छ, जसलाई उपभोक्ताले खासै ध्यानपूर्वक लिएका हुँदैनन्।

# ढुंगाको बेन्च, बगरमा विद्यालय

मोतीराम तिमल्सिना, बनखु, काभ्रे

लोकतन्त्र, गणतन्त्र हुँदै नयाँ संविधानपछि तीनवटै तहको निर्वाचन भए पनि सिन्धुलीको शान्तिश्वरी गाविस ३ हालको घ्याङलेक गाउँपालिकामा रहेको माटिखानी बालज्योति प्राथमिक विद्यालयका बालबालिकाहरू ढुंगालाई बेन्च सम्झेर खोलाको बगरमा अध्ययन गरिरहेका छन्।



दलित बस्तीमा रहेको उक्त विद्यालयको भवन भूकम्पले तहसनहस बनायो। भूकम्प नजाँदै पनि भवनसम्म बालबालिकाहरू पुग्न सक्ने अवस्था थिएन। वर्षात्को समय खोला ठूलो आउँदा पुल नभएकै कारण खोला सुकेपछि बस्तिबाट केही टाढा रहेको विद्यालयमा बालबालिकाहरू जाने गरेका थिएनन्। अभिभावकहरूले विद्यालय भवन हुँदासम्म बालबालिकाहरूलाई भवनसम्मै पुऱ्याउने गरेको भए पनि भवन भत्किएर अध्यापन गराउन नहुने भएपछि खोलाको बगरमै ढुंगाको बेन्च सम्झेर पढाउन थालेका छन्। न शिक्षा कार्यालयले शिक्षक उपलब्ध गराएको छ, न विद्यालय भवन छ न विद्यालयका लागि आवश्यक पर्ने पूर्वाधारहरू नै छन्। खोलाको बगरमा विद्यार्थीहरूको भविष्य नबिग्रियोस् भनेर अभिभावकहरू आफैंले रकम उठाएर निजीस्रोतमा शिक्षक राखेर पढाइरहेको उक्त विद्यालयको अवस्थाप्रति शिक्षा कार्यालय र स्थानीय सरकारको ध्यान जान सकेको छैन।

'वार्षिक ४० हजार रकम विद्यालयका लागि उपलब्ध हुँदै आएको छ'- अभिभावक रुपेश विश्वकर्माले भने- 'त्यही रकमबाट मासिक २ हजार दिने गरी स्थानीयलाई नै शिक्षकको रूपमा नियुक्ति गरेका छौं।' सानै उमेरदेखि विद्यालय पठाउन बानी लगाउन सकिएन भने ठूलो भएपछि विद्यालय जाँदैनन् त्यहि भएर बालबालिकाको भविष्य उज्ज्वल बनाउन पनि खोलाकै बगरमा भए पनि विद्यालय शुरु गरिएको रुपेशले बनाए। ३३ जना बालबालिका रहेको उक्त विद्यालयमा ९६ प्रतिशत दलितका छोराछोरी अध्ययन गर्छन्। बिहान १० बजे शुरु गरिएको विद्यालय दिउँसो १ बजे बिदा गर्ने गरिएको छ। रौतहटबाट विवाह गरी सिन्धुलीको शान्तेश्वरी आइपुगेकी वर्षा विश्वकर्माले ३ महिनादेखि उक्त विद्यालयमा अध्यापन गराउँदै आएकी छिन्। घ्याङलेख गाउँपालिका वडा नम्बर ५ मा रहेको उक्त विद्यालयमा अध्ययन गर्ने विद्यार्थी ३ वर्षदेखि ८ वर्षसम्मका छन्। ८ वर्षसम्मका बालबालिकाहरू गाउँभन्दा टाढा रहेको रामपुर उमाविमा जानसक्ने अवस्थामा छैनन्।

भूकम्प गएपछि बगरमै बनाएको टहराको जस्ता पनि बतासले उडाइसकेको छ। जस्ताले उडाएको टहरामा बसेर विद्यार्थीको भविष्य कोरिरहेकी वर्षा हिउँदमा बगरमा पढाए पनि वर्षाका लागि विद्यालय कहाँ खोज्ने चिन्तामा छिन्। अभिभावकहरूले पटक-पटक उक्त विद्यालयको भवन निर्माणका लागि चासो दिए पनि शिक्षा कार्यालय, वडा कार्यालय र गाउँपालिकाले चासो दिएका छैनन्। खोलाको बगरमै विद्यार्थीहरू पढाइरहँदा विद्यार्थीहरूलाई स्वास्थ्यको समस्या छ नै शौचालयको समेत समस्या छ। 'शौच आउने बित्तिकै दौडँदै खोलाको किनारनजिकैको झाडीमा पठाउने गरेको छु' वर्षाले भनिन्- 'बालबालिकाहरूलाई रुघा, खोकी, ज्वरोलगायत ढुंगाको चिसोबाट अन्य समस्यासमेत देखिएको छ।'

बालबालिकाहरूलाई आवश्यक पर्ने शैक्षिक सामाग्रीसमेत नभएको, डेक्स, बन्च सामान्य आधारभूत कुराहरूसमेत उपलब्ध नभएको उक्त विद्यालयको अवस्था ढुंगेयुगजस्तै रहेको अभिभावक रुपेशले बताए। 'यस्तो विद्यालय निर्माण र बालबालिकाहरूको भविष्यका बारेमा जानकारी गराएका छौं' -अभिभावक विश्वकर्माले बताए।

# स्वास्थ्यका लागि पञ्चकर्म सेवा

खोटाङ, (नेस)

विपन्न नागरिकको सहज स्वास्थ्य सेवाका लागि खोटाङमा पञ्चकर्म सेवा शुरु गरिएको छ। सहज र सस्तो उपचारबाट वगञ्चित रहेका नागरिकको सहज स्वास्थ्य सेवाका लागि हलेसी तुवाचुङ नगरपालिका-७ महादेवस्थानस्थित हलेसी आयुर्बेद औषधालयमा पञ्चकर्म सेवा शुरु गरिएको हो।

प्रदेश नम्बर १ भित्रका आयुर्वेद औषधालयमध्ये पञ्चकर्म सेवा बिस्तार गर्ने हलेसी आयुर्वेद औषधालय दोस्रो हो। औषधालयको पञ्चकर्म सेवा हलेसी तुवाचुङ नगरपालिकाका मेयर इवन राईले उद्घाटन गर्नुभएको हो।

आयुर्वेद औषधालयबाट शिरोधारा, सर्वाङस्वेद, कटिबस्ती, जानुबस्ती, गृवाबस्ती, उरबस्ती, बालुकास्वेद, पोटलिस्वेद, नस्यकर्म, नाडिस्वेदलगायतका सेवा शुरु गरिएको हलेसी आयुर्वेद औषधालयका प्रमुख राजेन्द्र पोखरेलले बताउनुभयो। हलेसी तुवाचुङ नगरपालिकाको आर्थिक सहयोगमा आयुर्वेद औषधालयमा पञ्चकर्म सेवा बिस्तार गरिएको हो। हलेसी आयुर्वेद औषधालयको पञ्चकर्म सेवाबाट दैनिक कम्तीमा १५ जना सर्वसाधारणले उपचार सेवा पाउने औषधालयका प्रमुख पोखरेलको भनाइ छ। पञ्चकर्म सेवाबाट नगरपालिकाभित्रका दैनिक १५ जना सर्वसाधारणले सेवा लिने अपेक्षा गरिएको छ।

**प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्ने बारेको १५ दिने सूचना**

अञ्चल बाग्मती जिल्ला काभ्रेपलाञ्चोक (साबिक कुशादेवी गा.वि.स.) हाल पनौती न.पा. वडा नं २ अन्तर्गत टोपोसिट नम्बर २७८५-०६डी मा पर्ने १८११ मि. को उचाई विन्दुबाट ४०० मि. पश्चिम गई ३०० मि. उत्तर पुगेको बिन्दु (करिब नियामक पुर्व ६४५४४३.०० मि. र उत्तर ३०५२६२७.०० मि.) लाई मुल चिन्ह मानी सो बाट पुर्व ०.० मि., पश्चिम ५००.० मि, उत्तर ५०.० मि. दक्षिण ०.० मि. भित्र जम्मा ०.२५ वर्ग कि.मि. क्षेत्रमा ढुंगा खानी संचालन गर्नुपर्ने हुदा उत्त कार्यबाट सो क्षेत्रको प्राकृतिक प्रणली, सामाजिक प्रणली, आर्थिक तथा मानविय क्रियाकलापहरुमा पर्न सक्ने प्रभावका साथै त्यस क्षेत्रको विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला कसैलाई प्रभाव वा हानी नोक्सानी पर्ने भएमा सोको लिखित राय सुझाव १५ दिन भित्र प्रस्तावको ठेगानामा आईपुग्ने गरी उपलब्ध गरिदिनुहुन यो सुचना प्रकाशित गरिएको छ । यसै बमोजिम रायसुझावको प्रतिलिपि सम्बन्धित मन्त्रालय वा विभागमा समेत दिन सकिन्छ ।

**प्रस्तावक**
**श्री सोनाम सिं तामाङ**
(साविक कुशादेवी गाविस वडा नं ८)
हाल पनौती नपा वडा नं २ काभ्रेपलाञ्चोक

# विश्व

**प्राचिन चिहान**
इजिप्टको राजधानी कायरोबाट



**सार्वजनिक**
स्पेस एक्स र टेस्लाको



2018, FEB
Wednesday
7

**विश्व २ मिनेट**

### चीन
## प्रतिरक्षा परीक्षण

बेइजिङ, (एजेन्सी)

चीनले उसको आफनै भुमिमा मध्य आकाशमा क्षेप्यास्त्र नस्ट गने ' क्षेप्यास्त्र भेदी प्रतिरक्षा प्रणालीको परिक्षण गरेको जनाएको छ। सोमबार को परीक्षणमा पुर्वनिर्धारित लक्ष हासिल गरेको रक्षा मन्त्रालयले जनाएको सिन्हवा न्युज एजेन्सीले जनाएको छ। परीक्षण गरिएको हतियारका बारेमा थप विस्तृत जानकारी दिएको छैन। चीनले उसको एचक्यु-९ क्षेप्यास्त्र भेदी प्रतिरक्षा प्रणाली विकास गर्न काम गरिरहेको छ। मध्य आकाशमा नस्ट गने ' यस प्रणालीमा अन्तरिक्षमा उडेको ब्यालेस्टिक क्षेप्यास्त्रलाई वायुमण्डलमा प्रवेश गर्नु अगाडी नै नस्ट गरिन्छ। रक्षा मन्त्रालयले परीक्षण प्रतिरक्षात्म रहेकोले कुनै पनि देशप्रति लक्षित नभएको जनाएको छ।

### चीन
## मर्सिडिजले माफी मागे

बेइजिङ, (एजेन्सी)

मर्सिडिज-बेन्चले तिबती धार्मिक नेता दलाइ लामाको भनाइ उदृत गरिएकोमा चीनसँग माफी मागेको छ। दलाइ लामाको भनाई ... परिस्थितिलाई सबै तिरबाट हेर्नुपर्छ र त्यसले तिमी झन स्पष्ट हुनेछ... सोमबार मर्सिडिजको इन्स्टाग्राम अकाउन्टमा पोस्ट भएको थियो। चिनियाँ जनतालाई उक्त सामाजिक सन्जाल हेर्नबाट रोक लगाउन बेइजिङले प्रयास गरेको छ। तर चिनियाँ वेब सर्फरहरु देश भित्र सामाजिक सन्जालमा फिल्टर गरिएका सामाग्री हेर्ने प्रविधिको प्रयोग गर्छन जसले ती सामाग्रि उनीहरु समक्ष पुर्‍याउन मद्दत गर्छ। विज्ञप्तीमा ...गलत जानकारी...ले चिनियाँ जनताको भावनालाई चोट पुर्‍याएकोमा माफि मागिएको छ।

### दक्षिण अफ्रिका
## राजिनामा दिन थप दवाव

जोहानेसवर्ग, (एजेन्सी)

चिली

पहिलो महिला पायलट

सान्टियागो, (एजेन्सी)

चिलीका पहिलो महिला पायलट मार्गोट डुहाल्डेको ९७ वर्षको उमेरमा मृत्यु भएको छ। १६ वर्षको उमेर देखि विमान उडाउन थाले की उनले १८ वर्षको उमेरमा दोश्रो विश्व युद्ध शुरु हुनु केहि समय अघि पायलटको लाइसेन्स प्राप्त गरेकी थिइन्। फ्रि फ्रेन्च फोर्समा स्वंयमसेवकको रुपमा काम गर्ने उद्देश्यले युरोप पुगेकी उनी अन्तत

### चीन
## भ्रमण चेतावनी

बेइजिंग,, (एजेन्सी)

अष्ट्रेलिया

यौन उत्पीडन

सिडनी, (एजेन्सी)

अष्ट्रेलियामा सात जना व्यक्तिलाई तीनजना कलिला बालकमाथि शारिरीक र यौन उत्पिडन गरेको अभियोग लगाइएको छ। चारजना महिला , दुई जना पुरुष र एकजना सत्र वर्षिया किशोरी माथि सन् २०१४ र २०१६ बिच सिडनी नजिक सो अपराध गरेको सम्बन्धमा कूल १ सय २७ वटा अभियोग लगाइएको छ। ति अभियुक्तहरु

# अमेरिकी सेयर बजार डाउ जोन्समा किर्तिमान गिरावत





वासिङटन (एजेन्सी)

अमेरिकी सेयर बजार डाउ जोन्स १ हजार १ सय ७३ गिरावटपछि बन्द भएको छ। यो सन् २००८ को वित्तिय संकटपछि एकै दिनमा आएको सबैभन्दा ठुलो गिरावट आएको छ।

डाउ जोन्स ४ दशमलव ६ प्रतिशतको गिरावटसँगै सोमबार २४ हजार ३ सय ४५ दशमलव ७५ अंकमा बन्द भएको हो। एस एन्ड पी ५ सय स्टक इन्डेक्स ३ दशमलव ८ प्रतिशत र नेस्डेक ३ दशमलव ७ प्रतिशतको गिरावटसँगै बन्द भएको छ।

बजारमा विगत केहि महिनासम्म सेयर बजारमा बृद्धी भइरहेको थियो। सेयर बजारमा भइरहेको अत्यधिक बृद्धीलाई लिएर चिन्ता ब्यक्त गरिएको थियो। गोल्डम्यान सेक्सका मुख्य कार्यकारी एन्ड्रयु विल्सनले भने-बजार यो बर्ष उथल पुथल हुनेछ। सेन्ट्रल बैक कम मात्र ऋणपत्र खरिद गरिरहेको छ भने केहि सेन्ट्रल बैकले ब्याजदर बढाइरहेका छन्।

यो गिरावत गत हप्ताको अन्त्यतिर भएको नोक्सान पछि आएको हो। त्यतिबेला तलब बढ्ने सम्बन्धमा आएको आंकडाले ब्याज दर बढ्ने आसंका भएको थियो।

अमेरिकी सेयर बजारमा आएको यो गिरावतको असर एसियाली बजारमा पनि देखिएको छ। जापानको निकेइ सुचकांकमा पनि प्रारम्भिक कारोबारमा ४ प्रतिशत भन्दा धेरै गिरावट आएको छ। त्यसैगरि भारतको सेयर मार्केटमा पनि गिरावत आएको छ।

ह्वाइट हाउसका एक प्रवक्ताले स्टक मार्कटमा समय समयमा गिरावट आउने तर राष्टपति ट्रम्पले अर्थब्यवस्थाको दिर्घकालिन कदममा केन्द्रित गरेको र त्यो असाधारण रुपमा मजबुत बनेको बताए।

### ट्रम्पको भाषणको प्रत्यक्ष प्रसारण रोके

टेलिभिजन च्यानलहरुले एक कार्यक्रममा बोलिरहेका अमेरिकी राष्टपति डोनाल्ड ट्रम्पको भाषणको प्रत्यक्ष प्रसारणलाई बीचमा रोकेर सेयर बजारमा आएको किर्तिमान गिरावतको समाचार प्रसारण गर्न थालेका थिए। अमेरिकी अर्थतन्त्रले हालै हासिल गरेको सफलतामा यो सबैभन्दा ठुलो गिरावट हो। यसलाई धेरैजसो अमेरिकीका लागि लामो समयसम्म विर्सन नसक्ने घटना हुनेछ। डोनाल्ड ट्रम्पले आफनो प्रचार अभियानका क्रमा डाउ जोन्सलाई लिएर धेरै नकारात्मक टिक्का टिप्पणी गरेका थिए। तर पछि उनी उक्त सेयर बजारको प्रसंसाको पुल बाँधिरहन्थे। उनले ट्विटस, र्‍याली र गत हप्ताको स्टेट अफ द युनियन भाषणमा पनि यसलाई दोहोर्‍याएका थिए। कर कटोतीबाट हुने फाइदाको बखान गर्न भ्याइ नभ्याइ भइरहेका ट्रम्पको छवि डाउ जोन्सको गिरावतले एकाएक धमिलो भएको छ।

# कायरोको स्विकृतिमा इजिप्टमा इजरायली हवाई आक्रमण




न्युयोर्क (एजेन्सी)

अमेरिकी अखबार न्युयोर्क टाइम्सले कायरोको अनुमतिमा इजरायलले इजिप्टमा हवाई आक्रमण गर्दै आइरहेको समाचार छापेको छ। ...गोप्य गठबन्धन : इजरायलद्वार इजिप्टमा हवाई हमला, कायरोको स्विकृति ... शिर्षकमा छापिएको उक्त समाचारमा संवाददाता डेविड कर्कप्याट्रिकले दुई देशको गोप्य सैन्य सम्बन्धको जानकारी दिएका छन्।

उनले लेखेका छन्-दुई बर्ष भन्दा लामो समयदेखि इजरायली ड्रोन, जेट विमानले गोप्य रुपमा हवाई कारवाही गर्दै आइरहेको छ। इजिप्ट भित्र १ सय भन्दा धेरै पटक हवाई आक्रमण भइसकेका छन्। कुनै कुनै बेला हप्तामा एक भन्दा धेरै पटक आक्रमण भएका छन र यो सबै राष्टपति अब्देल फतह अल सिसीको अनुमतिमा भएका हुन्।

इजिप्ट र इजरायलबीच सन् १९७९ मा शान्ति सम्झौता भएको हो। यद्यपी यी दुई देशबीचको सम्बन्ध यति धेरै चिसो छ की कुनै सहयोगलाई सार्वजनिक रुपमा स्विकार गर्न सकिने अवस्था देखिन्दैन। यस्तोमा हवाई आक्रमणलाई अनुमति दिएको कुरा मान्न झन कठिन हुनेछ।

पत्रकार डविड कर्कप्याट्रिकले समाचार सामग्रीमा लामो समयदेखि सिनाइमा मुस्लिम कट्टरपन्थीसँग संघर्ष गरिरहेको इजिप्टको फौजले यो समस्याबाट मुक्ती पाउन इजरायलको सहयोग लिएको निष्कर्ष दिएका छन्।

इजरायलको हस्तक्षेपले इजिप्टका सेनालाई विगत पाँच बर्ष देखि संघर्ष भइरहेका ती इलाकाहरुमा आफनो पकड मजबुत बनाउन सफलता हासिल भएको उनले लेखेका छन्।

यसबाट इजरायलले पनि आफनो सिमालाई थप सुरक्षित बनाएको छ र छिमेकी देशसँग तनाव कम गरी स्थिरता बढाउन सफल भएको छ।

उक्त समाचारलाई लिएर इजिप्टका सन्चार माध्यमहरुले त्यसको आलोचना गरेका छन् र त्यसलाई ...झुठो समाचार... तथा ...गैरब्यवसायिक पत्रकारिता... भएको आरोप लगाएका छन्। इजिप्टका सेनाले पनि उसकै सुरक्षा बलमात्र त्यस इलाकामा लडिरहेकोमा जोड दिएको छ।

इजरायल र इजिप्टबीच यदि कुनै त्यस्तो सैन्य साझेदारी भइरहेको हो भने त्यहाँका सरकारका लागि यो अत्यन्त संवेदनशिल मुद्दा हुने छ।

# केजरीवालले पिडित परिवार भेटे

नयाँदिल्ली, (एजेन्सी)



भारतको नयाँदिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले मुश्लिम महिलासंग सम्बन्ध बनाएकै कारण हत्या गरिएका एक हिन्दु पुरुषको परिवारलाई मंगलवार भेटेका छन्। केजरीवालले सरकारले दोषिलाई कारवाही गरी पिडित परिवारलाई न्याय दिइने बताएका छन्।

दिल्लीको व्यस्त सडकमा गत साता अँकित सक्सेना नामक ति युवकको उनकी मुश्लिम प्रेमिकाका परिवारले छुरा प्रहार गरी हत्या गरेको थियो। संचार माध्यमले सो हत्याकाण्डलाई प्रष्ठिाका लागि भएको हत्याको संज्ञा दिएको थियो।

भारतमा अझै पनि जात र धर्म बाहिरको विवाह वा प्रेम प्रसंगलाई लिएर हिंसा हुने गरेको छ। प्रहरीले सार्वजनिक गरेको सिसिटिभि फुटेजमा छुरा प्रहार गरिनु केहि समय अघि सम्म सक्सेनाले फोनमा कुरा गरिरहेको देखिन्छ।

प्रत्यक्षदर्शीहरुले सडक पारगर्न लागेका सक्सेनालाई रोकेर एकजना महिलाले आफ्नी छोरीबाट टाढा रहन आदेश दिएको तर उनले ति महिलाको कुरा अस्किार गरिरहँदा अन्य दुईजना पुरुष आइपुगेको विविसिलाई बताएका छन्। त्यसपछि भिडमाझ नै सक्सेनाको परिवार पनि झगडा गर्न थालेपछि एकजना पुरुषले एक्कासी सक्सेनाको घाँटी रेट्दा उनको घटनास्थलमै ज्यान गएको बताइएको छ।



## बालिकालाई क्राउड फन्डिंगको सहयोग

नयाँदिल्ली, (एजेन्सी)

भारतको एउटा क्राउडफन्डिंग साइटले एकजना जँड्याहाले घरको तीन तल्लाबाट फालेपछि गम्भीर घाइते भएकी एक चार वर्षिया बालिकाको उपचारका लागि १६ लाख भारु संकलन गर्न सफल भएको छ। धान्यश्री श्रीधर नामक ति बालिकाको अझै अस्पतालमा उपचार भइरहेको छ।

गत साता मात्र खोलिएका सो साइटले एक हजार जना भन्दा बढि व्यक्तिबाट उक्त परिमाणमा रकम संकलन गरेको हो। श्रीधर परिवा्र वसोवास गर्ने चेन्नाइ शहरकै उनका छिमेकी युवाहरुको एक समुहले यो अभियान चलाएको हो।

क्राउडफन्डिंग अभियानमा आवद्ध पेशाले सफटवेयर इन्जिनियर ३० वर्षिय सतिष कुमार मोहनले ह्वाटस एपको एक समुह मार्फत आफुहरुले यो घटना थाहापाएको तथा आफुहरुको सहयोगबाट बालिकाको राम्ररी उपचार भइरहेकोमा खुशी लागेको विविसिलाई बताएका छन्। यस अभियानमा ओल्ड वासरमान्पेटका करिव २० जना युवा सरिक रहेका छन्।

# माल्दिभ्समा संकटकाल घोषणा

माले, (एजेन्सी)



दक्षिण एसियाली मुलक गणतन्त्र माल्दिभ्समा देखिएको राजनीतिक अस्थिरताको कारण सोमवार राष्ट्रपति अब्दुल्लाह यामिन अब्दुल गयुमले पन्ध्र दिन लामो संकटकाल घोषण गरेका छन्।

यस कदमबाट राष्ट्रतिलाई मानिसहरुलाई हिरासतमा लिने र गिरफतार गर्ने अधिकार प्राप्त भएको छ। अहिले उनको सरकार र सर्वोच्च अदालतबिच शक्ति संघर्ष चलिरहेको छ। राष्ट्रपति कार्यालयबाट जारी गरिएको एक विज्ञप्ति भनिएको छ , ... यस अवधिमा केहि निश्चित अधिकार कटौति हुने छ। तर सामान्य आवत जावत , सेवार व्यापार व्यवशाय भने प्रभावित हुने छैन। ▯

माल्दिभ्सको सर्वोच्च अदालतले गत साता पुर्व राष्ट्रपति लगायत अन्य राजनीतिक वन्दिलाई रिहा जन निर्वाचित संसदको पुनर्स्थापना गर्न आदेश दिएको थियो। तर राष्ट्रपति यामिनले सो आदेश मान्न अस्विकार गरेका थिए। करिव ४ लाख जनसंख्या र थुप्रै रमणिय टापु र रिसोर्ट भएको यो मुलुक विश्वकै चर्चित पर्यटकिय गन्तव्यको रुपमा चिनिन्छ।

विशेषगरी माल्दिभ्समा चिनिया पर्यटकहरु पुग्ने गर्दछन्। आइतवार महान्यायधिवक्ताले सरकारले अदालतको आदेश नामनेको खण्डमा सर्वोच्च अदालतले राष्ट्रपति विरुद्धै महाभियोग लगाउन सक्ने चेतावनी दिएका थिए।

सोमवार राष्ट्रिय प्रतिरक्षा फौज र राजधानी माले स्थित सर्वोच्च अदालतमा जवर्जस्ती प्रवेश गरेपछि तनाव झनै चर्किएको थियो। सुरक्षा फौजले सर्वोच्च अदालत भवनमा नाकावनिद र तालावन्दि गरेपछि भित्र थुनिएका न्यायधिशहरुले खाना खान नपाएको माल्दिभ्सका पुर्व महान्यायधिवक्ता हुस्नु अल सुदले टिवटर मार्फत जानकारी गराएका छन्।

यसैगरी पुर्व राष्ट्रपति मौमुन अब्दुल गयुमलाई सोमवार पक्राउ गरिएको उनको पारिवारिक सुत्रले जनाएको छ। मौमुन वर्तमान राष्ट्रपति अब्दुल्लाहका भाइ पर्छन्। मौमुनले लगातार तीस वर्ष सम्म अर्थात सन् २००८ सम्म माल्दिभ्समा शासन चलाएका थिए। विपक्षी राजनीतिक समुहका कार्यकबर्ता एवं समर्थकहरुले सडकमा प्रदर्शन गर्दै सरकारलाई अदालती आदेश पालना गराउन अन्तर्राष्ट्रिय समुदायलाई दवाव दिन आग्रह गरेका छन्।

शुरुमा सम्झाइने, सम्झाउँदा पनि नमाने १ सय रुपियाँ जरिवाना लिइने र पटक-पटक धूमपान गरे सुर्ती सेवन व्यवस्थापन ऐन, २०६८ अनुसार कानुनी कारबाही गरिने बताइएको छ। महाशाखा प्रमुख श्रेष्ठले यसबारे जनचेतना जगाउन सबै वडामा अन्तर्क्रिया गरी सम्बन्धित निकायलाई पत्रसमेत पठाइने बताउनुभयो।

# नेपाल

## प्रहरीलाई...

'हामीले केही दिनभित्रै सो विषयमा थप अनुसन्धान र कारबाहीका लागि प्रहरी प्रशासनलाई फाइल बुझाउँछौं' -विभागका महानिर्देशक कुमारप्रसाद दाहालले नेपाल समाचारपत्रसँग भन्नुभयो।

अनुगमनलगत्तै विभागले उक्त कम्पनीले बेच्ने गरेका सवारीसाधनमा मूल्य बढ्नुको कारणसहित ३ दिनभित्र जवाफ पेस गर्न निर्देशन दिएको थियो। कम्पनीका प्रबन्धक तेजकरण जैनले दुईपटकसम्म विभागमा स्पष्टीकरण बुझाए पनि मूल्य वृद्धिको कारण पुष्टि नभएको विभागले जनाएको छ।

गाडीको मूल्य वृद्धिको कारणका सम्बन्धमा स्पष्टीकरण दिए पनि मूल्य बढ्नुको कारण खुलाउन नसकेको महानिर्देशक दाहालले बताउनुभयो। 'हामीले पहिलो चरणका स्पष्टीकरणमा चित्तो बुझ्दो जवाफ नपाएपछि फेरि तीन दिनभित्र लिखित स्पष्टीकरण र आवश्यक काजजात पेस गर्न निर्देशन दिएका छौं। लिखित जवाफबाट पनि गाडी बिक्रीमा मूल्य बढ्नुको कारण खुलाउन नसके हामी ठगी मुद्दाका लागि सिफारिस गर्छौं'-नेपाल समाचारपत्रसँग कुरा गर्दै दाहालले भन्नुभयो।

जिओ अटोमोबाइल्स प्रालि अन्तर्राष्ट्रिय सवारीसाधन उत्पादक कम्पनी फोर्डको नेपालका लागि आधिकारिक वितरक हो। जिओ अटोमोबाइल्सले प्रतिगाडी कर्मचारी खर्च शीर्षकमा ९१ हजार ५ सय ६० रुपियाँ, बिक्री वितरण शुल्कमार्फत् ६४ हजार ४ सय ५४ रुपियाँ र वित्तीय शुल्क (फाइनेन्सियस कस्ट)मार्फत् ३७ हजार रुपियाँ कायम गरी बिक्री गरिएको छ भने त्यसमा थप मुनाफा पनि जोडिएको छ। कम्पनीले प्रशासनिक खर्च शीर्षकबाट कर्मचारीको तलब, उनीहरूको भत्ता र सुविधा, कार्यालय सञ्चालन खर्च, शोरुम शुल्क, गोदाम भाडा, विज्ञापन खर्च तथा बिक्री प्रवर्द्धन (सेल्स प्रोमोसन) मार्फत्को शुल्क २ लाख २८ हजार ४ सय ३३ रुपियाँ थप मुनाफा जोडिएको छ।

जिओ अटोमोबाइल्स प्रालिले 'इको स्पोर्ट फोर्ड' १ दशमलव ५ लिटर पेट्रोल गाडीको मूल्यमा जम्मा लागत २२ लाख ५८ हजार २ सय ९२ रुपियाँ उल्लेख भएको देखिए पनि उक्त गाडी २४ लाख ८६ हजार ७ सय २५ रुपियाँमा बिक्री गरेको देखिन्छ। जुन रकम गाडीको वास्तविक मूल्यभन्दा २ लाख २८ हजार ४ सय ३२ रुपियाँ बढी हो।

कम्पनीले ग्राहकलाई छुट भनी दिइएको ३ लाख ३६ हजार २ सय ८३ रुपियाँ रकमसमेत जोड्दा उक्त गाडीको मूल्य २८ लाख रुपियाँभन्दा बढी पर्ने देखिन्छ। यसरी वास्तविक मूल्यभन्दा बढी मूल्य लिएर उक्त कम्पनीले उल्टै ग्राहकलाई छुटको भ्रम छर्दै आएको विभागले जनाएको छ।

कालोबजारी तथा अन्य केही अपराध तथा सजाय ऐन २०३२ अनुसार अतिरिक्त २० प्रतिशतसम्म रकम जोडेर वस्तु बिक्री गर्दा कालोबजारी गरेको ठहऱ्याइने उल्लेख गरेको छ। तर, सो कम्पनीले भने विज्ञापन खर्च, प्रशासनिक खर्चलगायत फरक-फरक शीर्षकमा शुल्क लिएको पाइएको विभागले जानकारी दिएको छ। ऐनअनुसार माल वस्तुको उत्पादक, आयातकर्ता वा मुख्य वितरकले निर्धारित गरेको मोलभन्दा बढी मोल लिई कसैले कुनै मालवस्तु बिक्री गरेमा सो माल सामान लिएको मोल फिर्ता गराई सो माल वस्तु जफत गरी निजलाई १० वर्षसम्म कैद हुनेछ र जरीवानासमेत हुन सक्ने कानुनी व्यवस्था छ। सोही ऐनले कुनै मालवस्तुको व्यापार गर्ने व्यक्तिले माल वस्तु र व्यापारको प्रचलनअनुसार सामान्यतया २० प्रतिशतभन्दा बढी मुनाफा लिएको अवस्थामा वा अभावको लाभ उठाई सो मालवस्तुको अनुचित नाफा लिई बिक्री गरेमा निजलाई ५ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनसक्ने व्यवस्था छ।

## नागरिकमा...

सरकारले राष्ट्रपतिसमक्ष पेस गरेको अध्यादेश संविधानअनुसार स्वीकृत गर्नुपर्ने दबाब दियो भने वाम गठबन्धनले सरकारले पेस गरेको अध्यादेश पारित नगर्न दबाब दिएपछि राष्ट्रपति विद्यादेवी भण्डारीलाई विवादमा तान्ने काम भयो। अन्ततः राष्ट्रिय सभा निर्वाचन एकल संक्रमणीय प्रणालीबाट हुने अध्यादेश राष्ट्रपतिबाट स्वीकृत भयो।

तर पनि नयाँ सरकार गठन गर्ने जटिलताको गाँठो फुकेन। निर्वाचन आयोगले प्रदेशसभाको निर्वाचनको समानुपातिकतर्फको मत परिणाम घोषणा भएसँगै प्रदेशसभा गठनको गाँठो त फुक्यो तर प्रतिनिधिसभातर्फको मत परिणाम निर्वाचन आयोगले अझैसम्म सार्वजनिक गरेको छैन। राष्ट्रियसभा निर्वाचनको परिणाम आएपछि मात्र निर्वाचन आयोगले प्रतिनिधिसभाको मत परिणाम सार्वजनिक गर्ने बताएको छ।

संविधान निर्माणको चरणमा नै राजनीतिक दलहरूले कमजोरी गर्दा अहिलेको किलचो सिर्जना गर्ने मुख्य जिम्मेवार प्रमुख राजनीतिक दल नै हुन्। संसद् चलेकै अवस्थामा राष्ट्रियसभा गठनसम्बन्धी विधेयक पारित गर्न खेलाची गर्दा निर्वाचनपछि राजनीतिक दलहरू अध्ययादेशमै बढी रुमलिए। राजनीतिक दलहरूको अदूरदर्शिताका कारण संवैधानिक र राजनीतिक संकट सिर्जना हुनुमा स्वयम् राजनीतिक दलहरू नै बढी जिम्मेवार छन्।

संविधानअनुसार देउवा नेतृत्वको सरकारले नयाँ सरकार गठनका लागि मार्गप्रशस्त गर्नुपर्ने थियो। तर जनमतको बेवास्ता गर्दै कामचलाउ सरकारले नै आफ्नो आयु लम्ब्याउन खोज्नुले पनि लोकतन्त्रको खिल्ली उडाएको छ।

लोकतान्त्रिक अभ्यास, लोकतान्त्रिक मूल्य र मान्यताअनुसार जनमतको सम्मान गर्दै निर्वाचनको परिणाम आएपछि प्रधानमन्त्री शेरबहादुर देउवाले नयाँ सरकार गठनको बाटो खोलिदिनुपर्दथ्यो। तर सरकारको आयु लम्ब्याएर सरकार देशलाई दीर्घकालीन असर पर्ने गर्ने निर्णय गर्ने कार्यमा बढी लागेको देखिन्छ।

सरकारले मन्त्रिपरिषद्मा भएका कतिपय निर्णयसमेत सार्वजनिक नगर्दा थप आशंका पैदा भएको छ। सरकारले सस्तो लोकप्रियताका लागि ६५ वर्षमा नै वृद्धभत्ता दिने, भूकम्पपीडितलाई थप १ लाख रुपियाँ प्रदान गर्ने निर्णय गरेको छ। तर सरकारले संविधान नियम र कानुनको उल्लंघन गर्दै मन्त्रिपरिषद्बाट धमाधम निर्णय कार्यान्वय हुन नसक्ने स्वयम् अर्थ मन्त्रालयले बताएको छ।

निर्वाचनपछि देशमा समृद्धि र विकासको अभियान शुरू हुने आशा र अपेक्षा लिएर बसेका नागरिक राजनीतिक दलको किचलोको कारण निराश बन्दै गएका छन्। राष्ट्रिय गौरवका आयोजनाहरू अपेक्षाकृतरूपमा अगाडि बढ्न सकेका छैनन्। कर्मचारीहरू राज्यकोषको सम्पत्तिमा विदेश मोहमा लागेका छन्।

भूकम्पपछिको पुनर्निर्माणको कामले पनि गति लिन सकेको छैन्। निर्वाचनका क्रममा विकास र समृद्धिको सपना बाँडेका राजनीतिक दलहरू अनावश्यक किचलो, विवादमा अल्झिँदा निर्वाचनमा जनतासमक्ष गरेको प्रतिबद्धता फिक्का भएका छन्।

नयाँ सरकार गठनका लागि अझै ३ साताभन्दा बढी समय लाग्ने देखिन्छ। राजनीति दलहरू पनि राष्ट्रिय स्वार्थलाई केन्द्रमा राखेरभन्दा पनि पदलोलुपता र सत्ता स्वार्थमा बढी अलमलिएका छन्।

राजनीतिक दलको अदूरदर्शिताले अहिलेको राजनीतिक अन्योल र किचलो सिर्जना भएको डा. भीमार्जुन आचार्य बताउनुहुन्छ। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'राजनीतिक दलहरूमा देखिएको अपरिपक्वता, दूरदर्शिताको अभाव, अवसरवादी राजनीतिक चरित्र, संविधान र कानुनलाई अटेर गर्ने राजनीतिक संस्कारको कारण अहिलेको परिणाम आएको हो।'

संविधानमा लेखिएका विषयमा राजनीतिक दलहरूले आ-आफ्नै स्वार्थ अनुकूल व्याख्या र अर्थ लगाउने प्रवृत्तिले नागरिकमा झन् अन्योलता सिर्जना भएको छ। राजनीतिक दलहरू समस्याको समाधान गर्नतिर भन्दा पनि समस्या बल्झाउने खेलमा अझै पनि उद्दत भएको देखिन्छ।

संविधानविद् डा. आचार्यले निर्वाचनको क्रममा राजनीतिक दलहरूले सपना बाँडे पनि अहिले आएर आ-आफ्नै स्वार्थमा केन्द्रित भएको बताउनुभयो। राजनीतिमा इमानदारिता, नैतिकता हराउँदै गएको टिप्पणी गर्दै उहाँ राजनीतिक दलहरूको अदूरदर्शिताको कारण नागरिकमा निराशा जन्माएको बताउनुहुन्छ। 'संविधानमा उल्लेख भएको विषयमा आ-आफ्नो व्याख्या गर्ने कुरा झन् डरलाग्दो राजनीतिक संस्कार हो' -आचार्यले भन्नुभयो।

संविधानअनुसार संघीय संरचनामा मुलुक गएसँगै राजनीतिक दलको बीचमा अझै आपसी विश्वास र सहकार्यको खाँचो देखिन्छ। तर नेपाली कांग्रेस र वाम गठबन्धनबीच दूरी दिनहुँ चुलिँदै गएको छ। सरकारले दैनिकरूपमा मन्त्रिपरिषद्बाट सस्तो लोकप्रियताका लागि गरेको सबै निर्णय अब बन्ने वाम गठबन्धन नेतृत्वको सरकारले खारेज गर्ने चेतावनी वाम गठबन्धका शीर्ष नेताले नै दिएका छन्। तर पनि सरकारले दूरगामी असर पार्ने निर्णय गर्न रोकेको छैन।

कामचलाउ सरकारले लोकतान्त्रिक मूल्य मान्यताविपरीत गएर धमाधम आगामी नयाँ बन्ने वाम गठबन्धनको सरकारलाई संकट सिर्जना गर्ने निर्णय गरेको भन्दै वाम गठबन्धन रुष्ट बनेको छ। कामचलाउ सरकारको मुलुकलाई आर्थिकरूपमा असर गर्ने कुनै पनि निर्णय गलत भएको संविधानविद् आचार्य बताउनुहुन्छ। उहाँले भन्नुभयो- 'सस्तो लोकप्रियताका लागि धमाधम निर्णय गर्नु गलत हो।'

अहिले नयाँ सरकार बनेर काम थाल्नुपर्ने बेला अझै सरकार गठन हुन तीन साताभन्दा बढी समय लाग्ने स्पष्ट छ। निर्वाचन आयोगले राष्ट्रियसभा निर्वाचनको मतपरिणाम सार्वजनिक गरेसँगै प्रतिनिधिसभाको मत परिणाम सार्वजनिक गर्ने तयारी गरेको छ। मतपरिणाम सार्वजनिक भएसँगै मात्र राष्ट्रपतिले नयाँ सरकार गठनका लागि आह्वान गर्नुहुनेछ।

मुख्य त अहिलेको राजनीतिक जटिलता कानुनी र राजनीतिक नै देखिन्छ। समाजशास्त्री डा. युवराज लुइँटेल संविधान निर्माणका क्रममा विधायकहरूले पर्याप्त ध्यान दिन नसक्दा अहिलेको परिणाम आएको बताउनुहुन्छ। उहाँले नेपाल समाचारत्रपसँग भन्नुभयो- 'जनताले निर्वाचनमा गोल हानेर पनि गोल भन्न पाएनन्, जनताले राजनीतिक दललाई दिएको जनादेशअनुसार प्रक्रिया अगाडि बढ्न सकेको छैन।' 'संविधान निर्माणको क्रममा पर्याप्त ध्यान दिएको भए अहिलेको कानुनी जटिताको कारण अलमल र विवाद गर्नुपर्ने कारण थिएन' -डा. लुइँटेलले भन्नुभयो। 'जनादेशअनुसार नयाँ सरकार गठनमा ढिलाइ हुनु राम्रो पक्ष होइन', उहाँले भन्नुभयो- 'अहिले जनताका निराशा आउनुमा कानुनी र राजनीतिक कारण देखिन्छ।'

काम चलाउ भइसकेको सरकारले दैनिक प्रशासनिक काम गर्नुपर्ने भए पनि दीर्घकालीन असर पर्ने निर्णय गर्नु जनमतको अपमान भएको उल्लेख गर्दै उहाँले संसद् विघटन हुनुभन्दा अघि नै गर्नुपर्ने काम नगर्नु राजनीतिक दलहरूको अदूरदर्शिता भएको बताउनुभयो।

## आज...

'शान्ति सुरक्षाको भरपर्दो व्यवस्था मिलाएकाले मतदानमा ढुक्क भएर सहभागी हुन आग्रह गर्दछु' -प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले भन्नुभयो। निर्वाचनमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाका प्रमुख र उपप्रमुख गरी जम्मा १ हजार ५ सय ६ जना मतदाता रहेका छन्।

प्रदेश नम्बर २ का ८ जना सदस्य निर्विरोध निर्वाचित हुनुभएकाले अब बाँकी ६ प्रदेशका स्थानीय तहका १ हजार २ सय ३४ र प्रदेश सभाका ४ सय ४३ गरी कुल १ हजार ६ सय ७७ जना मतदाताले आफ्नो मताधिकार प्रयोग गर्ने छन्। निर्वाचनका लागि जम्मा २१ राजनीतिक दलले भाग लिन आयोगमा निवेदन दर्ता गराएकोमा १३ वटा राजनीतिक दलबाट उम्मेदवारी दर्ता भएको थियो।

**निर्वाचन गर्ने तरिका**

निर्वाचनमा ८ प्रकारका मतपत्रको प्रयोग हुनेछ। विगतका निर्वाचनमा जस्तो यस निर्वाचनमा स्वस्तिक चिह्नको प्रयोग हुने छैन। मतदानका लागि प्रदेशसभाका सदस्यले हरियो रङको मतपत्रबाट र स्थानीय तहका मतदाताले रातो रङ्गको मतपत्रमा मत सङ्केत गर्नुपर्ने छ।

३महिला र अन्य ३ सदस्यका लागि एकल सङ्क्रमणीय मतका आधारमा मत सङ्केत गर्नुपर्ने छ। त्यसले गर्दा मतदाताले बढीमा ३ जना उम्मेदवारलाई १, २ र ३ भनी प्राथमिकता तोक्नुपर्ने छ। त्यस्तै महिला एक र अपांगता भएका वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित हुने सदस्यको मतपत्र पनि अलग-अलग हुनेछन्। हरेक मतपत्रमा बढीमा १ जना उम्मेदवारलाई तोकिएको स्थानमा ठीक (राइट) चिह्नले संकेत गर्नुपर्ने छ।

स्थानीय तहका मतदाताले एउटा मतपत्रमा सही तरिकाले मत संकेत नगर्दा १८ मतभार र प्रदेशसभा सदस्यले एउटा मतपत्रमा सही तरिकाले मत संकेत नगर्दा ४८ मतभार फरक पर्ने छ। 'एउटै पनि मत बदर नहुने गरी मत संकेत गर्न अनुरोध गर्दछु' -प्रमुख निर्वाचन आयुक्त डा. यादवले भन्नुभयो।

प्रदेश नम्बर १ मा महिला ३ र अन्य ३ गरी ६ जना उम्मेदवार निर्विरोध निर्वाचित भएका छन्। अब दलित १ र अपांगता भएका वा अल्पसङ्ख्यक समुदायबाट १ गरी जम्मा २ जना सदस्यका लागि मतदान हुनेछ। प्रदेश नम्बर ३ मा भने ८ वटै पदमा मतदान हुनेछ।

त्यस्तै प्रदेश नम्बर ४ मा अपांगता भएका वा अल्पसङ्ख्यक समुदायबाट एक सदस्यमा उम्मेदवार निर्विरोध निर्वाचित भएकाले अन्य सदस्यमा निर्वाचन हुनेछ। यसै गरी, प्रदेश नम्बर ५ मा महिला ३ सदस्यमा उम्मेदवारहरू निर्विरोध निर्वाचित भइसक्नुभएकाले अन्य ३, दलित १ र अपांगता भएका वा अल्पसङ्ख्यक समुदायबाट १ गरी जम्मा ५ सदस्यमा निर्वाचन हुने भएको छ।

त्यस्तै, प्रदेश नम्बर ६ मा सबै पदमा निर्वाचन हुँदै छ भने प्रदेश ७ मा महिला ३ र अन्य ३ गरी ६ सदस्यमा उम्मेदवारहरू निर्विरोध निर्वाचित भएकाले अब दलित १ र अपांगता भएका वा अल्पसङ्ख्यक समुदायबाट १ गरी जम्मा २ सदस्यमा निर्वाचन हुनेछ।

**भोट हाल्न नागरिकता वा मतदाता परिचयपत्र**

स्थानीय तह निर्वाचन वा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन २०७४ का लागि आयोगबाट जारी मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा पनि मतदान गर्न पाउने व्यवस्था मिलाइएको आयोगले जनाएको छ।

**साँझबाट मतगणना**

मतदान सकिएलगत्तै मत गणना कार्य शुरू गर्ने पनि प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले जानकारी दिनुभयो। 'मतगणना कार्यलाई निरन्तर जारी राखेर पूर्णता दिन सबै निर्वाचन अधिकृतलाई निर्देशन दिएको छु' -उहाँले भन्नुभयो।

मतगणना कार्यलाई सहयोग पुगोस् भन्ने उद्देश्यले आयोगले ६ वटै प्रदेशमा सहयोग गर्न टोलीसमेत खटाएको छ। 'सातवटै प्रदेशको अन्तिम परिणाम प्राप्त गरेपछि आवश्यक तयारी पूरा गरी राष्ट्रिय सभा सदस्य निर्वाचनको अन्तिम मतपरिणाम यथाशीघ्र राष्ट्रपतिसमक्ष पेस गर्ने तयारी पनि आयोगले गरेको छ' -प्रमुख निर्वाचन आयुक्त डा. यादवले भन्नुभयो।

राष्ट्रिय सभा सदस्यको निर्वाचनको अन्तिम मत परिणाम आएलगत्तै आयोगले प्रतिनिधिसभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपरिणाम सार्वजनिक गर्ने पनि आयोगले जनाएको छ। यसका लागि आयोगले न्यूनतम मतसीमा (थ्रेसहोल्ड) ३ प्रतिशतभन्दा बढी मत ल्याउने दलहरूको संख्या र सिट तोकिने छ। सोहीअनुरूप बन्दसूचीमा रहेका उम्मेदवारमध्ये निर्वाचित हुने उम्मेदवारको नाम समावेशी समूहअनुसार सिफारिस गर्न दलहरूलाई तीन दिनको समय दिएर पत्राचार गर्ने आयोगले जनाएको छ।

दलहरूले गरेको सिफारिसअनुसार समावेशी समूह मिले नमिलेको आयोगले जाँच गर्नेछ। सिफारिस नमिलेको भएमा मात्रै दलहरूलाई सच्याउन पुनः दुई दिनको समय दिइने व्यवस्था मिलाइएको आयोगले जनाएको छ।

प्रमुख निर्वाचन आयुक्त डा. यादवले भन्नुभयो- 'दलहरूबाट विगतमा जस्तै तोकिएको समयमै नाम प्राप्त हुनेमा आयोग विश्वस्त रहेको छ।' सबै तयारी र प्रक्रिया पूरा गरी प्रतिनिधिसभा सदस्यको सबै निर्वाचन परिणाम फागुनको पहिलो हप्ताभित्रै राष्ट्रपतिसमक्ष पेस गर्न आयोग दृढ सङ्कल्पित रहेको पनि डा. यादवको कथन रहेको छ।

## गोल्छाले...

विभागलाई अतिरिक्त शुल्क नलिने विषयमा लिखित प्रतिबद्धता जनाएर गएका गोल्छा एकहप्ता बढी समय बित्दा पनि विभाग फर्किएका छैनन्। 'हामीले उहाँलाई आगामी दिनमा यस्तो काम नगर्न लिखितरूपमा प्रतिबद्धता जाहेर गर्न भनेका थियौं तर उहाँ फर्किनु भएन' -विभागका एक अधिकारीको भनाइ छ।

## सुमार्गीको...

त्यसै गरी अदालतको आदेशमा भनिएको छ- 'पैसा बिनाआधार र कारण रोक्दा उद्योगलाई क्षति बेहोर्न परिरहेको देखिन आउँदा सम्पत्ति शुद्धीकरण र राज्यका साविकका निकायबाट अनुसन्धान भइरहेको भए त्यसमा बाधा अड्चन नआउने गरी र प्रस्तुत रकम र सोबाट हुने लाभसमेत विदेश लैजान नपाउने गरी अर्को आदेश नभएसम्म निवेदकले माग गरेको बखत भुक्तानी दिनु दिलाउनु र खाता सञ्चालनमा अवरोध नगर्नु।'

अदालतले रिट निवेदनको विषय गम्भीर भएको भन्दै फागुन २ गते बृहत्तर छलफलका लागि दुवै पक्षलाई उपस्थित गराउन आदेशसमेत दिएको छ। अदालतले उक्त रकम रोक्नु नपर्ने आदेश दिए पनि हाल इन्भेष्टमेन्ट बैंकमा रहेको रकमको ब्याजको विषयमा भने केही बोलेको छैन। बैंकमा २०६८ सालदेखि उक्त रकम रहेको छ।

## एसपी निलम्बित, बलात्कार गर्नेलाई १० वर्ष कैद

नेपाल समाचारपत्र

काठमाडौं

सुनसरी प्रहरी प्रमुख एसपी विद्यानन्द माझी निलम्वनमा पर्ने भएका छन्।

गत पुस १६ गते सुनसरीको इटहरीमा भएको बलात्कारको घटना ढाकछोप गरेको पाइएपछि उनलाई निलम्वनका लागि गृहमन्त्रालयलाई पत्र पठाइएको प्रहरी प्रधान कार्यालयले मंगलबार जनाएको छ।

एसपी माझीले पीडित पक्षको जाहेरी नलिई र अभियुक्त पक्षसँग मिलेर पीडित पक्षलाई मिलापत्र गराएको घटना सार्वजनिक भएको थियो। प्रहरी प्रधान कार्यालयका अनुसार उक्त घटनाको अध्ययनका लागि बनेको छानविन समितिको प्रतिवेदनका आधारमा उनलाई निलम्वनका लागि पत्राचार गरिएको हो।

दश कक्षमा अध्ययनरत इटहरी-२० की १४ वर्षीया बालिकालाई उनका प्रेमी जोकम लिम्बु र उनको साथी मनीष श्रेष्ठले मदिरा खुवाई इटहरी-२ हलगढास्थित रोयल रिसोर्टमा सामूहिक बलात्कार गरेका थिए। यसैबीच जिल्ला अदालत महोत्तरीले मंगलबार ३ वर्षीया बालिका बलात्कार गर्ने कुमार भुजेललाई १० वर्ष कैद सजाय तोकेको छ। गौशाला नगरपालिका-२ का १८ वर्षीय भुजेललाई रु ५० हजार जरिवाना पनि तोकिएको छ।

प्रहरीका अनुसार निज भुजेलले २०७३ साल कात्तिक १६ गते ती बालिकालाई बलात्कार गरेको पाइएको थियो।

## धूमपान नगर्नुस् जरिवाना तिर्नुपर्ला

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिकाले महानगरका सबै वडालाई धूमपानरहित क्षेत्र घोषणा गरेको छ। महानगरपालिकाका प्रमुख (मेयर) विद्यासुन्दर शाक्यको अध्यक्षता रहेको निर्देशक समिति बैठकले मंगलबारदेखि महानगरभर धूमपान निषेधित क्षेत्र घोषणा गर्ने निर्णय गरेको हो।

पहिलो चरणको अभियान महानगरपालिकाका कर्मचारीमै केन्द्रित छ। धूमपान गरेमा उनीहरूमाथि नै कारबाही हुनेछ। कामपा शहरी स्वास्थ्य महाशाखा प्रमुख हरिकुमार श्रेष्ठले मंगलबारबाटै उक्त अभियान शुरू गरिएको जानकारी दिँदै १८ महिनाभित्र महानगरपालिका क्षेत्रलाई पूर्णरूपमा धूमपानरहित बनाइने दाबी गर्नुभयो।

उहाँका अनुसार पहिलो चरणमा ३२ वटै वडामा जनचेतना अभियान सञ्चालन गरी सबै वडामा सुर्तीजन्य पदार्थ सेवनमा पूर्ण प्रतिबन्ध लगाइने छ।

शुरुमा सम्झाइने, सम्झाउँदा पनि नमाने १ सय रुपियाँ जरिवाना लिइने र पटक-पटक धूमपान गरे सुर्ती सेवन व्यवस्थापन ऐन, २०६८ अनुसार कानुनी कारबाही गरिने बताइएको छ। महाशाखा प्रमुख श्रेष्ठले यसबारे जनचेतना जगाउन सबै वडामा अन्तर्क्रिया गरी सम्बन्धित निकायलाई पत्रसमेत पठाइने बताउनुभयो।

## हुम्ला र आसपासमा हिमपात

काठमाडौं, (नेस)

भू-मध्य सागरबाट भित्रिएको पश्चिमी वायु र अरब सागरबाट भित्रिएको जलवाष्पयुक्त वायुको मिश्रणका कारण मुलुकका पश्चिमतर्फका अधिकांश भेगको मौसम बदली भएको छ।

हुम्ला विमानस्थल र आसपासको क्षेत्र हिमपातले ढाकिएको छ भने कर्णाली र आसपासका उच्च पहाडी र हिमाली भेगमा पनि हिमपात भएको छ। मुलुकका उच्च पहाडी र हिमाली भेगमा हिमपातको सम्भावना रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

'सोमबारदेखि भित्रिएको पश्चिमी वायुको असरले मंगलबार धेरै ठाउँको मौसम धुमिएको छ, यो वायुले उच्च पहाडी भेगहरूमा हिमपात गराएको हो र केही ठाउँमा छिटफुट वर्षा गराउन सक्छ' -मौसमविद् सुवास रिमालले भन्नुभयो। रिमालका अनुसार यस्तो असर लामो समय रहने संकेत छैन, भोलि बुधबारदेखि नै मौसममा सुधार आउने छ। पश्चिमी भेगको मौसम बिहानदेखि नै सुधार हुने तर मुलुकको मध्य र पूर्वी भेगका उच्च पहाडी भेगको मौसम भने अपराह्नपछि क्रमशः सुधार हुने महाशाखाले जनाएको छ।

**हार्दिक श्रद्धाञ्जली**



जन्मः वि.सं. २०१९/०५/०७

स्वर्गारोहणः वि.सं. २०७४/१०/१२

**स्व. निरन गुरुङ्ग**

हाम्रा आत्मिय मित्र श्री निरन गुरुङ्ग (त्रिभुवन विमानस्थल पर्यटक व्यवसायी संघका अध्यक्ष तथा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका केन्द्रिय सदस्य) ज्यूको असामयिक निधन भएकोमा गहिरो दुःख व्यक्त गर्दछौं। साथै यस दुःखद् घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै आज १३ औं दिनको पूण्य तिथीमा शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

**त्रि.वि. पर्यटक व्यवसायी संघ परिवार सिनामंगल, काठमाण्डौ**

तथा

**अखिल नेपाल या. म संघ कार्गो दुवानी इकाई परिवार सिनामंगल, काठमाण्डौ**

Government of Nepal
Ministry of Industry
**Nepal Bureau of Standards and Metrology**
Balaju, Kathmandu

**Invitation for Sealed Quotation**

First date of publication: 2074/10/24

1. Nepal Bureau of Standards and Metrology (NBSM) invites sealed Quotations from registered authorized dealers/suppliers for the instruments presented in the table below:

| Contract identification number | Equipment Details | Security deposit | Document Fee | Quot Validity | Last date & time of purchase | Last date & time of submission | Quot opening date &time |
|---|---|---|---|---|---|---|---|
| NBSM -5 2074/75 | Flame Photometer | 26,000/- | 1000 | 45 days | 1700 hrs NST, 2074/11/09 | 1200 hrs NST, 2074/11/10 | 1300 hrs NST, 2074/11/10 |
| NBSM -6 2074/75 | Fume hood (set 2) | 25,000/- | 1000 | 45 days | | | |
| NBSM-7-2074/75 | Length Scale Calibrator | 48,000/- | 1000 | 45 days | | | |

2. The documents to be presented for the purchase of bid is: (i) Authorization letter of the proprietor, (ii) attested copies of firm registration certificate, (iii) attested copies of VAT/PAN registration certificate, (iv) attested copy of tax clearance certificate of FY 2073/74 and (v) ***attested copy of company renewal certificate***. A complete set of bidding document can be purchased by eligible bidder on or before time mentioned above on payment of bid document fee (nonrefundable) and the documents mentioned above.
3. Bid must be submitted to NBSM before the time mentioned in above table. Bids shall be sealed in an envelope indicating contract identification number, bidders name and address.
4. The above mentioned bid security amount should be valid for 75 days. The bid security shall either be in form of a bid security issued by an authorized A class commercial bank or original security deposit voucher issued by Rastriya Banijaya Bank, Thamel Branch (को.ले.नि.का.लैनचौर, धरौटी हिसाब नं. ११००२०३, कार्यालय कोड : २७/०७/०९)
5. For more details, please refer to the information desk of NBSM or contact the address below:

**Purchase Unit**
**Nepal Bureau of Standards and Metrology**
**Balaju, Kathmandu**
**Tel: 4350818, 4350447, 4350445 Fax: 4350689**



# अर्थ

2018, “EB
Wednesday
7

मन्त्रालयको स्वीकृत गरेको कार्यसूचीका आधारमा प्रस्तावक आयल निगमले वातावरण प्रभाव मूल्यांकन (ईआईए) प्रतिवेदन तयार गरेर आपूर्ति मन्त्रालयमामार्फत वातावरण मन्त्रालयले फेरि अध्ययन गरेर निर्माणकार्य गर्नको लागि निगमलाई स्वीकृत प्रदान गर्नेछ।


ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७९.८५ | ७८.८५ | ८१.३५ | ८०.३५ | ७७.३५ | ७९.८५ | ७९.६५ | ८९.२२ |
| बीरगंज | ७७.९५ | ७६.९५ | ७९.४४ | ७८.४५ | ७५.४५ | ७७.९४ | ७७.७५ | ८७.४२ |
| विराटनगर | ७८.४५ | ७७.४५ | ७९.९४ | ७८.९५ | ७५.९५ | ७८.४४ | ७८.२५ | ८८.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO GUARANTEED DUCTILITY 500D

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ८५ | ८२ | ८५ | ८५ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ८३।४० | ८०।४० | ८३।४० | ८३।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८४ | ८१ | ८४ | ८४ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ८४ | ८१ | ८४ | ८४ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ८५ | ८२ | ८५ | ८५ |
| पोखरा, स्याङजा | ८५ | ८२ | ८५ | ८५ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।
नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049 ), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

नेपालकै एक मात्र
यूरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य
OPC PSC

SAURABH GROUP
लक्ष्मी स्टील
नेपालमै ग्यारेण्टेड नं. 1 क्वालिटी

तपसिल

| सि.नं. | मालवस्तुको विवरण | आकार र प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पतिको मूलुक | ईकाइ | प्रति ईकाइ मूल्य | अधिकतम खुद्रा विक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LED TV | | SKY-WORTH | 43U5 | 43” | CHINA | 1 | 37601 | 71400 |
| 2 | LED TV | | SKY-WORTH | 49U5 | 49” | CHINA | 1 | 43311 | 82300 |
| 3 | LED TV | | SKY-WORTH | 55G6 | 55” | CHINA | 1 | 52502 | 99900 |

बिक्रेताको नाम : SMART APPLIANCES PVT LTD स्थायी लेखा नं.: 600821265
ठेगाना : SANOGAUCHARAN, फोन नं.: 014443738


# विश्वभर नै शेयर बजारमा गिरावट

नेपाल समाचारपत्र

काठमाडौं

विश्व बजारमा देखिएको शेयर गिरावटको प्रभाव एसियाली बजारमा पनि देखिएको छ। अधिकांश मुलुकका शेयर बजार परिसूचक र मूल्य घटेको अवस्थामा नेपाली बजार पनि सम्हालिन नसकेको हो।

मंगलबार अन्य मुलुकका शेयर बजारझैं ओरालो लाग्दा नेपाली बजार परिसूचक पनि ६ अंकले ओरालो लागेको छ।

मंगलबार पनि नेप्से १४ सयभन्दा तल झरेदेखि पटक-पटक बढ्ने प्रयासमा रहे पनि त्यो सम्भव हुन सकेन। यस दिन बजार १ हजार ४ सय दशमलव शून्य ५ अंकबाट शुरू भएर १ हजार ३ सय ९४ दशमलव शून्य ३ अंकका सीमित भएको हो।

नेप्से परिसूचकसँगै मंगलबार पनि कारोबार रकममा पनि गिरावट आएको छ। सोमबार बजारमा ३० करोड ७८ लाख रुपियाँको शेयर किनबेच भएकोमा मंगलबार १ सय ५२ कम्पनीका २४ करोड २० लाख ९६ हजार १४६ रुपियाँको शेयर किनबेच भएका छन्। यस दिन 'कु वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पनि १ दशमलव १७ प्रतिशतले घटेर २ सय ९४ दशमलव ६२ अंकमा पुगेको छ।

मंगलबार कारोबारमा आएका सबै समूहको परिसूचक ओरालो लागे। जसमा बीमा समूह सबैभन्दा बढी ३० दशमलव १८ अंकले घट्यो। त्यसैगरी जलविद्युत् समूह २२ दशमलव ५४ अंक, लघुवित्त समूह ७ दशमलव ५५ अंक तथा होटल समूह ६ दशमलव ८७ अंकले घट्दा ट्रेडिङ, बैंकिङ र विकास बैंक समूह पनि क्रमशः ५ दशमलव ८२ अंक, ५ दशमलव ७९ अंक र ३ दशमलव ९३ अंकले ओरालो लागे। यस दिन अन्य समूह शून्य दशमलव २८ अंक र वित्त समूह पनि शुन्य दशमलव १८ अंकले घट्यो।

यस दिन सानिमा माई हाइड्रोपावरको शेयर सर्वाधिक मूल्यमा किनबेच भए। कम्पनीको १ करोड ६३ लाख रुपियाँको शेयर खरिद बिक्री हुँदा सिन्धु विकास बैंकका लगानीकर्ताले सबैभन्दा धेरै ४ दशमलव ५८ प्रतिशत कमाए।

केही समयदेखि विश्व शेयर बजार सिथिल देखिएको थियो। तर, अघिल्लो दिनदेखि एकाएक आएको गिरावटका कारण नेप्से पनि कारोबार शुरू भएको केही समयदेखि नै ओरालो लाग्न थालेको जानकारहरुले जनाएका छन्।

## सी-आस्बाबारे प्रष्ट हुन बोर्डको आग्रह

काठमाडौं, (नेस)

नेपाल धितोपत्र बोर्डले सी-आस्बा प्रणालीमार्फत् सार्वजनिक निष्कासनमा धितोपत्र खरिद गर्ने आवेदन प्रक्रिया अनलाइनमार्फत् मात्र नभएको जनाएको छ। बोर्डले मंगलबार एक विज्ञप्ति जारी गर्दै सी-आस्बा प्रणाली लागू गर्न लगानीकर्ताले आवेदन दिँदा अनलाईनमार्फत् मात्र गर्नुपर्ने भनि भ्रम पर्न गएको बताएको छ।

यस विषयमा धितोपत्र बोर्डको ध्यानाकर्षण भएको बताउँदै बोर्डले सी-आस्बा प्रणालीमार्फत् आवेदन दिँदा 'सी-आस्बा रजिस्ट्रेसन नम्बर लिई अनलाईन फर्म भर्नु तथा 'सी-आस्बा फारम भर्नु दुईमध्ये एक प्रक्रियाबाट आवेदन दिन सक्ने व्यवस्था रहेको जनाएको छ।

बोर्डले सार्वजनिक निष्काशनमा धितोपत्र खरिद गर्न आवेदन दिँदा लगानीकर्ताको बैंक तथा वित्तीय संस्थामा रहेको खातामा आवेदन बराबरको रकम रोक्का राखी धितोपत्र बाँडफाँडपछि आवेदनको बाँडफाँडमा परेको धितोपत्र बराबरको रकम मात्र खाताबाट खिच्ने व्यवस्थाका लागि आस्बा प्रणाली लागू गरिएको जनाएको छ। त्यसैगरी कम्प्युटरकृत प्रणालीमार्फत् आवेदन दिने कार्यलाई थप व्यवस्थित तथा छिटो छरितो बनाउने उद्देश्यले आस्बा प्रणाली लागू गर्न सीडीएस एन्ड क्लियरिङले शेयर निष्काशनको सेवा सञ्चालन गरेको बोर्डएको दाबी छ। त्यसैका लागि बोर्डले धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवासम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ स्वीकृत गरेको विज्ञप्तिमा उल्लेख छ।

यसअघि आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाले आ-आफ्नो सफ्टवेयरबाट छुट्टा छुट्टैरूपमा आस्बामार्फत् आवेदन गर्ने व्यवस्था रहेको थियो। हाल सीडीएससीबाट एकीकृत सफ्टवेयर तयार गरी सी-आस्बा प्रणालीमार्फत् आवेदन दिने व्यवस्था गरिएको हो।

नयाँ व्यवस्था बमोजिम लगानीकर्ताले आवेदन गर्दा आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्थाबाट अनिवार्य रूपमा सी-आस्बा रजिस्ट्रेसन नम्बर लिनुपर्ने व्यवस्था छ। उक्त नम्बर लिई लगानीकर्ता स्वयम्ले अनलाईनमार्फत् आवेदन दिन सक्ने वा आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्थामा गएर सी-आस्बा फारम भरी आवेदन बरावरको रकम रोक्का राखी यस प्रणालीमार्फत् आवेदन गर्न सक्ने व्यवस्था गरिएको बोर्डले जनाएको छ।

## चुडामणि शर्माको घरमा तोडफोड

काठमाडौं, (नेस)

आन्तरिक राजश्व विभागका निलम्बित महानिर्देशक चुडामणि शर्माको घरमा तोडफोड भएको छ। मंगलबार अपरान्ह दुईवटा गाडीमा गएका नेत्रविक्रम चन्द विप्लव नेतृत्वको पार्टी 'नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ताले शर्माको घर तोडफोड गरेका हुन्।

टोलीले बुढानिलकण्ठ नगरपालिका-२२, महादेवखोला टोलस्थित शर्माको घरमा तोडफोड गरेकको हो। विप्लवका कार्यकर्ताले हानेको ढुंगा लागेर उनको घरको सिसा तथा पर्खालमा केही क्षति पुगेको प्रहरीले जनाएको छ। विप्लवका कार्यकताले शर्माको घरको गेटमा शर्माका सम्पत्ति राष्ट्रियकरण गर्ने मागसहितको ब्यानर तथा पार्टीको झण्डासमेत झुण्डाएका छन्।

यसैबीच प्रहरीले शर्माको घर तोडफोडमा संलग्न केहीलाई पक्राउ गरेको बताएको छ। प्रहरीले भ्रष्टाचार अभियोग लागेका शर्माको घरमा तोडफोडमा संलग्न विप्लव समूहका ४२ कार्यकर्ता पक्राउ गरेको हो। महानगरीय प्रहरी परिसर काठमाडौंबाट पक्राउ पर्नेमा १४ महिला र २८ पुरुष रहेको प्रहरीले जनाएको छ।

शर्मा केही महिनाअघि कर फर्छ्यौट आयोगबाट अर्बौं रुपियाँ घोटाला गरेको मुद्दामा पक्राउ परेका शर्मा धरौटीमा रिहा भएका थिए। अख्तियारले केही दिन अघि फेरि शर्माविरुद्ध अर्को मुद्दा दायर गरिसकेको छ। शर्माविरुद्धको भ्रष्टाचार मुद्दा विशेष अदालतमा विचाराधीन छ।

## मिदिम खोला विद्युत् आयोजनाको उत्पादन शुरू



लमजुङ, (नेस)

लमजुङको मध्यनेपाल-८ स्थित मिदिम खोला विद्युत् आयोजनाले उत्पादन शुरू गरेको छ। परीक्षण उत्पादनको अवधि समाप्त गरी उत्पादन थालिएको हो।

तीन मेगावाट क्षमताको सो आयोजनाबाट यतिबेला भने पानीको बहाव न्यून भएका कारण करिव एक मेगावाट मात्र विद्युत् उत्पादन भएको आयोजनाका जनसम्पर्क अधिकृत राजेन्द्र अधिकारीले बताउनुभयो। उहाँका अनुसार विद्युत् प्राधिकरणबाट आधिकारीक पत्र आउन बाँकी छ। तर, पनि मिटर रिडिङ शुरु भएको छ। यससँगै आयोजनाले त्यसको शुल्क नियमानुसार पाउँछ अधिकारीले भन्नुभयो।

युनियन हाइड्रोपावर लिमिटेडले २०७२ को वैशाख महिनादेखि निर्माण थालेको आयोजना तोकिएको समयभन्दा करिब ८ महिना ढिला सम्पन्न भएको हो। उत्पादित विद्युत्लाई प्राधिकरणको भोर्लेटारमा निर्माणाधीन सबस्टेशनमा जोडिएको छ। प्राधिकरणले ढिलाइ गरेकाले उत्पादित विद्युत् ३३ केभीएको भोर्लेटार-दमौली प्रसारण लाइनमा जडान गरिएको जानकारीमा आएको छ।

विद्युत गृहबाट भोर्लेटारसम्मको दूरी साढे ८ किलोमिटर रहेको छ। सो प्रसारणलाइन आयोजना आफैंले बनाएको आयोजनाका जनसम्पर्क अधिकृत राजेन्द्र अधिकारीले बताउनुभयो। उहाँका अनुसार मध्यनेपाल नगरपालिका- ८ करापु र बेंसीशहर नगरपालिका ४ नाल्मासीमा लाङ्दीफेदीमा आयोजनाको बाँध निर्माण गरिएको छ। सो अयोजनामा १ हजार १ सय २१ दशमलव २ मिटर लामो भूमिगत सुरुङ, १ सय ३० मिटर पेनस्टक पाइप, १ सय ७१ मिटर लामो एप्रोच क्यानल (कल्भर्ट) निर्माण गरी पानीलाई मध्यनेपाल- ८ करापुको पतरीमा निर्मित विद्युत गृहमा खसालिएको छ। आयोजनामा २ वटा फ्रास्सिस टर्वाइन जडान गरिएको छ, यसको ग्रसहेड ५१ मिटर छ अधिकारीले भन्नुभयो।

पानीको बहाव (रन अफ रिभर) मा आधारित उक्त आयोजना स्वदेशी लगानीमा निर्माण गरिएको हो। कुल ५४ करोड रुपियाँमा निर्माण लागत अनुमान गरिएकोमा अहिले ७५ करोड रुपियाँ लागत पुगेको आयोजनाले जनाएको छ।

प्रवर्द्धक कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच २०६९ माघमा विद्युत खरिद सम्झौता (पीपीए) भएको थियो। प्रतियुनिट सुख्खायाममा ८ रुपियाँ ४० पैसा र बर्खायाममा ४ रुपियाँ ८० पैसामा सम्झौता भएको उहाँले बताउनुभयो।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ माघ २४, फेब्रुअरी ७, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०२।२० | १०३।०९ |
| युरो १ को रू. | १२७।३३ | १२७।९० |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४४।१० | १४३।९१ |
| स्विस फ्रन्क १ को रू. | १०९।८२ | ११०।३८ |
| अस्ट्रलियन डलर १ को रू. | ८१।१२ | ८१।१३ |
| क्यानाडियन डलर १ को रू. | ८२।२५ | ८२।२५ |
| सिङ्गापुर डलर १ को रू. | ७७।६१ | ७८।०६ |
| जापानी यन १० को रू. | ९।३० | ९।४६ |
| चिनियाँ युआन १ को रू. | १६।२५ | १६।४३ |
| साउदी अरब रियाल १ को रू. | २७।२५ | २७।४९ |
| कतारी रियाल १ को रू. | २८।०७ | २८।३१ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।२४ | ३।२७ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।८३ | २८।०७ |
| मलसियन रिङ्गिट १ को रू. | २६।२१ | २६।३३ |
| दक्षिण कारियन वन १०० को रू. | ९।३९ | ९।४९ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।९१ |
| डेनिस क्रानर १ का रू. | १७।०८ |
| हङकङ डलर १ का रू. | १३।११ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## SHARE MARKET

6 “EBRUARY TUESDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 5214.00 | 347.00 | 340.00 | 347.00 | 5.00 |
| 2 | Api Power Company Ltd. | 1347.00 | 382.00 | 374.00 | 381.00 | -1.00 |
| 3 | Arun “inance Limited | 630.00 | 158.00 | 155.00 | 158.00 | 0.00 |
| 4 | Arun Kabeli Power Ltd. | 4833.00 | 325.00 | 319.00 | 319.00 | -8.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 5670.00 | 200.00 | 190.00 | 198.00 | -2.00 |
| 6 | Asian Life Insurance Co. Limited | 113.00 | 865.00 | 860.00 | 865.00 | 0.00 |
| 7 | Bank of Kathmandu Ltd. | 17852.00 | 387.00 | 383.00 | 385.00 | -4.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 40.00 | 181.00 | 180.00 | 181.00 | 0.00 |
| 9 | Best “inance Company Ltd. | 470.00 | 129.00 | 125.00 | 125.00 | -4.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 1450.00 | 151.00 | 150.00 | 150.00 | -3.00 |
| 11 | Bishal Bazar Company Limited | 110.00 | 1930.00 | 1900.00 | 1900.00 | -69.00 |
| 12 | Butwal Power Company Limited | 11101.00 | 567.00 | 548.00 | 557.00 | -1.00 |
| 13 | Central “inance Co. Ltd. | 325.00 | 137.00 | 135.00 | 137.00 | 4.00 |
| 14 | Century Commercial Bank Ltd. | 23887.00 | 195.00 | 190.00 | 193.00 | -2.00 |
| 15 | Chhimek Lag. Bikas Bank Limited | 6995.00 | 1008.00 | 995.00 | 997.00 | -8.00 |
| 16 | Chhyangdi Hydropower Ltd. | 152.00 | 170.00 | 168.00 | 168.00 | 0.00 |
| 17 | Chilime Hydropower Company Limited | 5510.00 | 869.00 | 858.00 | 858.00 | -11.00 |
| 18 | Citizen Bank International Limited | 4480.00 | 274.00 | 270.00 | 273.00 | 1.00 |
| 19 | Citizen Investment Trust | 346.00 | 3480.00 | 3471.00 | 3472.00 | -28.00 |
| 20 | Civil Bank Ltd | 37613.00 | 177.00 | 175.00 | 175.00 | -2.00 |
| 21 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 66.00 | 838.00 | 809.00 | 838.00 | 32.00 |
| 22 | Deprosc Development Bank Limited | 850.00 | 855.00 | 846.00 | 855.00 | 3.00 |
| 23 | Deva Bikas Bank Limited | 1565.00 | 179.00 | 177.00 | 179.00 | -1.00 |
| 24 | Everest Bank Limited | 10160.00 | 853.00 | 844.00 | 845.00 | -9.00 |
| 25 | Everest Insurance Co. Ltd. | 1170.00 | 1613.00 | 1521.00 | 1560.00 | 10.00 |
| 26 | “irst Micro “inance Dev. Bank Ltd. | 2896.00 | 573.00 | 568.00 | 568.00 | -4.00 |
| 27 | “orward Com. Mic. Bittiya Sanstha Ltd. | 234.00 | 3340.00 | 3310.00 | 3313.00 | -27.00 |
| 28 | Gandaki Bikas Bank Limited | 3050.00 | 235.00 | 230.00 | 235.00 | 0.00 |
| 29 | Garima Bikas Bank Limited | 3610.00 | 195.00 | 192.00 | 193.00 | -1.00 |
| 30 | Global IME Bank Limited | 6442.00 | 324.00 | 320.00 | 321.00 | 0.00 |
| 31 | Goodwill “inance Co. Ltd. | 99.00 | 146.00 | 146.00 | 146.00 | -2.00 |
| 32 | Guheshowori Mer. Bank & “in. Co. Ltd. | 96.00 | 146.00 | 146.00 | 146.00 | -1.00 |
| 33 | Gurans Life Insurance Company Ltd. | 407.00 | 948.00 | 935.00 | 935.00 | -20.00 |
| 34 | Gurkhas “inance Ltd. | 3596.00 | 137.00 | 134.00 | 134.00 | -1.00 |
| 35 | Hamro Bikas Bank Ltd. | 18002.00 | 160.00 | 156.00 | 156.00 | -6.00 |
| 36 | Himalayan Bank Limited | 2708.00 | 657.00 | 652.00 | 652.00 | -4.00 |
| 37 | Himalayan General Insurance Co. Ltd | 1233.00 | 469.00 | 465.00 | 465.00 | -5.00 |
| 38 | Himalayan Power Partner Ltd. | 2480.00 | 369.00 | 362.00 | 364.00 | -2.00 |
| 39 | IC“C “inance Limited | 387.00 | 203.00 | 202.00 | 202.00 | -1.00 |
| 40 | IME General Insurance Ltd. | 150.00 | 980.00 | 970.00 | 980.00 | 0.00 |
| 41 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 2579.00 | 166.00 | 163.00 | 165.00 | 0.00 |
| 42 | Janaki “inance Ltd. | 1056.00 | 176.00 | 172.00 | 172.00 | -1.00 |
| 43 | Janata Bank Nepal Ltd. | 3008.00 | 184.00 | 182.00 | 184.00 | 1.00 |
| 44 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 36.00 | 2890.00 | 2889.00 | 2890.00 | 0.00 |
| 45 | Jebils “inance Ltd. | 130.00 | 126.00 | 124.00 | 124.00 | 0.00 |
| 46 | Jyoti Bikas Bank Limited | 3053.00 | 156.00 | 153.00 | 154.00 | -1.00 |
| 47 | Kabeli Bikas Bank Limited | 500.00 | 330.00 | 324.00 | 330.00 | 6.00 |
| 48 | Kailash Bikas Bank Ltd. | 2101.00 | 243.00 | 241.00 | 241.00 | -2.00 |
| 49 | Kalika Microcredit Dev. Bank Ltd. | 205.00 | 1570.00 | 1550.00 | 1555.00 | -44.00 |
| 50 | Kamana Sewa Bikas Bank Limited | 8133.00 | 164.00 | 162.00 | 162.00 | -2.00 |
| 51 | Kanchan Development Bank Limited | 220.00 | 218.00 | 210.00 | 218.00 | 8.00 |
| 52 | Kankai Bikas Bank Ltd. | 300.00 | 150.00 | 149.00 | 149.00 | -1.00 |
| 53 | Karnali Development Bank Limited | 1520.00 | 130.00 | 124.00 | 124.00 | -6.00 |
| 54 | Khanikhola Hydropower Co. Ltd. | 618.00 | 145.00 | 141.00 | 141.00 | -4.00 |
| 55 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 200.00 | 1674.00 | 1609.00 | 1609.00 | -41.00 |
| 56 | Kuber Merchant “inance Limited | 100.00 | 187.00 | 187.00 | 187.00 | -2.00 |
| 57 | Kumari Bank Limited | 17403.00 | 275.00 | 269.00 | 270.00 | 0.00 |
| 58 | Lalitpur “inance Ltd. | 1070.00 | 170.00 | 168.00 | 170.00 | 1.00 |
| 59 | Laxmi Bank Limited | 12650.00 | 274.00 | 265.00 | 268.00 | -1.00 |
| 60 | Laxmi Equity “und | 8350.00 | 9.75 | 9.70 | 9.70 | 0.00 |
| 61 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 95.00 | 1245.00 | 1235.00 | 1245.00 | 11.00 |
| 62 | Life Insurance Co. Nepal | 1045.00 | 1910.00 | 1893.00 | 1900.00 | -11.00 |
| 63 | Lumbini Bikas Bank Ltd. | 1335.00 | 167.00 | 164.00 | 165.00 | 1.00 |
| 64 | Lumbini Bikas Bank Ltd. Pro. Share | 50000.00 | 105.00 | 105.00 | 105.00 | 0.00 |
| 65 | Lumbini General Insurance Co. Ltd. | 1602.00 | 585.00 | 572.00 | 572.00 | -12.00 |
| 66 | Machhapuchhre Bank Limited | 5574.00 | 275.00 | 270.00 | 270.00 | 0.00 |
| 67 | Mahalaxmi Bikas Bank Ltd. | 2274.00 | 193.00 | 188.00 | 190.00 | 0.00 |
| 68 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 55.00 | 780.00 | 770.00 | 770.00 | 5.00 |
| 69 | Mahuli Samudayik Lag. Sanstha Ltd. | 50.00 | 2856.00 | 2846.00 | 2856.00 | -4.00 |
| 70 | Manjushree “inance Ltd. | 1477.00 | 141.00 | 141.00 | 141.00 | -1.00 |
| 71 | Mero Microfinance Bittiya Sanstha Ltd. | 477.00 | 1300.00 | 1290.00 | 1293.00 | 0.00 |
| 72 | Mirmire Microfinance Dev. Bank Ltd. | 765.00 | 2993.00 | 2900.00 | 2993.00 | 113.00 |
| 73 | Miteri Development Bank Limited | 56.00 | 305.00 | 305.00 | 305.00 | 1.00 |
| 74 | Mithila LaghuBitta Bikas Bank Ltd. | 73.00 | 1014.00 | 991.00 | 1000.00 | -5.00 |
| 75 | Muktinath Bikas Bank Ltd. | 3447.00 | 415.00 | 413.00 | 414.00 | 0.00 |
| 76 | Multipurpose “inance Company Limited | 10.00 | 338.00 | 338.00 | 338.00 | 0.00 |
| 77 | Nabil Balance “und 1 | 63584.00 | 17.00 | 16.67 | 16.70 | -0.25 |
| 78 | Nabil Bank Limited | 4578.00 | 1073.00 | 1065.00 | 1072.00 | -5.00 |
| 79 | NABIL Bank Limited Promotor Share | 5354.00 | 855.00 | 850.00 | 850.00 | -7.00 |
| 80 | Nabil Equity “und | 13479.00 | 9.95 | 9.88 | 9.88 | -0.04 |
| 81 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 50.00 | 2375.00 | 2375.00 | 2375.00 | 0.00 |
| 82 | National Hydro Power Company Limited | 17229.00 | 113.00 | 109.00 | 110.00 | -3.00 |
| 83 | National Life Insurance Co. Ltd. | 572.00 | 1499.00 | 1480.00 | 1490.00 | -5.00 |
| 84 | National Microfinance Bittiya Sanstha Ltd. | 420.00 | 2240.00 | 2226.00 | 2226.00 | -29.00 |
| 85 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 66.00 | 2400.00 | 2325.00 | 2325.00 | -74.00 |
| 86 | Neco Insurance Co. Ltd. | 2720.00 | 575.00 | 565.00 | 572.00 | -8.00 |
| 87 | Nepal Bangladesh Bank Limited | 5513.00 | 260.00 | 254.00 | 255.00 | -2.00 |
| 88 | Nepal Bank Limited | 18522.00 | 364.00 | 358.00 | 360.00 | -3.00 |
| 89 | Nepal Community Dev. Bank Ltd. | 1000.00 | 139.00 | 139.00 | 139.00 | -2.00 |
| 90 | Nepal Credit And Com. Bank Limited | 4141.00 | 322.00 | 318.00 | 320.00 | -2.00 |
| 91 | Nepal Doorsanchar Com. Limited | 7615.00 | 770.00 | 765.00 | 769.00 | 1.00 |
| 92 | Nepal Grameen Bikas Bank Ltd. | 1870.00 | 653.00 | 648.00 | 652.00 | -1.00 |
| 93 | Nepal Hydro Developers Ltd. | 40.00 | 204.00 | 204.00 | 204.00 | 0.00 |
| 94 | Nepal Insurance Co. Ltd. | 29.00 | 1255.00 | 1255.00 | 1255.00 | -17.00 |
| 95 | Nepal Investment Bank Limited | 10552.00 | 674.00 | 666.00 | 668.00 | -5.00 |
| 96 | Nepal Investment Bank Ltd. Pro. Share | 8623.00 | 598.00 | 592.00 | 598.00 | -2.00 |
| 97 | Nepal Life Insurance Co. Ltd. | 3639.00 | 1790.00 | 1760.00 | 1770.00 | 10.00 |
| 98 | Nepal SBI Bank Limited | 2890.00 | 593.00 | 585.00 | 591.00 | 0.00 |
| 99 | Nerude Laghubita Bikas Bank Limited | 5475.00 | 775.00 | 750.00 | 750.00 | -16.00 |
| 100 | Ngadi Group Power Ltd. | 676.00 | 235.00 | 223.00 | 228.00 | -3.00 |
| 101 | NIBL Pragati “und | 5555.00 | 9.95 | 9.80 | 9.80 | 0.02 |
| 102 | NIC Asia Bank Ltd. | 7027.00 | 349.00 | 344.00 | 346.00 | -2.00 |
| 103 | Nirdhan Utthan Bank Limited | 617.00 | 1199.00 | 1175.00 | 1176.00 | -4.00 |
| 104 | NLG Insurance Company Ltd. | 184.00 | 1030.00 | 1014.00 | 1030.00 | 0.00 |
| 105 | NMB Microfinance Bittiya Sanstha Ltd. | 384.00 | 1774.00 | 1740.00 | 1750.00 | 0.00 |
| 106 | NMB Bank Limited | 8936.00 | 471.00 | 466.00 | 466.00 | -8.00 |
| 107 | NMB Sulav Investment “und-1 | 1500.00 | 12.80 | 12.80 | 12.80 | -0.01 |
| 108 | Om Development Bank Ltd. | 3054.00 | 227.00 | 225.00 | 227.00 | 0.00 |
| 109 | Oriental Hotels Limited | 11659.00 | 654.00 | 646.00 | 654.00 | -1.00 |
| 110 | Pokhara “inance Ltd. | 2575.00 | 165.00 | 162.00 | 164.00 | 0.00 |
| 111 | Prabhu Bank Limited | 10834.00 | 232.00 | 230.00 | 232.00 | -2.00 |
| 112 | Prabhu Insurance Ltd. | 678.00 | 775.00 | 760.00 | 770.00 | 5.00 |
| 113 | Premier Insurance Co. Ltd. | 198.00 | 1280.00 | 1275.00 | 1275.00 | -5.00 |
| 114 | Prime Commercial Bank Ltd. | 5436.00 | 306.00 | 302.00 | 304.00 | -1.00 |
| 115 | Prime Life Insurance Company Limited | 1209.00 | 1675.00 | 1647.00 | 1675.00 | -5.00 |
| 116 | Progressive“inance Limited | 50.00 | 216.00 | 216.00 | 216.00 | -4.00 |
| 117 | Prudential Insurance Co. Ltd. | 360.00 | 762.00 | 755.00 | 757.00 | -4.00 |
| 118 | Purnima Bikas Bank Ltd. | 262.00 | 205.00 | 205.00 | 205.00 | -1.00 |
| 119 | Rastriya Beema Company Limited | 360.00 | 13150.00 | 13000.00 | 13000.00 | -200.00 |
| 120 | Rastriya Beema Co. Ltd. Promoter Share | 220.00 | 12400.00 | 12330.00 | 12330.00 | -230.00 |
| 121 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 32.00 | 1543.00 | 1513.00 | 1513.00 | -61.00 |
| 122 | Ridi Hydropower Dev. Company Ltd. | 3060.00 | 145.00 | 139.00 | 140.00 | 0.00 |
| 123 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 54.00 | 1110.00 | 1097.00 | 1097.00 | -8.00 |
| 124 | Rural Microfinance Dev. Centre Ltd. | 1229.00 | 642.00 | 635.00 | 642.00 | -4.00 |
| 125 | Sagarmatha Insurance Co. Ltd. | 159.00 | 1380.00 | 1375.00 | 1380.00 | -5.00 |
| 126 | Sahayogi Bikas Bank Limited | 1540.00 | 230.00 | 225.00 | 225.00 | -4.00 |
| 127 | Sana Kisan Bikas Bank Ltd | 1013.00 | 1180.00 | 1165.00 | 1180.00 | 3.00 |
| 128 | Sanima Bank Limited | 21691.00 | 355.00 | 348.00 | 349.00 | -1.00 |
| 129 | Sanima Mai Hydropower Ltd. | 41648.00 | 402.00 | 390.00 | 391.00 | -8.00 |
| 130 | Saptakoshi Development Bank Ltd. | 201.00 | 137.00 | 136.00 | 136.00 | 1.00 |
| 131 | Shangrila Development Bank Ltd. | 760.00 | 193.00 | 188.00 | 188.00 | -2.00 |
| 132 | Shikhar Insurance Co. Ltd. | 342.00 | 1170.00 | 1165.00 | 1170.00 | 5.00 |
| 133 | Shine Resunga Development Bank Ltd. | 370.00 | 292.00 | 292.00 | 292.00 | 0.00 |
| 134 | Siddhartha Bank Limited | 8301.00 | 345.00 | 337.00 | 343.00 | -2.00 |
| 135 | Siddhartha Equity “und | 19900.00 | 9.90 | 9.71 | 9.90 | 0.09 |
| 136 | Siddhartha Insurance Ltd. | 2611.00 | 950.00 | 928.00 | 945.00 | -20.00 |
| 137 | Sindhu Bikash Bank Ltd | 30.00 | 160.00 | 156.00 | 160.00 | 7.00 |
| 138 | Soaltee Hotel Limited | 24500.00 | 271.00 | 268.00 | 269.00 | -1.00 |
| 139 | Standard Chartered Bank Limited | 7667.00 | 1002.00 | 995.00 | 996.00 | -4.00 |
| 140 | Summit Micro “inance Dev. Bank Ltd. | 315.00 | 1236.00 | 1223.00 | 1230.00 | -16.00 |
| 141 | Sunrise Bank Limited | 4507.00 | 260.00 | 258.00 | 258.00 | -2.00 |
| 142 | Surya Life Insurance Company Limited | 1159.00 | 914.00 | 900.00 | 901.00 | -13.00 |

Total Amount Rs. 242,096,146 Total Quantity 709,803 Total No of Transactions 2,927

२०७४, माघ
बुधबार
२४




रोजगार बचतपत्र मुलुक बाहिर रोजगारीमा संलग्न वा मुलुक बाहिरको रोजगारीबाट फर्केको ४ महिना नपुगेका नेपाली नागरिक वा गैरआवासीय नेपालीले आफू वा आफ्नो परिवारको सदस्यको नाममा खरिद गर्न सक्नेछन्।

# बैंकको सीसीडी रेसियो नाघ्ने अवस्थामा

**नेपाल समाचारपत्र**

काठमाडौं

बैंकहरुले सार्वजनिक गरेको चालू आवको दोस्रो त्रैमासिक अवधिको अपरिस्कृत वित्तीय विवरणअनुसार ६ वटा बैंकको कर्जा निक्षेप अनुपात (सीसीडी) रेसियो ७९ प्रतिशतभन्दा माथि देखिएको छ। यस हिसाबमा ती बैंक थप कर्जा प्रवाह गर्न नसक्ने अवस्थामा पुगेका हुन्।

राष्ट्र बैंकको निर्देशनअनुसार वाणिज्य बैंकहरूले कुल निक्षेपको ८० प्रतिशतभन्दा बढी रकम ऋण प्रवाह गर्न मिल्दैन। यस अर्थमा बैंकहरुले सार्वजनिक गरेको वित्तीय विवरणअनुसार ती बैंक ठूलो मात्रको ऋण प्रवाह गर्न असक्षम देखिन्छ।

चालू आवको वित्तीय विवरणअनुसार ७९ प्रतिशतभन्दा बढी सीसीडी रेसियो हुने बैंकमा नेपाल बंगलादेश बैंक, बैंक अफ काठमाण्डू, माछापुच्छ्रे बैंक, कृषि विकास बैंक, हिमालयन बैंक र मेगा बैंक नेपाल रहेका छन्। त्यस्तै अन्य ७ बैंकको सीसीडी रेसियो पनि ७८ प्रतिशतभन्दा उकालो रहेको छ। तीमध्ये सानिमा र स्ट्यान्डर्ड चार्टर्ड बैंकको पनि सीसीडी रेसियो ७९ प्रतिशतको नजिक छ।

यस अवधिमा सबैभन्दा धेरै सीसीडी रेसियो कृषि विकास बैंकको रहेको छ। बैंकले ७९ दशमलव ५९ प्रतिशत सीसीडी रेसियो पुऱ्याउँदा माछापुच्छ्रे बैंकको पनि रेसियो ७९ दशमलव ५७ प्रतिशत रहेको छ। त्यसैगरी नेपाल मेगा बैंक नेपालको ७९ दशमलव ३७, हिमालयन बैंकको ७९ दशमलव ३, बैंक अफ काठमान्डुको ७९ दशमलव २४ र बंगलादेश बैंकको ७९ दशमलव १३ सीसीडी रेसियो रहेको छ।

यी बैंकलाई क्रमश: ७८ दशमलव ९९ र ७८ दशमलव ९७ प्रतिशत सीसीडी रेसियोसहित सानिमा र स्ट्यान्डर्ड चार्टर्ड बैंकले पछ्याएका छन्।

चालू आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधि समाप्तिसम्म सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकको सबैभन्दा सीसीडी रेसियो कम रहेको छ। बैंकको सीसीडी रेसियो ६९ दशमलव १२ प्रतिशत रहँदा सरकारी स्वामित्वको अर्को बैंक नेपाल बैंकको सीसीडी रेसियो ६९ दशमलव ८४ प्रतिशत रहेको छ।




| बैंक | निक्षेप संकलन (रु.) | कर्जा प्रवाह (रु.) |
|---|---|---|
| एभरेस्ट बैंक | १ खर्ब ३ अर्ब २९ करोड | ८४ अर्ब ७३ करोड |
| ग्लोबल आईएमई बैंक | १ खर्ब ४१ करोड | ८८ अर्ब ९ करोड |
| नेपाल बंगलादेश बैंक | ४१ अर्ब ८९ करोड | ४१ अर्ब ११ करोड |
| नेपाल एसबीआई बैंक | ८५ अर्ब १६ करोड | ७१ अर्ब ३४ करोड |
| सानिमा बैंक | ६८ अर्ब ३९ करोड | ६० अर्ब ५२ करोड |
| सिद्धार्थ बैंक | ८५ अर्ब ५६ करोड | ७५ अर्ब ६९ करोड |
| मेगा बैंक नेपाल | ४५ अर्ब ५७ करोड | ४० अर्ब ७६ करोड |
| लक्ष्मी बैंक | ६० अर्ब २७ करोड | ५५ अर्ब २ करोड |
| कुमारी बैंक | ५७ अर्ब ६८ करोड | ५० अर्ब ९२ करोड |
| सिटिजन्स बैंक इन्टरनेसनल | ५८ अर्ब ४६ करोड | ५३ अर्ब ३१ करोड |
| हिमालयन बैंक | ९२ अर्ब ९७ करोड | ८२ अर्ब ७५ करोड |
| नबिल बैंक | १ खर्ब २१ अर्ब | १ खर्ब |
| राष्ट्रिय वाणिज्य बैंक | १ खर्ब ४९ अर्ब | १ खर्ब १० अर्ब |
| एनआईसी एसिया बैंक | १ खर्ब २० अर्ब | १ खर्ब २ अर्ब |
| सनराइज बैंक | ६३ अर्ब २६ करोड | ५६ अर्ब २४ करोड |
| माछापुच्छ्रे बैंक | ६५ अर्ब ७९ करोड | ६० अर्ब २६ करोड |
| सिभिल बैंक | ३७ अर्ब | ३३ अर्ब ५५ करोड |
| प्रभु बैंक | ८६ अर्ब १२ करोड | ७१ अर्ब ६३ करोड |
| जनता बैंक | ५२ अर्ब ८० करोड | ४८ अर्ब ६९ करोड |
| नेपाल इन्भेस्टमेन्ट बैंक | १ खर्ब २९ अर्ब | १ खर्ब १३ अर्ब |
| बैंक अफ काठमान्डु | ७० अर्ब ४३ करोड | ६४ अर्ब ६६ करोड |
| सेञ्चुरी बैंक | ५२ अर्ब १७ करोड | ४७ अर्ब २ करोड |
| कृषि विकास बैंक | ९८ अर्ब १७ करोड | ९२ अर्ब ११ करोड |
| स्ट्यान्डर्ड चार्टर्ड बैंक | ६६ अर्ब ७ करोड | ४२ अर्ब ३५ करोड |
| नेपाल बैंक | ९१ अर्ब ८९ करोड | ७८ अर्ब ७१ करोड |
| एनसीसी बैंक | ५८ अर्ब ९१ करोड | ५१ अर्ब ४१ करोड |
| प्राइम कमर्सियल बैंक | ७१ अर्ब ६ करोड | ६२ अर्ब ६० करोड |
| एनएमबी बैंक | ८० अर्ब ५५ करोड | ७० अर्ब ९३ करोड |

स्रोत : सम्बन्धित बैंकद्वारा जारी दोस्रो त्रैमासको वित्तीय विवरण

**चालू आवको वित्तीय विवरणअनुसार ७९ प्रतिशतभन्दा बढी सीसीडी रेसियो हुने बैंकमा नेपाल बंगलादेश बैंक, बैंक अफ काठमाण्डू, माछापुच्छ्रे बैंक, कृषि विकास बैंक, हिमालयन बैंक र मेगा बैंक नेपाल रहेका छन्।**

यसैबीच नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालू आवको ५ महिनाको आर्थिक तथा वित्तीय स्थितिमा बैंक तथा वित्तीय संस्थाको कर्जा लगानी १६ दशमलव १ प्रतिशतले विस्तार भएको उललेख छ। यसअवधिमा निक्षेप परिचालन १२ दशमलव ७ प्रतिशतले बढेको छ। निक्षेपको तुलनामा बैंक तथा वित्तीय संस्थाले ३ दशमलव ४ प्रतिशत मात्र कर्जा लगानी बढाएको राष्ट्र बैंकले जनाएको छ। बैंकिङ प्रणालीमा तरलता कम भएपछि राष्ट्र बैंकले दुई साताको बीचमा ३० अर्ब रुपियाँ बजारमा पठाइ सकेको छ। तर, राष्ट्र बैंकले तरलता पठाए पनि लगानीयोग्य रकमको खभावमा बैंक तथा वित्तीय संस्थाले निक्षेप संकलन बढाइरहेका छन्।

बैंकहरुको दोस्रो त्रैमासको वित्तीय विवरणअनुसार यस अवधिमा सबैभन्दा धेरै निक्षेप संकलन गर्ने बैंक राष्ट्रिय वाणिज्य बैंक रहेको छ। बैंकले यस अवधिमा १ खर्ब ४९ अर्ब रुपियाँ निक्षेप संकलन गर्दा नेपाल इन्भेस्टमेन्ट बैंकले पनि १ खर्ब २९ अर्ब रुपियाँ निक्षेप संकलन गरेको छ।

यसैगरी नबिल बैंक र एनआईसी एसिया बैंकले पनि क्रमश: १ खर्ब २१ अर्ब र १ खर्ब २० अर्ब रुपियाँ निक्षेप संकलन गरेका छन्। यसअवधिमा नेपाल इन्भेस्टमेन्ट बैंकले १ खर्ब १३ अर्ब रुपियाँ कर्जा प्रवाह गरेकामा राष्ट्रिय वाणिज्य बैंक र एनआईसी एसिया बैंकको कर्जा प्रवाह पनि १ खर्ब १० अर्ब र १ खर्ब २ अर्ब रहेका छन्। नबिल बैंकको कर्जा प्रवाह पनि १ खर्ब रुपियाँ रहेको छ।

## PRESS RELEASE

### गण्डकी विकास बैंकको दुई शाखा खुले



काठमाडौं, (नेस)

गण्डकी विकास बैंकको रूपन्देहीस्थित कञ्चन शाखा र पश्चिम अमुवा शाखा स्थापना भएको छ। उक्त शाखाको उद्घाटन कञ्चन गाउँपालिकाका प्रमुख गोकर्ण वहादुर क्षेत्रीले गर्नुभयो भने पश्चिम अमुवा शाखाको उद्घाटन बैंकका अध्यक्ष जगनबहादुर गुरुङले गर्नुभयो।

बैंकले उक्त शाखाबाट निक्षेप संकलन, सर्वसुलभ कर्जा प्रवाहको साथमा आस्बा एटीएम मोबाइल बैंकिङ लघुवित्त सेवा, रेमिट्यान्स सेवासहितको पूर्ण बैंकिङ सेवा सञ्चालन गरिएको छ। गण्डकी विकास बैंक लिमिटेडले आव २०७४/७५ को दोस्रो त्रैयमासमा सञ्चालन मुनाफा ३२ करोड आर्जन गर्न सफल भएको थियो। सोही अवधिसम्म निक्षेप १९ अर्ब ९२ करोड रुपियाँ पुऱ्याएको छ भने कर्जातर्फ १७ अर्ब ५६ करोड रुपियाँ पुऱ्याएको छ।

### आइटेल मोबाइल अग्रस्थानमा

काठमाडौं, (नेस)



मोबाइल फोन निर्माता ट्रान्ससन् होल्डिङको आईटेलले नेपाली बजारमा १६ प्रतिशत हिस्सा ओगट्न सफल भएको दाबी गरेको छ। कम्पनी २०१७ को सेप्टेम्बरमा कम्पनीले विधिवत रूपमा नेपाली बजारमा प्रवेश गरेको थियो।

विगत ३ महिनामा आइटेल ब्रान्डले उल्लेखित बजार अंश ओगट्न सफल भएको नेपालको आयात तथ्यांकले पनि पुष्टि गर्ने कम्पनीको दाबी छ। ट्रान्ससन् नेपालले करिब ४ महिना अगाडि आइटेल, टेक्नो मोबाइल र ओराइमो सेट नेपाली बजारमा भित्र्याएको थियो।

ट्रान्स्सन नेपालले हालै क्यामन आई ब्रान्डका नयाँ मोबाइल सेट पनि नेपाली बजारमा बिक्री वितरण आरम्भ गरेको जनाएको छ। पहिलेका तीन ब्रान्डले बजारमा आफ्नो हिस्सा उल्लेखनीय रूपमा बढाइरहेको र क्यामन आईले पनि छोटो समयमै नेपाली ग्राहकको मन जित्ने कम्पनीले विश्वास लिएको प्रेस विज्ञप्तिमा उल्लेख छ।

फोटो खिच्नको लागि अत्यन्तै उपयुक्त क्यामन सिरिजका यी नयाँ सेटको क्यामेरामा १३ मेगापिक्सेल रियर, क्वाड एलईडी. लेन्स् फ्ल्यास एवम् ५पी लेन्सलगायत अन्य विशेषता रहेका छन्। यस्तै क्यामनका फोनमा भएको फूल भ्यू डिस्प्ले सुबिधाले भिडियो हेर्न, गेम खेल्न, इन्टरनेट चलाउन र अन्य कार्य गर्न पनि सरल र सहज हुने कम्पनीको दावी छ।

क्यामन आई ३ जीबी ऱ्याम, ३२ जीबी रोम एवम् १३ गिगाअर्ज क्वाड कोर प्रोसेसर भएको क्यामन आई पहेंलो, कालो र नीलो रंगमा उपलब्ध छ। यो मोबाइल सेटको बजार मूल्य १८ हजार ५ सय रुपियाँ तोकिएको छ।

### एनसीसी बैंकको नयाँ शाखा बर्दघाटमा

काठमाडौं, (नेस)

नेपाल क्रेडिट एन्ड कमर्स बैंकले नवलपरासीको बर्दघाट नगरपालिका-४, बर्दघाटमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ। एनसीसी बैंकको सञ्चालक समितिका सदस्य कृष्ण श्रेष्ठले नयाँ शाखाको उद्घाटन गर्नुभएको हो।

उक्त अवसरमा सञ्चालक कृष्ण श्रेष्ठले एनसीसी बैंकले नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार शहरी क्षेत्रमा मात्र केन्द्रित नभई ग्रामीण क्षेत्रमा समेत शाखा विस्तार गर्न लागेको बताउनु भएको थियो। त्यस्तै एनसीसी बैंक सञ्चालक समितिका अर्का सदस्य माधवप्रसाद भट्टले उक्त शाखामार्फत् विविध बैंकिङ सेवा प्रदान गर्दै सबै आर्थिक क्रियाकलापलाई बैकिङ सञ्जालमार्फत् जोडिने विचार व्यक्त गर्नुभयो।

## २५ करोडको वैदेशिक रोजगार बचतपत्र आउँदै

काठमाडौं, (नेस)

नेपाल राष्ट्र बैंकले २५ करोड रुपियाँको वैदेशिक रोजगार बचत पत्रका लागि आवेदन मागेको छ। राष्ट्र बैंकले उक्त परिमाणको बचत पत्र खरिद गर्न इच्छुक वैदेशिक रोजगारीमा संलग्न नेपाली नागरिक तथा गैरआवासीय नेपालीले बचतपत्र खरिदको लागि आवेदन खुला गरेको हो।

वैदेशिक रोजगार बचतपत्र २०७९ 'खु नाम दिइएको उक्त बचतपत्र ५ वर्षे अवधिका लागि निष्काशन गरिएको हो। उक्त बचतपत्रमा १० प्रतिशत ब्यादजर दिने र प्रत्येक ६/६ महिनामा ब्याज भुक्तानी गर्ने राष्ट्र बैंकले जनाएको छ। बचत पत्रको बिक्री खुला फागुन ३ गतेदेखि २३ गतेसम्म हुनेछ भने २८ गते निष्काशन गर्ने राष्ट्र बैंकले जनाएको छ।

बचतपत्रका लागि घटीमा पाँच हजार रुपियाँ र बढीमा ५ हजारले भाग गर्दा नि:शेष भाग जाने गरी रकमका लागि आवेदन गर्न सकिनेछ। यसमा खरिदकर्ता आफैंले वा इच्छाइएको व्यक्तिमार्फत् भुक्तानी लिन सकिने र आफ्नो बैंक खाता वा इच्छाइएको व्यक्तिको बैंक खातामा जम्मा हुने गरी ब्याज भुक्तानी लिन सकिनेछ।

## प्राधिकरणद्वारा ११ अर्बको अख्तियारी

काठमाडौं, (नेस)

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले निजी आवास पुनर्निर्माणका लागि विभिन्न जिल्लामा किस्ता वितरण गर्न थप ११ अर्बको अख्तियारी दिएको छ। प्राधिकरणले मंगलबार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको केन्द्रीय आयोजना कार्यान्वयन इकाईलाई यस्तो अख्तियारी दिएको हो।

सबै जिल्लामा निजी आवास निर्माण उल्लेखनीय गतिमा बढिरहेकाले अनुदान रकमको माग उच्च हुने सम्भावनालाई विचार गर्दै प्राधिकरणले थप रकमको अख्तियारी दिएको हो।

प्राधिकरणले जिल्लाबाट अनुदान मागको चाप बढ्न सक्ने स्थितिलाई विचार गरी थप ५ अर्ब रकमान्तरका लागि अर्थ मन्त्रालयलाई आग्रह पनि गरेको छ।

निजी आवास पुनर्निर्माण गरिरहेका लाभग्राहीलाई किस्तावापतको रकमका लागि कुनै समस्या नभएको प्राधिकरणले जनाएको छ। जिल्लाबाट माग भएअनुसार सबै जिल्लामा रकम पठाइएकाले ढुक्क भएर निजी आवास निर्माणलाई अघि बढाउन लाभग्राहीलाई प्राधिकरणको आग्रह छ।

पछिल्ला महिनामा भूकम्पप्रभावित सबै जिल्लामा निजी आवास निर्माणको क्रम तीव्र भएको छ। मंगलबारसम्म २ लाख ९१ हजार ८ सय ९५ घर निर्माणाधीन छन् भने दोस्रो किस्ताका लागि २ लाख २७ हजार ८ सय ५४ लाभग्राही प्रमाणीकरण भइसकेका प्राधिकरणले जनाएको छ। निजी आवास निर्माणका लागि विश्व बैंकले दिने थप ३० अर्ब ऋण सहयोगको यही माघ पहिलो साता विश्व बैंक र अर्थ मन्त्रालयबीच सम्झौता भइसकेको छ।

## राणा र प्रभुबीच वार्ता

काठमाडौं, (नेस)

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणाले आफ्नो भारत भ्रमणका क्रममा त्यहाँका वाणिज्यमन्त्री सुरेश प्रभुसँग नयाँ दिल्लीमा भेटवार्ता गर्नु भएको छ।

भारतको उतराखण्डको देहेरादूनमा आयोजित दोस्रो 'नेपाल-भारत व्यापार मेला तथा पर्यटन महोत्सव-२०१८" उद्घाटन समारोहमा भाग लिन त्यसतर्फ जानु भएकी महासंघका अध्यक्ष राणा र भारतीय वाणिज्य मन्त्रीबीचको भेटवार्ताका क्रममा महासंघले आयोजना गर्न लागेको नेपाल-भारत आर्थिक सम्मेलन र दुई देशबीचको आर्थिक व्यावसायिकलगायतका विविध विषयमा छलफल गर्नुभएको महासंघले जनाएको छ।

सो अवसरमा भारतीय वाणिज्य मन्त्री प्रभुले नेपाललाई सबै प्रकारको सहयोग गर्न भारत सदैव तयार रहेको विश्वास दिलाउनुभयो। महासंघले आयोजना गर्ने कार्यक्रममा सहभागी हुने विश्वाससमेत उहाँले अध्यक्ष राणासमक्ष दिलाउनु भएको महासंघद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

## पेट्रोलियम पाइपलाइन निर्माणले गति लियो

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल-भारत पेट्रोलियम पाइपलाइन निर्माणको आयोजनाले गति लिएको छ। पाइपलाइनमा चाहिने पाइप नेपाल भित्रिन थालेपछि आयोजनाले गति लिने भएको हो। साथै वातावरण मन्त्रालयबाट क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची स्वीकृत भइसकेकाले आयोजनाले गति लिएको हो।

मन्त्रालयको स्वीकृत गरेको कार्यसूचीका आधारमा प्रस्तावक आयल निगमले वातावरण प्रभाव मूल्यांकन (ईआईए) प्रतिवेदन तयार गरेर आपूर्ति मन्त्रालयमामार्फत वातावरण मन्त्रालयले फेरि अध्ययन गरेर निर्माणकार्य गर्नको लागि निगमलाई स्वीकृत प्रदान गर्नेछ। 'अब हामीले पहिलो चरणको काम पूरा गरेर सम्बन्धित मन्त्रालयमा पत्र पठाएका छौं। अब जति छिटो दोस्रो (ईआईए) चरणको प्रतिवेदन आउँछ त्यति छिटो निगमले फिल्डमा गएर काम गर्न अनुमति पाउँछ,' मन्त्रालयका उपसचिव ज्वाला श्रेष्ठले जानकारी दिनुभयो। गत शुक्रबारनै मन्त्रालयबाट सम्बन्धित निकायलाई पत्र गइसकेको श्रेष्ठले जानकारी दिनुभयो।

हाल करिब ११ मिटर लम्बाई रहेको १० दशमलव ७५ इन्च मोटाइको स्टिल एमएस पाइपलाइन भारतबाट आइरहेका छन्। पहिलो चरणमा ९ गाडी दोस्रो चरणमा १३ ट्रक पाइप आएको थियो। १ ट्रकमा ३३ देखि ३५ वटा पाइप आइरहेको छ। यसका अलवा निर्माणका लागि चँहिने मेसिनहरू क्रेनलगायतका निर्माण उपकरण ल्याएको रक्सौल-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन आयोजनाका मेकानिकल इन्जिनियर सरोजप्रसाद पौडेलले बताउनुभयो।

काम शुरू भएको आगामी ३६ महिनामा भारतको मोतीहारीबाट निगमको अमलेखगन्ज डिपोमा पुऱ्याएर जोडिने पौडेलले जानकारी दिनुभयो। वातावरणीय प्रभाव मूल्यांकनको प्रतिवेदन हेरेर र सो रुटमा पर्ने रुख कटानको अनुमति दिन समेत बँकी रहेको छ।

भारतीय आयल कर्पोरेसन (आईओसी) ले अनुदानमा बनाइदिन लागेको रक्सौलदेखि अमलेखगन्जसम्मको पेट्रोलियम पाइपलाइन पूर्वाधार निर्माण सामग्री राख्नको लागि वीरगञ्जमा रहेको चिनी कारखानाको २ विगाहा जग्गा भाडामा लिएको छ। मासिक २ लाख ३० हजारमा भाडा तिर्ने गरी नेपाल आयल निगमले सो जग्गा भाडामा लिएको हो।

सन् २०१५ को अगस्ट २४ मा नेपाल आयल निगम र भारतीय आयल कर्पोरिसनबीच सो परियोजना निर्माण गर्ने सहमति भएको थियो। सहमतिमा काम शुरू भएको २ वर्षभित्र सक्ने सहमति भए पनि नाकाबन्दीले गर्दा आयोजनाले गति लिन सकेको थिएन भने आयोजनामा दुवै पक्षको नीतिगत निर्णयमा ढिलाइ हुँदा निर्माण प्रक्रिया ढिलो शुरू भएको थियो। निगमका अनुसार सन् २०१६ को जुलाईबाट मात्र आयोजनाको काम शुरू भएको थियो। पहिले रक्सौल-वीरगन्ज-अमलेखगन्ज पाइपलाइन परियोजना ३६ दशमलव २ किलोमिटरको दूरीमा रहेको भए पनि हाल भने मोतीहारीदेखि अमलेखगन्जसम्म विस्तार गर्ने लागिएको हो। भारतले पटनादेखि मोतीहारी साढे ३३ किलोमिटर र मोतीहारीदेखि रक्सौल ४३ किलोमिटर र रक्सोलदेखि अमलेखगन्ज ३६ दशमलव २ एकै चरणमा भारत सरकारले बनाउन लागेको हो।

पहिलो चरणको यो आयोजना निर्माणसँगै एलपीजी ग्यासको पाइपलाइन निर्माणमा समेत आईओसी सकरात्मक रहेको निगमले बताएको छ। निर्माण सम्पन्नपछि साथै पाइपलाइनलाई अलेखगन्जबाट विस्तार गरी चितवनसम्म पुऱ्याउने सरकारको लक्ष्य रहेको छ, यसमा भारत सरकारसमेत सकरात्मक रहेको छ।



कुल २ अर्ब ७५ करोड भारतीय रुपियाँमा परियोजना निर्माण हुन लागेको हो। त्यसमध्ये आईओसीको २ अर्ब र नेपालको ७५ करोड भारतीय रुपियाँ खर्च हुने छ। यसमध्ये ७५ प्रतिशत लगानी आईओसी र बाँकी २५ प्रतिशत लगानी नेपाल आयल निगमले गर्नेछ। पाइपलाइनबाट प्रतिघण्टा १ सय ९१ किलोलिटर पेट्रोलियम रक्सौलबाट अमलेखगन्जसम्म आउने छ। त्रिभुवन राजपथको किनारैकिनार जमिनमुनि बिछ्याइने छ। पाइपलाइन निर्माण भएपछि ढुवानी खर्चमा निगमको वार्षिक प्रत्यक्ष र अप्रत्यक्ष रूपमा खर्च भइरहेको करिब १ अर्ब रुपियाँ बचत हुने निगमका निमित्त प्रमुख सुशील भट्टराईले जानकारी दिनुभयो।

नेपाल र भारत पेट्रोलियम पाइपलाइन निर्माणको स्थलगत अध्ययनका र अवलोकनको लागि भारतीय आयल कर्पोरिसन आईओसीको टोली गत मंसिरमा नेपाल आएको थियो । निर्माणाधीन पाइपलाइन निर्माणको प्रगति विवरणबारे अध्ययन गर्न आईओसीका निर्देशक अनिश अग्रवालसहितको टोली नेपाल आएको थियो।

जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# बर्दियामा कबड्डी एकेडेमी

काठमाडौं, (नेस)

बर्दियामा नेपालकै पहिलो कबड्डी एकेडेमी बन्ने भएको छ। राखेपले बर्दियाको बास्गढी- ४ स्थित मगर गाउँमा रहेको ८ विघा जग्गामा एकेडेमी बनाउन लागेको हो। एकेडेमी बनाउन करिब ५० करोड खर्च लाग्ने र २ वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको राखेपका प्रेस सल्लाहकार रोहित दाहालले बताए। उनका अनुसार तत्कालका लागि आठौं राष्ट्रिय खेलकुदको कबड्डी त्यही गराउने गरी काम अगाडि बढाइने छ।

# निम्सको जित

काठमाडौं, (नेस)

आयोजक नितेन मेमोरियल स्कुल (निम्स) ले सातौं जितेन ठकुरी स्मृति अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा मंगलबार दोहोरो जित हात पारेको छ। निम्सको ब्वाइज र गर्ल्स दुवै टोलीले जित हात पाऱ्यो। ब्वाइजमा निम्सले श्रीदिवालाई १९-१० ले र गर्ल्समा मोनास्टिकलाई २६-१० ले हरायो। ब्वाइजको अन्य खेलमा द स्काइलार्कले द चाँदबागलाई २५-१९, रेडिअन्तले माउन्ट कैलाशलाई ३५-३१ तथा लभ्ली एन्जलले मोनास्टिकलाई ३७-१५ र श्रीदिवालाई २४-१४ ले पन्छाए। गर्ल्समा लभ्ली एन्जलले मोनास्टिकलाई १६-१२ ले निराश पाऱ्यो भने श्रीदिवाले स्किब्सलाई १६-१२ पाखा लगायो।

# बदला लिँदै न्यु डायमन्ड च्याम्पियन

नेपाल समाचारपत्र

काठमाडौं

शिवम् न्यु डायमन्ड कप राष्ट्रिय खुला महिला भलिबल प्रतियोगिताको उपाधि आयोजककै शिवम् न्यु डायमन्ड एकेडेमीले जितेको छ।

मंगलबार नयाँ बसपार्कस्थित ढोरपाटन भलिबल प्रशिक्षण केन्द्रको कोर्टमा भएको फाइनल खेलमा न्यु डायमन्डले कडा प्रतिस्पर्धा गरेर उपाधि जितेको हो। गत साता एपीएफले यही भएको डबल लिग भलिबल प्रतियोगितामा न्यु डायमन्डलाई हराएर उपाधि हात पारेको थियो। यसैको बदला पुरा गरेर न्यु डायमन्डले उपाधिमाथि कब्जा गरेर १ लाख ५१ हजार नगद पनि प्राप्त गऱ्यो। एपीएफले १ लाख १ हजार रुपियाँमा चित्त बुझाएको थियो।

खेलमा पहिलो सेट चाहिँ एपीएफले नै जितेको थियो। २६-२४ मा यो सेट जितेपछि विभागिय टोलीले न्यु डायमन्डमाथि दबाब बढाउने संकेत देखायो। तर न्यु डायमन्डले उत्कृष्ट पुनरागमन गरेर एपीएफको उपाधि आशा तुहाइदियो।




टोलीले २५-२३, २८-२६, २५-२३ ले लगातार सेट जितेको थियो। यो खेल जित्न प्रतिभा मालीले अलराउन्ड प्रदर्शन गरिन्। उनले स्पाइकबाट ४४, सर्भिसबाट ५ र ब्लकबाट ३ अंक जोडेकी थिइन्। यसैवापत उनी उत्कृष्ट खेलाडी घोषित हुँदै १० हजार नगदको हकदार समेत भइन्।

प्रतियोगितामा उत्कृष्ट हुनेमा न्यु डायमन्डका खेलाडीकै वर्चश्व रह्यो। ललिता नाथ, पनामिका राई, सबिना श्रेष्ठ र कृपा अधिकारी क्रमशः क्वीकर, सर्भर, लिब्रो र सेटरमा उत्कृष्ट भएका हुन्। यसैगरी अन्यमा एपीएफकी सरस्वती चौधरी स्पाइकमा र आर्मीकी संगम महत्तो ब्लकरमा उत्कृष्ट भएका थिए। उनीहरुले जनहि ५ हजार नगद प्राप्त गरेका थिए। त्यस्तै विजेता टोलीका प्रशिक्षक कुमार राई आफनो विधामा उत्कृष्ट हुँदै १५ हजार नगद प्राप्त गरे।

त्यस्तै तेस्रो स्थानको लागि भएको खेलमा त्रिभुवन आर्मीले पश्चिमाञ्चलको टप्स उच्च माविलाई २५-१६, २६-२४ र २५-२१ को सेटमा पराजित गऱ्यो। आर्मीले ५१ हजार र टप्सले २१ हजार नगद प्राप्त गरेका थिए। यो राष्ट्रिय प्रतियोगिता भने पनि चार टोलीले मात्रै सहभागिता जनाएका थिए।

## धरहरा

### नलगाऊ ट्याग

हास्य कलाकारद्वय सीताराम कट्टेल 'धुर्मुस' र कुञ्जना घिमिरे 'सुन्तली'को परिचय कलाकारितमा मात्रै सीमित छैन। पछिल्लो समयमा कलाकारिताभन्दा बढी समाजसेवामा उनीहरु क्रियाशील छन्। रौतहटका दलित परिवारलाई एकीकृत नमूना वस्ती हस्तान्तरण गरेपछि चर्चा उनैको छ।

मंगलबार राष्ट्रपतिलाई समेत निम्ता गरेर धुर्मुस सुन्तलीले गत साउनमा बाढी र डुवानमा परेका दलित परिवारलाई घर हस्तान्तरण गरे। सामाजिक सञ्जाल यही विषयले छाएको छ। त्यही कारणले होला रष्ट्रिय राजनीतिका नेताहरु अहिले ओझेलमा पऱ्या छन्। धुर्मुस सुन्तलीको सक्रियता कारण धेरै नेताज्यूहरुलाई निकै खटपट पर्न थाल्या धरहराले देख्न सुन्न थाल्या छ।

आफ्नु अगुवाइमा हुनुपर्ने/गरिनुपर्ने काम हास्य कलाकारलेधमाधम गर्नथालेपछि विचरा! नेता किन नहोस टेन्सन? धेरै संघ/संस्थाले नेतालाई अतिथि र प्रमुख



अतिथीका रुपमा निम्तो बाढ्ने गरेका छन्, आफ्ना कार्यक्रममा अनिवार्य आउन आग्रह गरेर ठूलै सम्मान दिइरहेका छन्। तर अब त्यस्तो निम्तो र सम्मानको भाउ कलाकारद्वयतर्फ मोडिने हो कि भन्ने नेताज्यूहरुलाई झन् ठूलो टेन्सन छ।

त्यस्तो सम्भावना बुझ्न ढिलो नगर्ने हाम्रा नेताहरुले अब कुन दिनदेखि धुर्मुस सुन्तली त आफ्नै पार्टीका सक्रिय कार्यकर्ता हुन् भनेर पार्टीको ट्याग लगाउन बेर छैन। सम्भावना त्यस्तो बढ्या बेला धरहरा भने कलाकारद्वयलाई कुनै पनि पार्टीको ट्याग नर्भिन सुझाव दिन्छ।

## एपीएफको जित

*काठमाडौं, (नेस)*

*पाँचौं नेपाल एपीएफ स्कुल कप आधारभूत तह आमन्त्रित फुटबल प्रतियोगिताको पहिलो दिन आयोजक एपीएफ स्कुलसहित नेपाल पुलिस स्कुल र ब्राइट होराइजन चिल्ड्रेन्स होम स्कुलले विजयी शुरुआत गरेका छन्।*

*मंगलबार नेपाल एपीएफ स्कूलमा भएको उद्घाटन खेलमा एपीएफले ग्रिन लन्स एकेडेमीलाई २-० ले तथा ब्राइट होराइजनले एभर भिजन सेकेन्डरी स्कुललाई ३-१ गोलको अन्तरमा पराजित गरेको हो।*

*यसै गरी पुलिसले पुष्पसदन आवासीय माध्यमिक विद्यालयलाई ३-१ गोल अन्तरले हराएको थियो।*

## इपीएसमा दौड सम्पन्न

*काठमाडौं, (नेस)*

*एन.के.सिंह मेमोरियल इङ्लिस प्रिपरेटरी मावि (इपीएस) नयाँ बानेश्वरको स्वर्ण जयन्तीको अवसरमा अन्तर माध्यमिक विद्यालयस्तरीय दौड प्रतियोगिता सम्पन्न भएको छ। उक्त प्रतियोगितामा १४ वर्ष उमेर समूहका विद्यार्थीबीच गराइएको दौडअन्तर्गत १ सय मिटर छात्रातर्फ वृहस्पति विद्यासदन स्कुल नक्सालकी सोफिया प्रसाईं पहिलो भइन्। छात्रा २ सय मिटरमा सैनिक आवासीय मावि भक्तपुरकी गंगा थापाले जितिन्। यस्तै छात्रतर्फ १ सय मिटरमा जेम्स स्कूल धापाखेलका गिरिशराज थापा प्रथम हुँदा २ सय मिटरमा सैनिकका सन्तोष विष्टले पहिलो स्थान हासिल गरे। उक्त प्रतियोगितामा २ स्वर्ण, १ रजत र दुई कास्यसहित सैनिक आवासीय पहिलो भएको थियो।*

## फरेस्ट्री विजेतालाई १ लाख

*हेटौंडा, (नेस)*

*हेटौंडामा रहेको वनविज्ञान क्याम्पसले फागुन १५ गतेबाट फरेस्ट्री इन्टरटेक्निकल फुटबल गोल्डकप २०७४ गर्ने भएको छ।*

*नेपाल विद्यार्थी संघ वनविज्ञान क्याम्पस हेटौंडा एकाइले प्रथम हुनेलाई १ लाख र दोस्रो हुनेलाई ५० हजार र म्यान अफ सिरिजलाई १० हजार पुरस्कार दिइने जनायो। नकआउटका आधारमा खेलाइने खेलमा १६ देखि २४ टिम रहने संयोजकले बताए। विद्यार्थी संघले पहिलोपटक ठूलो पुरस्कार राशिको गोल्डकप गराउन लागेको हो।*

## पाइलट गल्फर्स फेरि हुने

*काठमाडौं, (नेस)*

*पाइलट गल्फर्स एनपीजीए क्लासिक बुधबारदेखि रोयल नेपाल गल्फ कोर्स (आरएनजीसी) मा शुरू हुने भएको छ। ५४ होलमा खेलाइने प्रतियोगिता पहिलो र दोस्रो चरण आरएनजीसीमा हुने र फाइनल चरण गोकर्ण गल्फ क्लबमा हुनेछ। तीन दिने हुने प्रतियोगिता २००९ पछि फेरि हुन लागेको हो। यसअघि सन् २००७ मा पाइलट गल्फरहरुले प्रतियोगिता आयोजना गरिएको थियो। नेपालका नम्बर एक गल्फर शिवरामसहित अन्य चर्चित खेलाडीको सहभागिता हुने प्रतियोगिताको विजेताले ५५ हजार नगद प्राप्त गर्नेछन्।*

# मायांका र माहिकाको जोडी क्वाटरफाइनलमा

काठमाडौं, (नेस)

नेपाल आईटीएफ जुनियर यु १८ टेनिस प्रतियोगिताको सर्किट १ अन्तर्गत मायांका र माहिका राणाको जोडीले महिला डबल्सतर्फ क्वाटरफाइनलमा स्थान सुरक्षित गरेको छ।

राणा दिदीबहिनीले मंगलबार भएको खेलमा ताइपेईंकी स्किया कुङ र जापानकी मानामी उकिताको जोडीलाई ६-७, ६-०, १०-८ को सेटमा हराएर अन्तिम आठमा स्थान बनाएका हुन्। दोस्रो सेट सहजै जितेपनि निर्णायक सेटमा सर्भिस ब्रेक गर्न नसक्दा नेपाली खेलाडीलाई जित्न धेरै समय लागेको थियो। त्यस्तै प्रेरणा कोइरालाले पनि डबल्सतर्फ अन्तिम आठको यात्रा तय गरिन्। उनले अमेरिकाकी रुतुजा छफ्हल्करसँग मिलेर नेपाली जोडी अभिलाषा विष्ट र इरा रावतलाई ६-२, ६-२ को सोझो सेटमा हराए।

महिला डबल्समै नेपालकी अन्य खेलाडी प्रकृति श्रेष्ठले पनि अन्तिम आठमा स्थान बनाइन्। उनले भारतकी श्रीनिधि श्रीधरसँग जोडी बनाएर भारतकी गौरी अग्रवाल र मा कारमेन्सीटालाई ६-३, १-६, ११-९ सेटले हराएका थिए। त्यस्तै महिला सिंगल्समा नेपालकी एनी माथेमाले अन्तिम १६ मा पुगिन्। एनीले भारतकी चरिथा पाटलोलालाई तीन सेटमा पराजित गरेकी थिइन्। उनले सो खेल ४-६, ६-४, ६-४ ले जितेकी थिइन्।



# करियर र कौस्तुप प्रिक्वाटरमा

काठमाडौं, (नेस)

करियर बिल्डिङ इन्टरनेसनल एकेडेमी र कौस्तुप एकेडेमीले तेस्रो अर्किड कप अन्तरविद्यालय छात्र सेभेन ए साइड फुटबल प्रतियोगितामा मंगलबार प्रिक्वाटरफाइनलमा प्रवेश गरेका छन्।

करियरले गोठाटारलाई ३-१ गोलले पराजित गऱ्यो। करियरका अशिम गिरी, सुजन भट्टराई र विशाल पन्तले १-१ गोल गरे। गोठाटारका निरजजंग थापाले सान्त्वना गोल फर्काए। कस्तुपले न्यु मोनास्टिकलाई २-० गोलले हरायो। लक्ष्मण गुरुङ र राविन बमले गोल गरे।

अन्य खेलमा विनायकले ग्लोबल पब्लिकलाई ४-० गोलले पन्छायो। सतिश थापा, अशिम थापा, मन्जिल भुजेल र सुजन ब्लोरीले गोल गरे। पुष्प वाटिकाले नेपाल तारामाथि १-० को कठिन जित दर्ता गऱ्यो। नवीन गौतमले निर्णायक गोल गरे। साहिल बत्स्यालको निर्णायक गोल मद्दतमा ग्रामर पब्लिकले भीमेश्वरलाई १-० को झिनो गोलअन्तरले पाखा लगायो। विजेतात्रय पनि प्रिक्वाटरफाइनलमा स्थान सुरक्षित गर्न सफल भए।

# पिस प्वाइन्ट क्वाटरफाइनलमा

काठमाडौं, (नेस)

पिस प्वाइन्ट दोस्रो नेफ-साइपाल यु-१६ फाइभ ए साइड उपत्यकाव्यापी छात्र फुटबल प्रतियोगितामा मंगलबार क्वाटरफाइनलमा प्रवेश गरेको छ। पिस प्वाइन्टले गोल्डेनपिकलाई २-० गोलले पराजित गऱ्यो। त्यस्तै नेपालयले तारा सदनलाई ३-१ तथा नेबरहुडले बाल विकासलाई टाइब्रेकरमा ४-२ ले हराउँदै क्वाटरफाइनलमा स्थान सुरक्षित गरे।

अन्य खेलमा दीप ज्योतिले पञ्चायणलाई ५-३ र बुद्ध ज्योतिलाई ५-२, पारामाउन्ट एकेडेमीले ओसिस्लाई २-१, हिमालयन भ्यालीले माउन्ट ग्लोरी 'बी' लाई ३-१, हिमरश्मीले एक्टिभलाई ४-०, त्रिवेणीले ज्ञान चक्षुलाई ४-० तथा नेसनल युनाइटेडले हिमालयलाई ३-२ ले पाखा लगाए।

# अन्तिममा चेल्सी वाटफोर्डसँग स्तब्ध




लन्डन, (एजेन्सी)

प्रिमियर लिगको डिफेन्डिङ च्याम्पियन चेल्सीलाई वाटफोर्डले सोमबार राति भएको खेलमा ४-१ गोलअन्तरले स्तब्ध तुल्याएको छ।

खेलको ३०औं मिनेटमा टिमोएउ बाकायोकोले दोहोरो पहेँलो कार्ड पाएपछि दश खेलाडीमा खुम्चिएको चेल्सीविरुद्ध घरेलु टोली वाट्फोर्डले त्यसपछि गोलको वर्षा गऱ्यो। खेलको ४२औं मिनेटमा पहिलो गोल भएको थियो। ट्रोए डिनेले पेनाल्टीमार्फत गोल गर्दै घरेलु टोली वाट्फोर्डलाई शुरुआती अग्रता दिलाएका थिए।

पहिलो हाफसम्म एक गोलले अघि रहेको वाट्फोर्डविरुद्ध खेलको ८२औं मिनेटमा चेल्सीका इडेन हजार्डले बराबरी गोल फर्काएका थिए। तर अन्तिम ६ मिनेट सम्हालिन नसक्दा चेल्सीले प्रिमियर लिगमा नराम्रो हार बेहोर्नुपऱ्यो। ८४औं मिनेटमा डाएल जनमातले गोल गर्दै खेललाई २-१ को स्थितिमा ल्याएका थिए। त्यसपछि ८८औं मिनेटमा जेराई डेउलोफेउले तेस्रो गोल सम्भव पारे। यसैगरी इन्जुरी समयको पहिलो मिनेटमा रोवर्ट पाएराले गोल गर्दै वाट्फोर्डको जित ४-१ ले सुनिश्चित पारे। हारपछि २६ खेलबाट ५० अंक रहेको चेल्सी चौथो स्थानमा यथावत छ। २६ खेलबाट ३० अंक जोडेको वाट्फोर्ड पनि ११औं स्थानमा यथावत नै रहेको छ।

# थ्रीस्टार बुढासुब्बाको सेमिफाइनलमा

काठमाडौं, (नेस)

धरानमा जारी २०औं बुढासुब्बा रेडबुल गोल्डकप फुटबल प्रतियोगिताअन्तर्गत ललितपुरे टोली थ्रीस्टारले सेमिफाइनलमा स्थान सुरक्षित गरेको छ।

मंगलबार भएको खेलमा थ्रीस्टारले सुदूरपश्चिम ११ लाई ४-० गोलअन्तरले हराएको हो। टोलीको जितमा निराजन खड्काले ह्याट्रिक गर्दा एक गोल सुनिल बलले गरे। बिहीबार अन्तिम चारको खेलमा थ्रीस्टारले भारतको कोलकाता दुर्गापुर स्टिल एफसीसँग खेल्नेछ। दुर्गापुरले धरानलाई हराएको थियो। अर्को सेमिफाइनल खेलमा नेपाल पुलिस क्लबको सामना संकटा क्लबसँग हुनेछ।

निराजनले खेलको सातौं मिनेटमा गोल गरेर टोलीलाई अग्रता दिलाएका थिए। सुनीलले ३७औं मिनेटमा गोल गरेपछि टोली पहिलो हाफमा २-० ले अगाडि रह्यो। दोस्रो हाफमा दुबै गोल निराजनको खातामा गयो र उनले ह्याट्रिक पूरा गरेका थिए। उनले ५४औं मिनेटमा र इन्जुरी समयमा गोल गरेपछि म्यान अफ द म्याच बन्दै १० हजारसमेत प्राप्त गरे।

# कार्ल्सवर्गको विजेताले सालाहलाई दिए अवार्ड

नेपाल समाचारपत्र

काठमाडौं

कार्ल्सवर्गको फर्च्युन फेबर्स द फयान्स, प्रोब्याब्लीका विजेता रबिन श्रेष्ठले फेब्रुवरी ४ मा एन्फिल्ड स्टेडियम लिभरपुलमा भएको लिभरपुल विरुद्ध टोटेनह्यामको खेलमा मोहमद सालाहलाई कार्ल्सवर्ग म्यान अफ द म्याच अवार्ड प्रदान गरे।

लिभरपुल एफसीसँगको आफ्नो साझेदारीको २५औं वार्षिकोत्सवको उत्सव मनाउनका लागि कार्ल्सवर्गले फर्च्युन फेबर्स द फयान्स, प्रोब्याब्ली क्याम्पियनको लक्की ड्रबाट छानिएका ३ विजेताहरुलाई लिभरपुल पठाए। भाग्यशाली विजेताहरु रबिन श्रेष्ठ (रीफ रेस्टुरेन्ट एन्ड लाउन्ज बार), शालिग्राम कडेल (अमृत ट्रेडर्स) र दवाङ तमाङ (ईबिजा लाउन्ज एण्ड बार) थिए। विभिन्न मडियाको अगाडि लक्की ड्र यही पौष १४ गते गरिएको थियो।




Mr. Rabin Shrestha
Winner of Fortune Favours the Fans presenting
**Carlsberg Man of the Match to Mohamed Salah**

कार्ल्सवर्गले यो जीवनमा १ पटक आउने अवसरलाई नेपालका लिभरपुलका फयानहरुका लागि एन्फिल्ड स्टेडियम लिभरपुलमा लिभरपुल विरुद्ध टोट्टेन्हम्को खेल प्रत्यक्षरूपमा हेर्न भीआईपी हस्पिट्यालिटी प्याकेज जित्ने अवसरको सृजना गरेको थियो। यो विशेष क्याम्पियनमा भाग लिनका लागि कार्ल्सवर्गका उपभोक्ताहरुले कार्ल्सवर्ग बोटलको खरिद गर्नुपर्ने थियो।

लक्की ड्रका लागि मान्य हुनका लागि उपभोक्ताहरुले हरेक कार्ल्सवर्ग बोटलको खरिदमा आउने एउटा कुपन भर्नुपर्ने हुन्छ।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ